सबैका लागि शिक्षाको विश्वव्यापी अनुगमन प्रतिवेदन

२०१२

सबैका लागि शिक्षा



# युवा र सीप

## शिक्षा र कामको आबद्धता







सारांश

United Nations
Educational, Scientific and
Cultural Organization

# युवा र सीप
## शिक्षा र कामको आबद्धता

# सारांश

UNESCO
संयुक्त राष्ट्र संघीय
शैक्षिक, वैज्ञानिक तथा
सांस्कृतिक संगठन

युनेस्को
प्रकाशन

यो प्रतिवेदन अन्तर्राष्ट्रिय समुदायका तर्फबाट युनेस्कोको सहयोगमा गठित टोलीले एउटा स्वतन्त्र प्रकाशनका रूपमा तयार पारेको हो। यो प्रकाशन प्रतिवेदन टोलीका सदस्यलगायत अन्य थुप्रै व्यक्ति, संस्था तथा सरकारको संयुक्त प्रयत्नको प्रतिफल हो।

यसमा उल्लिखित उपाधि तथा विषयवस्तुको प्रस्तुतिलाई कुनै मुलुक, क्षेत्र, सहर वा त्यसका प्राधिकार क्षेत्र वा सीमाका कानुनी स्थितिका बारे युनेस्कोले व्यक्त गरेका धारणाका रूपमा लिइने छैन।

यस प्रतिवेदनमा समावेश गरिएका तथ्य तथा तिनका बारेमा व्यक्त धारणाप्रति सबैका लागि शिक्षाको विश्वव्यापी अनुगमन प्रतिवेदन टोली नै जिम्मेवार हुनेछ। त्यसका लागि युनेस्कोको कुनै जिम्मेवारी रहने छैन।


सबैका लागि शिक्षाको विश्वव्यापी अनुगमन प्रतिवेदन टोली

Director: Paulin Rose

Kwame Akyeampong, Manos Antoninis, Mandeleine Barry, Nicole Bella,
Stuart Cameron, Erin Chemery, Dederick de Jongh, Marcos Delparto,
Hans Botnen Eide, Joanna Harma, Andrew Johnston, Lena Krichewsky,
Francois Leclercq, Elise Legault, Leila Loupis, Alasdair McWilliam,
Patrick Montjourides, Karen Moore, Claudin Mukizwa, Judith Randrianatoavina,
Kate Redman, Maria Rojnov-petit, Marisol Sanjines, Martina Simeti, Asma Zubairi


सबैका लागि शिक्षाको अनुगमन प्रतिवेदन एउटा वार्षिक तथा स्वतन्त्र प्रकाशन हो। यसका लागि युनेस्कोले सहजीकरण र सहयोग उपलब्ध गराउँछ।

यस प्रतिवेदनका बारेमा थप जानकारी चाहिएमा तलको ठेगानामा सम्पर्क राख्नुहुन अनुरोध छ।


ठेगाना:
सबैका लागि शिक्षाको अनुगमन प्रतिवेदन टोली,
मार्फत युनेस्को, ७, प्लेस डे फोन्टेनोइ,
७५३५२ पेरिस, ०७ SP, फ्रान्स
इमेल: efareport@unesco.org
टेलिफोन: +३३१४५६८०७४१
www.efareport.unesco.org


सबैका लागि शिक्षाको विश्वव्यापी अनुगमनका पूर्व प्रतिवेदनहरू:

- २०११ अदृश्य विपत्ति : सशस्त्र द्वन्द्व र शिक्षा
- २०१० सीमान्तकृत समूहमा पहुँच
- २००९ असमानताको निराकरण: सुशासनले किन महत्व राख्छ ?
- २००८ सन् २०१५ सम्ममा सबैका लागि शिक्षा: यो सार्थक होला ?
- २००७ मजबुत जग: प्रारम्भिक शिशु स्याहार र शिक्षा
- २००६ जीवनका लागि साक्षरता
- २००५ सबैका लागि शिक्षा: गुणात्मकता अपरिहार्य
- २००३/४ लैङ्गिकता र सबैका लागि शिक्षा - समानतातर्फको फड्को
- २००४ सबैका लागि शिक्षा: विश्व सही दिशमा छ ?

प्रतिवेदनको छपाइ पश्चात प्राप्त हुने त्रुटिहरू WWW.efareport मार्फत अनलाइन सुधार गरिनेछ।


© युनेस्को, २०१२
सर्वाधिकार सुरक्षित



प्रथम संस्करण
सन् २०१२
संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन
७, प्लेस डे फोन्टेनोइ, ७५३५२ पेरिस ७ SP, फ्रान्स

ED-2012/WS/13

ग्राफिक डिजाइन: एफ एच आई ३६०
रुप विन्यास : एफ एच आई ३६०

लाइब्रेरी अफ कङ्ग्रेसमा सूचीकृत तथ्याङ्क
तथ्याङ्क उपलब्ध छन्
युनेस्कोद्वारा टाइपसेट गरिएको
ISBN ९७८-९२-३-१०४२४०-९

नेपाली अनुवाद
ISBN ९७८-९९३७-८४४६-४-२

नेपाली मुद्रण : क्वालिटी प्रिन्टस्, काठमाण्डौं, नेपाल

आवरण चित्र
© युनेस्को/साराह विल्किन्स

# प्राक्कथन

*सबैका लागि शिक्षाको विश्वव्यापी प्रतिवेदन*को दशौं संस्करण उपयुक्त रूपले सामयिक हुन सकेको छैन । सबैका लागि शिक्षाको तेस्रो उद्देश्य सबै युवालाई सीप हासिल गर्ने अवसर सुनिश्चित गर्नु हो । सन् २००० पछि मात्र यस उद्देश्यले महत्व पाउन थालेको हो ।

विश्वभर फैलिएको आर्थिक मन्दीले बेरोजगारी बढाएको छ । आज विश्वमा प्रति ८ युवामध्ये एक जना रोजगारीको खोजीमा भौँतारिइरहेको अवस्था छ । युवा समुदायको सङ्ख्या अत्यन्त ठूलो र निरन्तर बढ्दो क्रममा छ र तिनको प्रगति एवं समृद्धि तिनले आर्जन गर्ने सीपमा निर्भर गर्दछ । यस्ता सीपको आर्जन शिक्षा र तालिमबाट मात्र सम्भव छ । अतः युवालाई सीपको अवसर सुनिश्चित गर्ने उद्देश्यको प्राप्तिमा असफल हुनु भनेको मानिसको आर्थिक क्षमता तथा सम्भावना खेर फाल्नुसरह हो ।

*सबैका लागि शिक्षाको यस विश्वव्यापी अनुगमन प्रतिवेदन*ले शिक्षा प्रदान गर्नु भनेको बालबालिकालाई विद्यालय प्रवेशको अवसर सुनिश्चित गर्नु मात्र होइन; बरु युवालाई जीविकोपार्जनका लागि राम्रा कामका अवसर प्राप्त गर्न तथा समुदाय एवं समाजमा सफल सहभागिताका लागि आवश्यक क्षमता सुनिश्चित गरेर भावी जीवनका लागि तयार राख्नु हो भन्ने यथार्थतर्फ सचेत गराएको छ । अझ व्यापक अर्थमा भन्ने हो भने शिक्षा दिनु भनेको राष्ट्रहरूलाई विश्व अर्थतन्त्रका लागि चाहिने श्रमशक्तिको निर्माणमा सहयोग पुऱ्याउनु हो ।

प्रारम्भिक शिशु स्याहार तथा शिक्षाका अवसरमा वृद्धि तथा प्राथमिक शिक्षामा लैङ्गिक समानता सुनिश्चित गर्ने लगायत सबैका लागि शिक्षाका ६ ओटै उद्देश्य प्राप्तिमा हासिल गरिएको प्रगतिलाई नकार्न मिल्दैन । तथापि उद्देश्य प्राप्तिको निर्धारित मिति आइपुग्न केवल ३ वर्ष मात्र बाँकी रहेको अवस्थामा विश्वले यसतर्फ सही लिक समातेको देखिँदैन । कतिपय उद्देश्यको प्राप्तिमा अझै अनिश्चयको स्थिति छ । सन् २००० पश्चात पहिलो पटक विद्यालय बाहिर रहेको विद्यालय उमेरका बालबालिकाको सङ्ख्यामा वृद्धिको क्रम रोकिनु सकारात्मक हो । प्रौढ साक्षरता तथा शैक्षिक गुणस्तरमा शीघ्र सुधारको आवश्यकता छ ।


हालका परिस्थितिले उपयुक्त सीप विकासका कार्यक्रममा सबैको समन्यायिक पहुँच सुनिश्चित गर्न अबेर भइसकेकोतर्फ इङ्गित गरेका छन् । कम आय समूहका मुलुकका सहरी जनसङ्ख्यामा तीव्र वृद्धि हुने भएकाले त्यस्ता क्षेत्रका युवालाई गरिबीबाट मुक्त पार्न उपयुक्त सीपको खाँचो पर्दछ । ग्रामीण क्षेत्रका युवालाई वातावरणीय परिवर्तन, कृषि व्यवसायको साँघुरिँदो स्थितिको प्रभाव तथा कृषिबाट फुर्सद हुने समयको सदुपयोग गर्न सघाउने उपयुक्त संयन्त्रको विकास गर्नु जरुरी छ । प्रतिवेदनले संसारभर लगभग २०० मिलियन युवाहरूलाई कामका अवसर हासिल गर्न चाहिने सीप आर्जनका लागि आधारभूत साक्षरता तथा गणितीय सीप सिकाइको दोस्रो अवसर प्रदान गर्नं आवश्यक रहेको देखाएको छ । यी सबैमध्ये महिला र गरिब बढी मारमा परेका छन् ।

सन् २०१५ सम्ममा निर्धारित उद्देश्य प्राप्ति र त्यस पछिका लागि मार्ग प्रशस्त गर्न गरिब तथा बेरोजगार युवाहरूको बढ्दो सङ्ख्याप्रति ध्यान दिनु नितान्त आवश्यक छ । यसो भए मात्र सन् २०३० सम्ममा निम्न माध्यमिक तहका सर्वव्यापी शिक्षा हासिल हुन सक्नेछ, र यो गर्नैपर्छ ।

दातृ निकायहरूका प्रतिबद्धतामा कमी आउन सक्ने आशङ्का देखापर्नु चिन्ताजनक छ । अहिले राष्ट्रहरूका शिक्षाका बजेटमा स्रोतको अभाव खड्कँदो अवस्थामा रहे पनि सन् २००० पछि हासिल गरिएका महत्वपूर्ण उपलब्धिलाई गुमाउने जोखिम मोल्न कदापि हुँदैन । शिक्षामा गरिएका लगानीले एउटा मानिसको जीवनमा १० देखि १५ गुणासम्म आर्थिक क्षमता बढाउँछ भन्ने यथार्थलाई यस प्रतिवेदनले उजागर गरेको छ । भविष्यका लागि लगानी गर्ने समय अहिल्यै हो ।

उपलब्ध स्रोत को अधिकतम उपयोग हुनु जरुरी छ। सरकार तथा दातृ निकायहरूले शिक्षालाई निरन्तर रूपले प्राथमिकतामा राख्नुपर्दछ।मुलुकहरूले आफ्ना लाखौं युवाको जीवनमा समृद्धि सुनिश्चित गराउन चाहिने सीपको विकासका लागि आफूसँग भएका स्रोत साधनको सघन उपयोगमा ध्यान दिनैपर्दछ । शिक्षाका सबै रणनीतिले जुनसुकै स्रोतको लगानी गर्दा गरिब तथा उपेक्षित वर्गलाई उच्च प्राथमिकतामा राख्नु जरुरी छ।

सबै स्थानका युवामा असीम सम्भावना लुकेको हुन्छ, जसको विकास गराउनु जरुरी छ। मलाई विश्वास छ, यस प्रतिवेदनले विश्वव्यापी रूपमा बालबालिका तथा युवाहरूलाई शिक्षा प्रदान गर्नका लागि उत्प्रेरकको भुमिका निर्वाह गर्ने छ, जसले गर्दा तिनले अझ बढी आत्मविश्वासका साथ यस संसारको स्वागत गर्न सकून्, आफ्ना महत्वाकाङ्क्षा पूरा गरुन् र आफूले रोजेको जीवनयापन गर्न सकून्।



इरिना बोकोभा
महानिर्देशक, युनेस्को

# परिचय

सबैका लागि शिक्षाका उद्देश्य हासिल गर्न तोकिएको समयावधि ३ वर्ष मात्र बाकी रहेको वर्तमान अवस्थामा सेनेगलको डकारमा १६४ राष्ट्रले जाहेर गरेको संयुक्त प्रतिबद्धता पूर्ण हुने कुराको सुनिश्चितता अत्यन्त जरुरी छ। भविष्यमा शिक्षाका अन्तर्राष्ट्रिय उद्देश्यलाई परिभाषित गर्न र सबै साझेदारका बाचा पूरा गराउन चाहिने संयन्त्रको तर्जुमा गर्न सघाउने हेतुले हालका प्रयत्नबाट पाठ सिक्न पनि त्यत्तिकै जरुरी छ।

*सबैका लागि शिक्षाको विश्वव्यापी अनुगमनको वर्तमान प्रतिवेदन*ले कतिपय उद्देश्य प्राप्तिमा प्रगतिको रफ्तार घट्दै गएको र अधिकांश उद्देश्य पूरा हुने सम्भावना क्षीण रहेको दूर्भाग्यपूर्ण अवस्था देखाएको छ। समग्रमा परिदृश्य धूमिल देखिए पनि विश्वका कतिपय गरिब मुलुकहरूमा त्यहांका सरकारी प्रतिबद्धता तथा दातृनिकायका सहयोगका कारण निर्धारित उद्देश्य पूरा हुने सम्भावना देखिएका छन्। ती मुलुकहरूमा पूर्व प्राथमिक विद्यालय जाने, प्राथमिक शिक्षा पूरा गर्ने र माध्यमिक शिक्षामा प्रवेश गर्नेको सङ्ख्या तीव्र गतिले बढिरहेको छ।

*सन् २०१२ को सबैका लागि शिक्षाको विश्वव्यापी अनुगमन*को प्रतिवेदन मूलतः दुई खण्डमा विभाजित छ। पहिलो खण्डमा सबैका लागि शिक्षाका ६ उद्देश्य प्राप्तिमा भएका प्रगति र सोका लागि गरिएका लगानीको सिंहावलोकन गरिएको छ। दोस्रो खण्डमा युवाका लागि आवश्यक सीपको विकासमा विशेष केन्द्रित रहेर सबैका लागि शिक्षाको तेस्रो उद्देश्यमा भएका प्रगतिको लेखाजोखा गरिएको छ।

## झलकहरू

- उद्देश्य १: प्रारम्भिक बाल स्याहार तथा शिक्षामा सुधारको गति ज्यादै मन्द छ। सन् २०१० मा ५ वर्ष मुनिका २८ प्रतिशत बालबालिकाको वृद्धि र विकासमा अवरोध आयो र विश्वका आधाभन्दा घटी बालबालिकाले मात्र पूर्व प्राथमिक शिक्षा पाए।


- उद्देश्य २: विश्वव्यापी प्राथमिक शिक्षा प्राप्तितर्फका प्रगति प्रभावकारी हुन सकेनन्। २०१० मा विद्यालयबाहिरका विद्यालय उमेर समूहका बालबालिकाको सङ्ख्या विश्वभरमा ६१ मिलियन कायम रह्यो, जसमा ४७ प्रतिशतले विद्यालय जाने अपेक्षा कहिल्यै गरेनन्।

- उद्देश्य ३: धेरै युवाहरू आधारभूत सीपबाटै वञ्चित रहे। १२३ न्युन तथा मध्यम आयस्तरका मुलुकमा १५ देखि २४ वर्ष उमेर समूहका लगभग २०० मिलियनले प्राथमिक शिक्षा समेत पूरा गरेनन्। यो सङ्ख्या प्रति ५ जनामध्ये १ जना हुन आउँछ।

- उद्देश्य ४: प्रौढ साक्षरताको उद्देश्य प्राप्ति ज्यादै दुरुह रहन गयो। सन् १९९० र २०१० का बीच निरक्षर प्रौढको सङ्ख्या केवल १२ प्रतिशतले मात्र घट्यो। उक्त अवधिमा लगभग ७७५ मिलियन प्रौढहरू निरक्षर रहे। यसको दुई तिहाइ सङ्ख्या महिलाको रहन गयो।

- उद्देश्य ५: लैङ्गिक विभेदका धेरै खाले स्वरूप देखापरे। २०१० सम्म १७ ओटा त्यस्ता मुलुक थिए, जसमा दश जना केटाका तुलनामा ९ भन्दा कम केटीहरूले प्राथमिक विद्यालयमा सहभागिता जनाए। लैङ्गिक समानता नभएका ९६ मुलुकमध्ये आधाजसोमा केटाहरू पछाडिएका अवस्थामा पाइयो।

- उद्देश्य ६: विश्वव्यापी रूपमा सिकाइउपलब्धिका स्तरमा ठूलो अन्तर देखापर्‍यो। कक्षा ४ मा पुग्नुपर्ने झन्डै २५० मिलियन बालबालिका पढ्न तथा लेख्नसमेत असफल देखिए।



# भाग १. सबैका लागि शिक्षाका लक्ष्यहरूको अनुगमन



## प्रारम्भिक शिशु स्याहार र शिक्षाको विस्तार

शैशवावस्थामै बालबालिकाका भावी शिक्षाको सफलताको जग हालिने हुनाले यस अवस्थाको महत्व ठूलो छ । त्यसकारण सबैका लागि शिक्षा कार्यक्रममा प्रारम्भिक शिशु स्याहार तथा शिक्षाले केन्द्रीय स्थान पाउनुपर्दछ ।

भोका, कुपोषित वा बिरामी बालबालिकाले भावी सिकाइ तथा रोजगारीका लागि चाहिने सीप हासिल गर्न सक्दैनन् । प्रारम्भिक शिशु स्वास्थ्यमा सुधारका सङ्केतहरू देखिएका भए पनि केही मुलुकमा यस्ता सुधारका गति ढिलो भएकाले तिनले अन्तर्राष्ट्रिय विकासका लक्ष्य भेट्ने सम्भावना कम छ । सन् १९९०-२००० मा बाल मृत्यु दरमा आएको १.९ प्रतिशतको कमी सन् २०००-२०१० का दशकसम्ममा २.५ प्रतिशत पुग्यो । हालका अध्ययनले प्रजनन उमेरका महिलाहरूलाई बढी शिक्षा प्रदान गर्न सके विद्यमान शिशु मृत्यदरलाई आधाले घटाउन सकिने तथ्य उजागर गरेका छन् ।

**सन् २०१० मा ५ वर्षभन्दा मुनिका १७१ मिलियन बालबालिका सामान्य वा गम्भीर रूपले पुड्कोपनाका सिकार थिए**

आज जन्मिएका बालबालिका १९९० का भन्दा ३ प्रतिशतले बढी बाच्छन् । यो जानकारी उत्साहजनक भए पनि अझै आज पनि २८ मध्ये सब-सहारा अफ्रिकामा २५ यस्ता मुलुक छन्, जहाँ जन्मिएका १०० मध्ये १० भन्दा बढी बालबालिका ५ वर्षको उमेर नपुग्दै मर्दछन् ।

बाल मृत्युका कारक तत्वहरूमध्ये कुपोषण प्रमुख हो । कुपोषणले बालबालिकाको मानसिक विकास तथा सिक्ने क्षमतामा ह्रास ल्याउँछ । शारीरिक वृद्धि उमेरका अनुपातमा कम हुनु वा पुड्कोपना देखिनु कुपोषणको लक्षण हो । सन् २०१० मा संसारभर ५ वर्षभन्दा कम उमेरका १७१ मिलियन बालबालिका हल्का वा गम्भीर रूपका पुड्कोपनाका सिकार रहेका पाइएको थियो । यही प्रवृत्ति कायम रहने हो भने सन् २०१५ सम्ममा संसारभर ५ वर्षमुनिका बालबालिकामध्ये पुड्कोपनाको सिकार हुनेको सङ्ख्या १५७ मिलियन अर्थात् हरेक चारमध्ये एकको अनुपात कायम रहनेछ ।

ग्रामीण क्षेत्रका गरिब परिवारमा पुड्कोपनाको सिकार हुनेको सङ्ख्या बढी पाइएको छ । किनभने पोषण भनेको भोजनको उपलब्धि मात्र होइन । पोषण भन्नाले खाद्यान्न, उपयुक्त स्वास्थ्य सेवा, खाने पानी तथा सरसफाइको सेवामा पहुँच सुनिश्चित हुनु हो । गरिबहरू यस्ता सेवाका अवसरबाट सामान्यतया वञ्चित रहन्छन् । उदाहरणका लागि नेपालमा धनी परिवारका २६ प्रतिशतका तुलनामा गरिब परिवारका ५६ प्रतिशत बालबालिका कुपोषणको सिकार रहेको पाइएको छ । यो अनुपात सहरी क्षेत्रमा २७ र ग्रामीण क्षेत्रमा ४२ प्रतिशत थियो । वर्तमानमा देखिएको खाद्यवस्तुको मूल्यस्थितिको अस्थिरता, मौसम परिवर्तन तथा द्वन्द्व स्थितिले संसारका धेरै भागमा कुपोषणको समस्या अझ विकराल हुने अनुमान गर्न सकिन्छ ।

तर कतिपय मुलुकका अनुभव हेर्दा सुदृढ राजनीतिक प्रतिबद्धता भएमा पोषणका स्थितिमा प्रस्ट सुधार ल्याउन सकिने देखाएका छन् । ब्राजिलले दुई दशकभन्दा छोटो समयावधिमा कुपोषणको स्थितिमा सहरी तथा ग्रामीण क्षेत्रबीचको फरकलाई समाप्त पारेर देखाइदियो । यसका लागि आमाहरूको शिक्षास्थितिमा गरिएको सुधार, मातृ-शिशु स्वास्थ्य सेवाका पहुँचमा भएको वृद्धि, खाने पानी तथा सरसफाइका प्रावधान तथा अन्य कतिपय लक्षित सामाजिक सुधारका कार्यक्रमहरूले संयुक्त रूपमा प्रभाव पारेको देख्न सकिन्छ । यसै अवधिमा बोलिभिया, ग्वाटेमाला तथा पेरुमा समान आयस्तर रहेका अन्य मुलुकभन्दा कुपोषणको मात्रामा वृद्धि भएको देखिएको छ ।

बालबालिकालाई विद्यालय शिक्षाका लागि तयारी गराउनमा गुणस्तरीय पूर्व प्राथमिक शिक्षाको अहम् भूमिका हुन्छ । अस्ट्रेलिया, भारत, मोजाम्बिक, टर्की तथा उरुग्वे जस्ता भिन्न सामाजिक आर्थिक परिस्थिति भएका मुलुकहरूमा गरिएको अध्ययनले पूर्व प्राथमिक शिक्षाबाट अल्पकालीन तथा दीर्घकालीन दुवै प्रकारका फाइदा हुने देखाएका छन् । यस्ता फाइदाहरूमध्ये साक्षरता तथा गणितीय सीपको विकासलगायत ध्यान केन्द्रित गर्ने, प्रयत्न गर्ने एवं अग्रसरता लिने क्षमता आदि छन्, जसले शिक्षा तथा रोजगारीमा राम्रा प्रतिफल दिलाउन मद्दत गर्छन् ।

सन् २००९ मा अन्तर्राष्ट्रिय विद्यार्थी उपलब्धि कार्यक्रम (पिसा) ले गरेको एक परीक्षणले ६५ मध्ये ५८ मुलुकका कम्तीमा एक वर्षको पूर्व प्राथमिक शिक्षा पाएका १५ वर्ष उमेर समूहका विद्यार्थीले आफूभन्दा राम्रा सामाजिक-आर्थिक पृष्ठभूमि भएका सोही उमेर समूहका तर पूर्व प्राथमिक शिक्षा नलिएका विद्यार्थीको भन्दा राम्रो उपलब्धि स्तर हासिल गरेको देखायो । अस्ट्रेलिया, ब्राजिल र जर्मनीमा सामाजिक आर्थिक पृष्ठभूमि नियन्त्रण गरिएका अवस्थामा पूर्व प्राथमिक शिक्षाको फाइदा एक वर्षको विद्यालय शिक्षा बराबर हुने पाइयो ।

सन् १९९९ यता पूर्व प्राथमिक शिक्षामा भर्ना हुने बालबालिकाको सङ्ख्यामा आधाले वृद्धि भएको छ । तथापि धनी मुलुकका ५० प्रतिशत र गरिब मुलुकका छमध्ये पाँच जना बालबालिकाले पूर्व प्राथमिक शिक्षा लिँदैनन् । बिडम्बना के छ भने जुन समुदायले बढी फाइदा लिनुपर्ने हो, त्यो समुदाय पूर्व प्राथमिक शिक्षाबाट वञ्चित छ । नाइजेरियामा २० प्रतिशत धनी परिवारबाट तीनमध्ये दुईजना बालबालिका पूर्व प्राथमिक शिक्षा कार्यक्रममा जान्छन् भने त्यसको तुलनामा २० प्रतिशत गरिब परिवारबाट प्रति दश जनामध्ये एक भन्दा घटीले मात्र (हेरौं तालिका १) ।

पूर्व प्राथमिक शिक्षामा न्यून पहुँचको प्रमुख कारण कम लगानी हो । पूर्व प्राथमिक शिक्षाका लागि अधिकांश मुलुकमा कुल शिक्षा बजेटको १० प्रतिशत भन्दा कम रकम विनियोजन हुने गरेको छ । गरिब मुलुकहरूमा यो अनुपात अझ कम छ । नेपाल तथा नाइजरले यस क्षेत्रमा कुल राष्ट्रिय उत्पादनको ०.१ प्रतिशत खर्च गर्दछन् भने मादागास्कर तथा सेनेगलले ०.०२ प्रतिशतभन्दा कम मात्र ।

पूर्व प्राथमिक शिक्षामा सरकारी लगानी कम हुनुको परिणमस्वरूप औसत भर्नादरको ३३ प्रतिशत हिस्सा निजी विद्यालयले ओगटेको छ । पूर्व प्राथमिक शिक्षाको कुल भर्नादर केबल १० प्रतिशत मात्र रहेको सिरिया गणतन्त्रमा निजी प्रावधानको आयतन ७२ प्रतिशत रहेको यथार्थले त्यहाँ सार्वजनिक क्षेत्रको लगानी कम भएको स्पष्ट सङ्केत गरेको छ ।

शुल्क लिएर पढाउने निजी विद्यालयहरूको विस्तारले गरिब परिवारको हित गर्छ भन्नु यथार्थ परक मान्न सकिन्न । त्यस्ता विद्यालयमा गरिब परिवारका छोराछोरी भर्ना हुने सम्भावना पनि रहँदैन । भारतको आन्ध्रप्रदेशका ग्रामीण क्षेत्रका २० प्रतिशत धनी परिवारमा पूर्व प्राथमिक शिक्षाको भर्नादर सबै भन्दा बढी रहेको छ । त्यहाँका गरिब परिवारका एक तिहाइ बालबालिका सरकारद्वारा सञ्चालित पूर्व प्राथमिक विद्यालय जान्छन् ।

अवसर भएर मात्र पुग्दैन, सेवाका गुणस्तरको पनि त्यत्तिकै महत्व रहन्छ । चाइना, पेरु तथा संयुक्त गणतन्त्र तान्जानियाका ग्रामीण क्षेत्रका पूर्व प्राथमिक विद्यालयमा जाने बालबालिकाले सिकाइका स्रोत सामग्रीको अभाव र कम योग्यता भएका शिक्षकले पढाउने कोचाकोच गरी बस्नुपर्ने सहरी क्षेत्रका कक्षाहरूको भन्दा राम्रो स्तरका सेवा प्राप्त गर्दछन् ।


बालबालिकालाई पूर्व प्राथमिक शिक्षाको पूरा लाभ सुनिश्चित गर्न रणनीतिगत सुधारका प्रयासको आवश्यता पर्दछ । यस्ता सुधारका रणनीति अन्तर्गत सुविधामा विस्तार, मूल्यमा सहुलियत, पूर्व प्राथमिक र प्राथमिक शिक्षाबीच सम्बन्ध कायम राख्ने उपयुक्त तरिकाको खोजी तथा पूर्व प्राथमिक शिक्षाका गतिविधिलाई प्रारम्भिक बाल विकासका व्यापक क्षेत्रसँग समन्वयजस्ता कुराहरू पर्दछन् ।

बालबालिकाका अवस्थाको सुधारका लागि सन्तुलित प्रयासको महत्वलाई आत्मसात गर्दै यस वर्षको प्रतिवेदनले विकास गरेको सूचकाङ्कले शिशु स्याहार तथा शिक्षाको विस्तारको मूल्याङ्कनलाई शिशु स्वास्थ्य, पोषण र शिक्षा तीन पक्षमा आधारित गरेको छ । कतिपय मुलुकले (जस्तै चिली) यी

**सेनेगलले पूर्व विद्यालय शिक्षामा कुल गार्हस्थ आयको 0.02 प्रतिशतभन्दा कम खर्च गर्छ**

**चित्र १: मुलुकहरूबीच पूर्व प्राथमिक शिक्षाको भर्ना दरमा ठूलो विषमता देखिएको छ**

सहरी तथा ग्रामीण अवस्थिति, सामाजिक-आर्थिक स्थिति र लैङ्गिक भिन्नताका आधारमा ३६ देखि ५९ महिनाका बालबालिकाको पूर्व प्राथमिक शिक्षामा भर्ना दर




टिप्पणीः माथिका ३ मुलुकहरूमा पूर्व प्राथमिक शिक्षाका लागि बालबालिकाको उमेर औपचारिक रूपमा ३ देखि ५ वर्ष तोकिएको छ । नाइजेरियामा ग्रामीण क्षेत्रका लागि सबैभन्दा गरिब ४० प्रतिशत परिवार तोकिएको छ ।

स्रोतः मल्टिपल इन्डिकेटर्स क्लस्टर सर्भे डाटामा आधारित सबैका लागि शिक्षा विश्वव्यापी अनुगमन प्रतिवेदन, २०१२

तीनै पक्षको विकासमा सन्तुलन कायम राख्न सकेका छन्  र कतिपयले (जस्तै नाइजर) यस्तो सन्तुलन कायम राख्न सकेका छैनन् । अन्य मुलुकहरूमा कुनै सूचकमा उच्च र कुनैमा न्यून प्रगति देएिको छ, जसले विशिष्ट खालका समस्याको सङ्केत गर्दछन् । उदाहरणका लागि जमैका र फिलिपिन्स दुवै मुलुकमा शिशु मृत्युदर समान अर्थात् जीवित जन्मिएका प्रति हजार ३० शिशुको मृत्यु हुने अभिलेख छ । तर तिनको शैक्षिक उपलब्धिको रेकर्ड भने भिन्नाभिन्नै छ । फिलिपिन्समा ३ देखि ७ वर्षको उमेर समूहका ३८ प्रतिशत बालबालिका मात्र पूर्व प्राथमिक वा प्राथमिक विद्यालय जान्छन् भने जमैकामा सोही उमेर समूहमध्ये ९० प्रतिशत जान्छन् । यस तथ्यले प्रारम्भिक बाल विकासका सबै पक्षमा समान महत्व प्रदान गर्नुपर्नेतर्फ सङ्केत् गरेको छ ।


## सर्वव्यापी प्राथमिक शिक्षाका लक्ष्य प्राप्तिको स्थिति

**सब-सहारा अफ्रिकामा सन् २००८ र २०१० का बीच विद्यालय बाहिर रहेका बालबालिकाका सङ्ख्या १.६ मिलियन थियो**

अहिलेकै प्रवृत्ति कायम रहेको खण्डमा सर्वव्यापी शिक्षाका उद्देश्यमा असफलता हात लाग्ने मात्र नभई तोकिएका लक्ष्य र प्राप्तिको यथार्थबीच चौडा खाडल रहने कुरा अवश्यम्भावी छ । विद्यालय उमेर समूहको ठूलो जमातलाई विद्यालयमा पुऱ्याउन गरिएका डकार विश्व शिक्षा फोरमकालीन कार्ययोजनामा अहिले विराम लागिसकेको छ । सन् १९९९ मा १०८ मिलियन बालबालिका विद्यालय बाहिर रहेकोमा हाल यो सङ्ख्या घटेर ६१ मिलियन कायम भएको छ । तर यो प्रगतिको तीन चौथाइ १९९९ देखि २००४ का बीचमा हासिल भएको हो । २००८ देखि २०१०का बीच यस सूचकमा शून्यप्राय: प्रगति रहन गएको छ (हेरौं, चित्र २) ।

**चित्र २: डकार सम्मेलनका प्रारम्भिक वर्षमा आएको विद्यालयबाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाको सङ्ख्या, जसमा हाल बिराम लागिसकेको छ**

सन् १९९९-२०१० बीच विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाको सङ्ख्या




स्रोत: Annex Statistical Table 5; UIS database

दक्षिण तथा पश्चिम एसिया र सब-सहारा अफ्रिकाले सन् १९९९ मा सबैका लागि शिक्षाको अभियान थाल्दा विद्यालयबाहिर रहेका बालबालिकाको सङ्ख्या लगभग ४० मिलियन थियो । अहिले यी मुलुकहरूले आ-आफ्नै गतिमा उल्लेख्य प्रगति गरेका छन् । १९९९ देखि २००८ बीचको अवधिमा दक्षिण तथा पश्चिम एसियामा विद्यालयबाहिर रहेका विद्यार्थीको सङ्ख्यामा २९ मिलियनले गिरावट आएको छ जब कि सोही अवधिमा सब-सहारा अफ्रिकामा ११ मिलियनले मात्र गिरावट ल्याउन सकियो ।सन् २००८ र २०१० का बीच सब-सहारा अफ्रिकामा विद्यालयबाहिर रहेका बालबालिकाको सङ्ख्यामा १.६ मिलियनले बढोत्तरी भयो, जब कि यसै अवधिमा दक्षिण तथा पश्चिम एसियामा ०.६ मिलियनले गिरावट आयो । सब-सहारा अफ्रिकामा हाल विद्यालयबाहिर रहेका बालबालिकाको सङ्ख्या घटाउने प्रयासमा अहिले बिराम लागिसकेको छ ।

तथ्याङ्क सङ्कलनमा सामेल मुलुकमध्ये विश्वका विद्यालयबाहिर रहेका कुल बालबालिकाको आधा सङ्ख्या १२ मुलुकमा मात्र छन् । विद्यालयबाहिर रहेका बालबालिकाको सबैभन्दा ठूलो सङ्ख्या भएका ६ मध्ये एक मुलुक नाइजेरिया हो । तथ्याङ्कअनुसार त्यहाँमात्र १०.५ मिलियन विद्यालयबाहिरका बालबालिका छन् (हेरौं चित्र ३) । सन् २००० मा भन्दा २०१० मा त्यहाँको विद्यालयबाहिरका बालबालिकाको सङ्ख्या ३.६ मिलियनले बढेको देखियो, जब कि इथियोपिया र भारतमा सो अवधिमा यसमा नाटकीय रूपले कटौती हुन सक्यो । भारतमा २००८ मा यो सङ्ख्या २००१ को भन्दा १८ मिलियनले कम भएको थियो ।

विद्यालयबाहिरका बालबालिकामध्ये केही पछि गएर पुन: विद्यालय प्रवेश गर्न सक्छन्, कतिपयले विद्यालय छोड्न सक्छन्, कतिपय कहिल्यै विद्यालय नजान सक्छन् । २०१० मा विद्यालयबाहिर रहेका बालबालिकाको ४७ प्रतिशत कहिल्यै विद्यालय प्रवेश नगर्ने खालका थिए । विद्यालयमा भर्ना हुने सम्भावना नभएका विद्यालयबाहिरका बालबालिकाको प्रतिशत निम्न आय समूहका मुलुकमा सबैभन्दा बढी अर्थात् ५७ प्रतिशत थियो । यसमा केटीहरूको प्रतिशत बढी रहेको अनुमान छ ।

सन् २०१५ भन्दा ठीक ५ वर्षअगाडि २९ मुलुकहरूको खुद भर्नादर ८५ प्रतिशतभन्दा कम पाइएको छ । यी मुलुकहरूले निर्धारित समयसीमाभित्र सर्वव्यापी शिक्षाका उद्देश्य हासिल गर्न सक्ने सम्भावना कम मात्र छ ।

विद्यालय प्रवेश गर्ने औपचारिक उमेर कटाएर सन् २०१० मा विद्यालय भर्ना भएका बालबालिकाले २०१५ मा विद्यालय चक्र पूरा गर्न सक्ने छैनन् । २०१० मा ७० मुलुकको खुद प्रवेश दर ८० प्रतिशतभन्दा कम थियो ।


सर्वव्यापी शिक्षाको प्रमुख चुनौती भनेको नै कसरी औपचारिक उमेरका बालबालिकालाई विद्यालय भित्र्याउनु र अपेक्षित प्रगतिका साथ निर्धारित समयमा विद्यालय चक्र पूरा गर्ने स्थिति सुनिश्चित गर्नु भन्ने हो । प्रस्तुत प्रतिवेदनले २००५ र २०१० का बीच २२ मुलुकमा गरिएको घरधुरी सर्भेक्षणको विश्लेषणले ३८ प्रतिशत

विद्यार्थी औपचारिक उमेरभन्दा २ वर्ष ढिलो विद्यालय भर्ना हुने गरेको देखाएको छ। माथिको विश्लेषणमा समाविष्ट सब-सहारा अफ्रिकी मुलुकमा ४१ प्रतिशत बालबालिका विद्यालय भर्ना हुने औपचारिक उमेरभन्दा २ वा बढी वर्षले ढिलो भर्ना भएका थिए।

बस्तीभन्दा विद्यालय टाढा हुने भएकाले अधिकांश गरिब परिवारका बालबालिका ढिलो विद्यालय प्रवेश गर्छन्। त्यस्ता

**चित्र ३: नाइजेरियामा विद्यालयबाहिरका बालबालिकाको सङ्ख्या ठूलो र बढ्दो क्रममा छ**

२००१ देखि २०१० बीच प्राथमिक विद्यालय उमेरका विद्यालय बाहिरका बालबालिकाको दर र सङ्ख्या




टिप्पणीः फोकाको आकारले विद्यालयबाहिर रहेका बालबालिकाको सङ्ख्याको अनुपात दर्शाउँछ । फोकाभित्रका अङ्कले विद्यालय बाहिरका बालबालिकाको सङ्ख्या जनाउँछ । नाइजेरियाका निमित्त सन् २००१ मा देखाइएका तथ्याङ्क २००२ का हुन् । भारत निमित्त २०१० का भनिएका तथ्याङ्क २००८ का हुन् ।

स्रोतःUIS database

बालबालिकाको कमजोर स्वास्थ्य स्थिति लगायत अभिभावकमा छोराछोरीलाई निर्धारित उमेरमा विद्यालय पठाउनुको महत्वको जानकारी नहुनु यसका प्रमुख कारण हुन्। कोलम्बियामा धनी परिवारबाट ११ प्रतिशतका तुलनामा गरिब परिवारबाट ४२ प्रतिशत बालबालिका औपचारिक उमेर भन्दा २ वा बढी वर्षले ढिलो विद्यालय प्रवेश गर्छन्।

विद्यालयमा ढिलो भर्ना हुने बालबालिकाले निर्धारित समयावधिभित्र पढाइचक्र पूरा गर्नेमा आशङ्का रहन्छ। ठीक उमेरमा विद्यालय भर्ना हुने विद्यार्थीभन्दा बढी उमेरमा भर्ना भएका विद्यार्थीले कक्षा ३ सम्ममा विद्यालय छोड्ने सम्भावन प्रबल रहन्छ।गरिबीले पनि विद्यार्थीको छिटै विद्यालय छोड्न सक्ने सम्भावनालाई बढाउँछ। युगान्डामा धनी परिवारबाट १०० मा ९७ बालबालिका प्राथमिक विद्यालयमा भर्ना हुन्छन् र ८० जना निर्धारित समयमा अन्तिम कक्षासम्म पुग्छन्, जब कि गरिब परिवारबाट १०० मध्ये ९० जना मात्र प्राथमिक विद्यालयमा भर्ना हुन्छन्, जसमध्ये केवल ४९ जना निर्धारित समयमा अन्तिम कक्षासम्म पुग्छन्।

गरिब तथा पिछडिएका वर्गका बालबालिकालाई ठीक उमेरमा विद्यालय भित्रिन र प्रणालीगत प्रगतिका साथ निर्धारित समयभित्र पढाइ पूरा गर्नका बाधक तत्वहरू निर्मूल पार्नका लागि सम्पूर्ण प्रणालीकै सुधार गर्नुपर्ने हुन्छ। धेरै मुलुकहरूमा पैसाका कारण पनि गरिब परिवारले आफ्ना छोराछोरीलाई विद्यालय नपठाउने वा पठाइसकेकालाई पनि निकाल्ने गर्दछन्। प्रतिवेदनले विश्लेषण गरिएका मध्ये ८ मुलुकहरूमा औपचारिक रूपले विद्यालय शुल्क मिनाहा गरिएको भनिए पनि कुनै न कुनै रूपमा १५ प्रतिशतसम्म शुल्क तिर्नैपर्ने अवस्था देखाएको छ।

धनी परिवारहरू आफ्ना बालबालिकाको गुणस्तरीय शिक्षाका लागि उल्लेख्य रूपमा खर्च गर्न सक्छन्। यसमा निजी विद्यालयको शुल्क तथा निजी ट्युसन पढाउँदा लाग्ने खर्चसमेत पर्दछ। बालबालिकाको प्राथमिक शिक्षामा नइजेरियामा २० प्रतिशत धनी परिवारले सोही अनुपातका गरिब परिवारको भन्दा १० गुणा बढी खर्च गर्दछन्। सस्ता निजी विद्यालयसमेत गरिब परिवारको पहुँचभन्दा बाहिर छन्। लागोसका गरिब बस्तीका परिवारले ३ जना केटाकेटीलाई प्राथमिक विद्यालय पठाउँदा कमाउने ज्यालाको ४६ प्रतिशत खर्च गर्नुपर्छ। बङ्गलादेश तथा इजिप्टमा धनी परिवारले पूरक ट्युसनमा गरिब परिवारभन्दा ४ गुणा बढी खर्च गर्छन् र निजी ट्युसनमा गरिने लगानीलाई प्राथमिकतामा राख्छन्।

**बङ्गलादेश र इजिप्टमा गरिबका तुलनामा धनी परिवारले निजी ट्युसनमा चार गुणाले बढी खर्च गर्छन्**

विद्यालयमा निःशुल्कता सर्वव्यापी प्राथमिक शिक्षाका उद्देश्य प्राप्तिको आधारभूत कदम हो। तर यसका लागि सरकारले लागत धान्ने गरी विद्यालयहरूलाई अनुदान प्रदान गर्नुपर्ने हुन्छ, ताकि अभिभावकहरूलाई विद्यालयहरूले अनौपचारिक रूपमा खर्चको भार नथपून्। विद्यालयमा सोझै रकम पठाउने जस्ता सामाजिक सुरक्षाका संयन्त्रहरूले गरिब परिवारलाई आधारभूत खर्च कटौती नगरीकनै छोराछोरीको पढाइखर्च धान्न सघाउ पुऱ्याउँछ। गरिबभन्दा धनी परिवारमा निजी ट्युसनमा खर्च गर्न सक्ने हैसियत बढी हुनाले सेवाका पहुँचमा समान अवसर कायम गर्नसमेत उपयुक्त कदम चालिनु आवश्यक छ।

## युवा तथा प्रौढहरूको सिकाइ तथा जीवनोपयोगी सीपको प्रवर्धन

विद्यमान सामाजिक तथा आर्थिक चुनौतीले गर्दा युवाहरूका लागि जीवनोपयोगी सीप तथा सिकाइका अवसर सुनिश्चित गर्नमा अझ बढी केन्द्रित हुनुपर्ने स्थितिको सिर्जना भएको छ।




प्रस्तुत प्रतिवेदनको विषयगत क्षेत्रमा उल्लेख गरिएअनुसार यस्ता चुनौतीहरूले २००० मा सबैका लागि शिक्षाका उद्देश्य निर्धारण गर्दा गरिएका प्रतिबद्धताका अस्पष्टताले गर्दा चाहिनेजति ध्यान दिन नसकिएको शिक्षाको एउटा महत्वपूर्ण उद्देश्य प्रति तुरुन्त ध्यान दिनुपर्ने कुराको अनुभुति दिलाएका छन् ।

काम र जीवनका लागि चाहिने सीपको विकासमा औपचारिक माध्यमिक शिक्षाले सबैभन्दा प्रभावकारी स्थान ओगट्छ । माध्यमिक तहको भर्ना दरमा विश्वव्यापी रूपले वृद्धि भइरहेको यथार्थका अतिरिक्त सन् २०१० मा अधिकांश निम्न आय समूहका मुलुहरूको निम्न माध्यमिक तहको कुल भर्ना दर केबल ५२ प्रतिशत मात्र थियो । यसले दशौं लाख युवाहरुलाई सम्मानजनक जीवन यापनका लागि चाहिने सीप आर्जनका अवसरबाट वञ्चित गराएको छ । सन् २०२० मा विश्वका ७१ मिलियन निम्न माध्यमिक विद्यालय उमेरका किशोरकिशोरीहरू विद्यालयबाहिर थिए । यस सङ्ख्यामा सन् २००७ देखि नै गिरावट आउन सकेको छैन । विद्यालयबाहिर रहेका प्रत्येक चारमध्ये ३ किशोरकिशोरीहरू दक्षिण तथा पश्चिम एसिया र सब-सहारा अफ्रिकामा छन् ।

सन् १९९९ मा भन्दा अहिले माध्यमिक शिक्षामा २५ प्रतिशत बढी विद्यार्थी छन् । यसबीचमा सब-सहारा अफ्रिकाले माध्यमिक शिक्षाको भर्ना दरमा दोब्बरले वृद्धि गरेको छ, जो विश्वकै सबभन्दा कम हो । सन् २०१० मा त्यहाँको माध्यमिक शिक्षाको भर्ना दर ४० प्रतिशत मात्र थियो ।

प्राविधिक तथा व्यावसायिक शिक्षाका कार्यक्रममार्फत युवाहरुले सीप हासिल गर्छन् । सन् १९९९ यता माध्यमिक तहका विद्यार्थीको ११ प्रतिशत विद्यार्थी यस्ता कार्यक्रममा भर्ना भएका छन् ।

सीपको विकास विद्यालयमा मात्र हुने होइन । अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूले धेरै प्रकारका सीप विकासका कार्यक्रम सञ्चालन गरिरहेका छन् । तिनले विभिन्न प्रकारका सीपहरूको तह निर्धारण गर्ने कार्यढाँचा समेत निर्माण गरेका छन् । तर सबैका लागि शिक्षाका उद्देश्य निर्धारण गरिएको १२ वर्ष बितिसक्दा पनि कस्ता प्रावधानले उपयुक्त सिकाइ तथा जीवनोपयोगी सीप आर्जनका अवसरमा समन्यायिक पहुँच सुनिश्चित हुन्छ (उद्देश्य ३ को प्रमुख अन्तरवस्तु) भन्ने सवालमा अन्तर्राष्ट्रिय समुदाय आजसम्म सहमत हुन सकेको छैन । न त प्रगति निरूपणका लागि आवश्यक अन्तर्राष्ट्रिय स्तरमा तुलनायोग्य तथा विश्वसनीय सूचकहरूको शृङ्खला निर्माणमा नै सहमत हुन सकेको छ । वर्तमान परिस्थितिमा परिवर्तन आउन सक्छ तर उद्देश्य प्राप्तिका लागि निर्धारित मिति आउन केबल ३ वर्ष बाँकी रहेको यस अवस्थामा मौजुदा उपायबाट मात्र सबैका लागि शिक्षाको तेस्रो उद्देश्यमा भएका प्रगतिको मापनका लागि आवश्यक सूचना प्रदान गर्ने सम्भावना कम छ ।

त्यसकारण सन् २०१५ पछाडिका सीप विकासका अन्तर्राष्ट्रिय उद्देश्यलाई सतर्कतापूर्वक परिभाषित गर्नु आवश्यक छ र सोको उपलब्धिको मापनका उपायबारे पनि स्पष्ट धारणा निर्माण हुनु जरुरी छ । यसका लागि उद्देश्य नं.३ को अनुगमनमा आइपरेका समस्याको वस्तुपरक र विश्वसनीय विश्लेषणलाई आधार बनाउन सकिन्छ ।

**११९ मुलुकका २४ प्रतिशत महिला मात्र HIV को सङ्क्रमण रोक्ने उपायको जानकारी राख्छन्**

डकार कार्यढाँचाले विशिष्ट जोखिमको पहिचान गरेको थियो र त्यस्ता जोखिमबाट युवालाई बचाउन जीवनोपयोगी सीप विकास गर्नुपर्ने पनि महसुस गरेको थियो । यी जोखिममध्ये एचआईभीरएड्स  एक हो ।  हालसम्म एचआईभीरएड्ससम्बन्धी जानकारीको कमी खड्कँदो अवस्थामा छ । हालै गरिएको ११९ मुलुकमा आधारित विश्वव्यापी आँकलनले १५ देखि २४ वर्ष उमेर समूहका २४ प्रतिशत महिला तथा ३६ प्रतिशत पुरुषहरूले मात्र एचआईभीरएड्सको यौनजन्य सङ्क्रमणबाट बच्ने उपाय तथा यसको सङ्क्रमणसम्बन्धी मिथ्या धारणाबारे जानकारी राख्छन् ।

उच्चस्तरीय जोखिम रहेका मुलुकमा समेत  एचआईभीरएड्सबारे पर्याप्त जानकारी रहेको पाइँदैन । सन् २००७ मा दक्षिणी तथा पूर्व अफ्रिकाका १५ मुलुकका कक्षा ६ का औसत १३ वर्ष उमेर समूहका ६०,००० विद्यार्थीमाथि एचआईभीरएड्सबारे जानकारीको परीक्षण गरिएको थियो । परीक्षणमा सहभागी देशले निर्धारण गरेका एचआईभीरएड्स शिक्षाका पाठ्यक्रममा केन्द्रित थियो । परीक्षणका

नतिजाले उक्त पाठ्यक्रमको कार्यान्यन तथा पाठ्यक्रमको रूपरेखा प्रभावकारी हुन नसकेको देखायो । परीक्षणमा सामेल विद्यार्थीमध्ये औसतमा ३६ प्रतिशतले न्युनतम र ७ प्रतिशतले मात्र सम्बन्धित विषयमा अपेक्षित जानकारी हासिल गरेको पाइयो ।

युवाहरूमा आफ्नो र अरुको स्वास्थ्य रक्षा गर्न सक्ने क्षमता सुनिश्चित गर्न उनीहरूमा उपयुक्त समयमा उपयुक्त कार्य गर्न सक्छु भन्ने आत्मविश्वास जगाउनु महत्वपूर्ण हुन्छ ।

एचआईभीरएड्स केन्द्रित जीवनोपयोगी सीपले युवाहरूमा आत्मविश्वासयुक्त सञ्चार, उच्चआकांक्षा, निर्णय क्षमता तथा सम्झौता गर्ने सीप सिकाएर मनोविज्ञान तथा आपसी व्यवहारका क्षमताको विकास गराउँछ । यसबाट युवामा यौनजन्य व्यवहारका लागि सम्झौता गर्ने सीप तथा स्वास्थ्य रक्षा गर्ने खालका व्यवहार र प्रवृत्तिको विकास गराइदिन्छ । जीवनोपयोगी सीपका कार्यक्रमले तिनका पाठ्यक्रममा स्वास्थ्य तथा एचआईभीरएड्स शिक्षाका पाठमा संवेदनशील मुद्दाको सम्बोधन गर्ने तरिकाहरू समावेश गर्नुपर्दछ ।

## प्रौढ निरक्षरता ५० प्रतिशतले घटाउने

प्रौढहरूको आफ्नो जीवन र सन्ततिको भावी सामाजिक तथा आर्थिक उन्नति र प्रगतिका लागि साक्षरताको ठूलो महत्व रहन्छ । तर सबैका लागि शिक्षाको यस लक्ष्यमा खासै प्रगति हुन सकेको पाइएन । यसो हुनुमा सरकार तथा दातृ निकायहरूको उपेक्षापूर्ण व्यवहार मुख्य रूपले जिम्मेवार छ । २०१० मा विश्वमा निरक्षर प्रौढहरूको सङ्ख्या ७७५ मिलियन थियो । यो सङ्ख्याको आधा दक्षिण तथा पश्चिम एसियामा र पाँचौं भाग सब-सहारा अफ्रिकामा बस्छन् ।


सन् २००५-२०१० मा गरिएको एक तथ्याङ्क बिश्लेषणले १४६ मध्ये ८१ मुलुकमा पुरुषका तुलनामा महिलाहरू बढी निरक्षर रहेको पाइएको थियो । यीमध्ये २१ मुलुकमा लैङ्गिक विभेद चरम अवस्थामा थियो । त्यहाँ साक्षर पुरुष र महिलाको अनुपात १०:७ को थियो ।

विगतका दुई दशकमा प्रौढ साक्षरताको दरमा ठूलै वृद्धि भएको छ । सन् १९८५-१९९४ का दशकमा विश्व साक्षरता ७६ प्रतिशत थियो, जो २००५-२०१० मा बढेर ८४ प्रतिशत पुग्यो । तर सन् १९९८-२००१ मा साक्षरता दर ९० प्रतिशतभन्दा कम रहेका मुलुकहरूमध्ये केबल ३ मुलुक मात्र सन् २०१५ मा निरक्षरको सङ्ख्यामा ५० प्रतिशतले घटाउन सक्षम हुने देखिएको छ । कतिपय मुलुकहरू यस लक्ष्यमा धेरै पछाडि रहने सम्भावना छ (हेरौं चित्र ४) ।

**विश्वका कुल निरक्षर जनसङ्ख्याको १ तिहाइ भाग १० ओटा मुलुकमा मात्र थुप्रिएका छन्**

**चित्र ४: अधिकांश मुलुक प्रौढ साक्षरताको लक्ष्य प्राप्तिमा असफल रहनेछन्, कतिपय धेरै पछि पर्नेछन्**

१९९८-२००१ को प्रौढ साक्षरता दरको प्रक्षेपण




टिप्पणीः चित्रमा सन् २०१५ सम्ममा निरक्षरता घटाउन सम्भव देखिएका मुलुकहरु मात्र सामेल छन् । सन् १९९८-२००१ मा यी मुलुकहरुमा १० प्रतिशत मात्र निरक्षर थिए ।

स्रोतः Annex, Statistical table 2; UIS database

यीमध्ये कतिपय मुलुकले पछि आएर धेरै प्रगति गरेका छन् । उदाहरणका लागि मालीले साक्षरता दर दोब्बरले बढाउन सफल भयो । मादगास्करमा भने यस अवधिमा साक्षरताको दरमा गिरावट आयो ।

निरक्षर प्रौढहरूको तीन चौथाइ हिस्साकेबल १० मुलुकमा मात्र बस्छ । विश्वका निरक्षरमध्ये ३७ प्रतिशत भारतमा बस्छन् । विगतका दुई दशकमा नाइजेरियाको निरक्षरता दश मिलियनले बढेर ३५ मिलियन पुग्यो ।

साक्षरताका सबालमा प्रस्तुत गरिएका तथ्याङ्कले समस्याका सबै पक्षमा प्रकाश पार्न सक्छन् वा सक्दैनन् भन्ने प्रश्न महत्वपूर्ण हुने गर्दछ । सामान्यतया प्रौढहरूमा साक्षरताको परीक्षण गर्दा लेखपढ गर्न सक्छन् सक्दैनन् भन्ने प्रश्न गर्ने गरिन्छ, तिनको क्षमताको परीक्षण गरिँदैन । साक्षरताका कारण प्रौढहरूमा विकसित क्षमताको परीक्षण गर्न सकिए त्यसबाट साक्षरता सीपको व्यापक चित्र खिच्न सकिन्छ ।

**६० मुलुकमा शिक्षा प्राप्तिमा बालिकाहरूले कठिनाइको सामना गर्नुपरेको छ**

एउटा बच्चालाई सजिलैसँग लेखपढ तथा सामान्य हिसाब सिक्न ४ देखि ५ वर्ष लाग्छ भन्ने आम धारणा रहेको छ । यस प्रतिवेदनको प्रयोजनका लागि गरिएका घरधुरी सर्भेक्षणको विश्लेषणले के देखाएको छ भने निम्न तथा मध्यम आय समूहका मुलुकहरूमा  केटाकेटीले प्राथमिक शिक्षा पूरा गरिसक्दा पनि साक्षर भएका हुँदैनन् ।  उदाहरणका लागि ६ वर्षको प्राथमिक शिक्षा पूरा गरेका १५ देखि २९ वर्ष उमेर समूहका घानाका एक तिहाइ किशोरकिशोरीले २००८ मा एउटा वाक्य पनि पढ्न सकेनन् । २० प्रतिशत युवती र ३३ प्रतिशत युवकले वाक्यको अंशलाई मात्र पढ्न सके (हेरौं चित्र ५) ।

बसोबासको वातावरणले मानिसको साक्षरता सीप सिक्ने तथा त्यसलाई कायम राख्ने क्षमतामा ठूलो प्रभाव पार्दछ । जोर्डन, मङ्गोलिया, प्यालेस्टाइन र पारागुएमा अनुगमनका क्रममा गरिएको साक्षरता मापनका प्रारम्भिक नतिजाले देखाएअनुसार प्रौढहरूको वातावरणले साक्षरता सीपको निर्माण र प्रयोगमा ठूलो भिन्नता ल्याएको छ ।

उच्च आय समूहका मुलुकमा विगत लामो समयदेखि कायम सर्वव्यापी शिक्षाको प्रभावस्वरूप उच्च कोटीको साक्षरता रहनु स्वभाविकै हो । तर त्यहाँ पनि प्रत्यक्ष परीक्षण गर्दा पाँचमध्ये एक प्रौढ निरक्षर छन् र विश्वका १६० निरक्षर सरह आफ्ना दैनिक जीवनमा आइपर्ने लेखपढ गर्न, गणितीय समस्या समाधान गर्न, जागिरका लागि निवेदन दिन तथा सञ्चार माध्यममा देखाइने सूचनाको व्याख्या गर्न सक्दैनन् । यसरी पिछडिनेमा खास गरी गरिब, आप्रवासी तथा अल्पसङ्ख्यक आदिवासी पर्दछन् ।


पढाइ लेखाइका सीपमा कमजोर मानिसहरूमा सामान्यतया सङ्कोचपन हुने तथा आत्मविश्वासमा कमी देखिने गर्छ । सङ्कोच र आत्मविश्वासको कमी प्रौढ साक्षरता कार्यक्रमका प्रमुख बाधक हुन् । साक्षरताको सीप दैनिक जीवनमा प्रयोग हुने खालका भएमा प्रौढहरू सङ्कोच हटाएर त्यस्ता सीप सिक्न उत्साहित हुन्छन् । यो समस्या समाधानका लागि उच्चस्तरको राजनीतिक प्रतिबद्धता, दीर्घकालीन नीति निर्देश, दूरदृष्टि र पर्याप्त स्रोतको खाँचो पर्दछ ।

## लैङ्गिक समता तथा समानतासम्बन्धी लक्ष्यको प्राप्ति

शिक्षामा लैङ्गिक समता तथा समानता आधारभूत मानव अधिकारको कुरा मात्र होइन । यो सामाजिक आर्थिक उन्नतिको महत्वपूर्ण साधन पनि हो । सन् २००० यता प्राथमिक शिक्षाको भर्ना दरमा लैङ्गिक विभेदको दायरा घटाउँदै लान सक्नु सबैका

**चित्र ५: कतिपय युवाहरूका लागि साक्षरताको सीपमा प्रवीणता हासिल गर्न ६ वर्षको शिक्षा अपर्याप्त हुन्छ**

सन् २००५-२०११ मा केही छानिएका मुलुकका १५ देखि २९ वर्ष उमेर समूहका युवाको साक्षरता स्थिति




स्रोतः सबैका लागि शिक्षाको विश्वव्यापी अनुगमन टोलीले (२०१२) गरेको जनसङ्ख्या र स्वास्थ्य सर्भेक्षणको तथ्याङ्क विश्लेषणमा आधारित

लागि शिक्षा कार्यक्रमको ठूलै सफलता ठहरिएको छ । यसो हुँदाहुँदै पनि कतिपय देशहरू सन् २०१५ सम्ममा प्राथमिक तथा माध्यमिक शिक्षामा लैङ्गिक असमानता हटाउन सफल हुने देखिँदैनन् । शिक्षाका अवसर र प्रतिफलमा समन्यायिकता सुनिश्चित गर्न अझै धेरै गर्न बाँकी नै छ ।

६८ मुलुकले प्राथमिक शिक्षामा अझै पनि लैङ्गिक समता हासिल गर्न सकेका छैनन् र ६० मुलुकमा केटीहरू पिछडिएका छन् । इथियोपिया तथा सेनेगलले यस क्षेत्रमा व्यापक प्रगति गरेका छन् । उता अङ्गोला तथा इरिट्रिया भने झन् पछाडि धकेलिएका छन् ।

सन् १९९० मा केटीहरू ज्यादै पछाडि परेका वा लैङ्गिक समताका सूचीमा ०.७० भन्दा तल रहेका मुलुकहरूको सङ्ख्या १६ रहेकामा सन् २००० मा यो सङ्ख्या १२ मा झऱ्यो, जसमा २०१० सम्म आइपुग्दा एक मात्र अफगानिस्तान बाँकी रहन गयो (हेरौं चित्र ६) । जे होस्, हालका वर्षहरुमा भने अफगानिस्तानले ठूलो प्रगति गरेको छ ।

लैङ्गिक समताका सूचीमा ०.९० भन्दा तल रहेका देशहरूको सङ्ख्यामा पनि दश वर्षअगाडि भन्दा अहिले धेरै कमी आइसकेको छ । सन् १९९९ र २०१० दुवै वर्षहरूमा तथ्याङ्क लिइएका १६७ मुलुकहरूमध्ये १९९९ मा ३३ मुलुक लैङ्गिक समताको सूचीमा ०.९० भन्दा तल थिए । यीमध्ये २१ मुलुक सब-सहारा अफ्रिकामा मात्र थिए ।

सन् २०१० मा यस समूहमा केवल १७ मुलुक मात्र थिए, जसमध्ये १२ सब-सहारा अफ्रिकामा थिए । लैङ्गिक समता हासिल गर्न सफल भएका मुलुक जस्तै बुरुन्डी, भारत तथा युगान्डाका परिदृश्यले सामुदायिक परिचालन, छात्रा लक्षित आर्थिक सहयोग, कक्षा शिक्षणमा लैङ्गिक संवेदनशील शिक्षणविधि तथा सामग्रीको प्रयोग र सुरक्षित एवं स्वस्थ विद्यालय वातावरणको सुनिश्चितता जस्ता छात्राहरूको सहभागिता अभिवृद्धिका प्रेरक रणनीति अपनाउने हो भने लैङ्गिक समताको लक्ष्य हासिल गर्न सकिन्छ भन्ने देखाएका छन् ।

लैङ्गिक समता हासिल गर्ने सन्दर्भमा छात्राहरूको भर्ना दर किन न्यून हुन्छ भन्ने पत्ता लागाउनु जरुरी छ । यस प्रतिबेदनका लागि ९ मुलकमा गरिएको घरधुरी सर्भेक्षणको तथ्याङ्क विश्लेषणले प्राथमिक विद्यालयमा भर्ना हुँदा केटाभन्दा केटीहरूले बढी समस्या खेप्नुपरेको देखाएको छ । तर एकपटक भर्ना भइसकेपछि भने केटीहरूको पनि निर्धारित समयमै पढाइचक्र पूरा गर्ने समान सम्भावना रहेको देखिएको छ । उदाहरणका लागि गिनीमा गरिब परिवारका १०० मध्ये केवल ४० केटी विद्यालयमा प्रवेश गर्दछन् भने केटा ५७ जना । यसले विद्यालय प्रवेश गर्दा नै केटीहरू थोरै हुन्छन् भन्ने देखाएको छ ।

सर्भे गरिएका ९७ मुलुकहरूमध्ये माध्यमिक शिक्षामा लैङ्गिक विभेद भएका आधाभन्दा बढी मुलुकका विद्यालयमा केटीभन्दा केटाको सङ्ख्या घटी पाइयो । सामान्यतया राम्रै आय समूहमा पर्ने र विद्यालय भर्ना दर पनि उच्च रहेका यी मुलुकहरू ल्याटिन अमेरिका, क्यारिबियन, पूर्वी एसिया तथा प्यासिफिक क्षेत्रमा पर्दछन् । कम आय समूहका बङ्गलादेश, म्यानमार र रुवान्डामा पनि केटीभन्दा केटाहरू बढी मारमा परेका छन् ।

ल्याटिन अमेरिका तथा क्यारिबियनमा केटाहरूलाई विद्यालयबाहिर राख्ने प्रमुख कारक गरिबी र श्रम बजार रहेका देखिएको छ । उदाहरणका लागि होन्डुरसमा १५ देखि १७ वर्ष उमेर समूहका १० मध्ये ६ जना केटाहरू वैतनिक श्रममा संलग्न भएका र २ जना विद्यालयमा दाखिला भएका थिए । यसको विपरीत सोही उमेर समूहका १० मध्ये केवल २ जना केटी मात्र वैतनिक श्रममा लागेका थिए ।

शिक्षकका प्रवृत्ति लगायत विद्यालय वातावरणका कारण पनि केटाहरू पढाइ छोड्ने गर्दछन् । यद्यपि केटा र केटीबीचको सिकाइको तरिकामा रहने भिन्नताले त्यति महत्व राख्दैन, तैपनि शिक्षकहरूले यस्ता भिन्नताबारे जानकारी राख्नुपर्दछ र पाइएका फरकको सम्बोधनका लागि सोहीअनुसार शिक्षण विधिमा परिमार्जन गर्नुपर्दछ । यसबारे २ खालका तरिका अपनाउने गरेको पाइन्छ -एकल लिङ्गीय कक्षा र सिकाइ क्षमताका आधारमा समायोजित कक्षा । तर कतिपय सन्दर्भमा यी तरिका अनुपयुक्त पनि देखिएका छन् ।

केटाहरू सिकाइउपलब्धिमा पनि र खास गरी पढाइ विषयमा पछाडि पर्ने गरेका छन् । यताका समयमा लैङ्गिक असमानताको दायरा बढ्दै गएको र केटीहरूको पक्षमा रहेको देखिन थालेको छ । गणितमा निरन्तर रूपले केटाहरू केटीभन्दा फाइदामा रहने गरेको पाइएको छ तर यस्ता विभेदको दायरलाई घटाउन सकिने सम्भावनाका प्रमाणहरु पनि फेला परेका छन् ।


विद्यालयमा राम्रो कार्यसम्पादन देखाउन सक्ने क्षमताबारे केटा र केटीबीच कुनै अन्तर्निहित भिन्नता रहेको पाइँदैन । त्यसकारण पढाइ विषयमा देखिएको असमानताको दायरा साँघुरो पार्न अभिभावक, शिक्षक तथा नीति निर्माताहरूले केटाहरूलाई बढी पढ्न प्रेरित गर्ने सिर्जनात्मक उपायको खोजी गर्न सक्नुपर्दछ । उदाहरणका लागि विद्युतीय पाठ्य सामग्रीजस्ता सामग्रीमा चाख बढाउन सकिन्छ । गणितीय क्षमतामा देखिएको फरक मेटाउन कक्षाकोठा बाहिरजस्तै रोजगारीका अवसर आदिमा पनि लैङ्गिक समताको वातावरण निर्माण गर्नुपर्दछ । समान रोजगारीका अवसरले यस्तो दूरी मेटाउन ठूलो मद्दत पुऱ्याउँछ ।

## शिक्षाको गुणस्तरमा सुधार

आज संसारभरका प्राथमिक विद्यालय उमेरका ६५० मिलियन बालबालिकामध्ये कक्षा चार नपुग्दै विद्यालय छोड्ने १२० मिलियनका अतिरिक्त विद्यालयमा भए पनि आधारभूत सिकाइउपलब्धि हासिल गर्न असमर्थ थप १३० मिलियन बालबालिकाका समस्या समाधानमा ध्यान केन्द्रित गर्नुपर्ने समय आइसकेको छ ।

**चित्र ६: लैङ्गिक विभेद घटाउने कुरामा प्रगति भएको भए पनि छात्राहरू अझै विद्यालयसम्मको पहुँचको समस्या झेल्न बाध्य छन्**

कुल भर्ना दरको लैङ्गिक समता सूची, १९९० देखि २००० र २००० देखि २०१०मा लैङ्गिक समता सूचीमा ०.९० भन्दा तल परेका मुलुक




टिप्पणी: १९९०, २००० र २०१० को तथ्याङ्क भएका मुलुक मात्र सामेल छन् । कुनै वर्ष विशेषको तथ्याङ्क फेला नपरे २ वर्षअघि वा पछिका तथ्याङ्क राखिएको छ । नकारात्मक प्रवृत्ति देखिएका अफगानिस्तान र ओमनलाई हटाइएको छ ।

स्रोत: UIS database


सिकाइउपलब्धिमा देखापर्ने विभेदका किसिम र तिनका कारक तत्वको पहिचान हुन सक्यो भने गरिब पारिवारिक पृष्ठभूमि भएका बालबालिकालाई तिनले भोग्नुपरिरहेका विभेदका समस्याबाट किनारा लगाउन सघाउने नीति रणनीति निर्माण सम्भव हुनेछ । सन् २००९ मा ७४ मुलुकमा गरिएको PISA सर्भेले जुन विद्यार्थीको पारिवारिक पृष्ठभूमि सामाजिक-आर्थिक सूचकाङ्कको माथिल्लो चतुर्थांशमा पर्दछ, त्यसले विद्यालयमा समान किसिमका अरु विद्यार्थीको भन्दा राम्रो क्षमता प्रदर्शन गर्न सक्ने सम्भावना देखाएको थियो (हेरौं चित्र: ७) ।

मध्यम आय समूहका मुलुकमा गणित विषयमा लिइएको परीक्षामा विद्यार्थीले देखाएको प्रदर्शन सामान्यतः न्यून पाइयो, औसतमा आधाजसोको प्राप्ताङ्क तह २ भन्दा तल थियो । तैपनि समयको क्रमसँगै हाल कतिपय मध्यम आय समूहका मुलुक औसत अङ्क बढाउन र सिकाइउपलब्धिमा रहेको असमानता घटाउन सफल भइसकेका छन् । सन् २००३ देखि २००९का बीचमा ब्राजिल र मेक्सिकोमा सामाजिक-आर्थिक सूचकाङ्कको प्रत्येक चतुर्थांशमा रहेका कम क्षमता प्रदर्शन गर्ने विद्यार्थीको प्रतिशत घटेको पाइयो । यसबीचमा माध्यमिक शिक्षाको सहभागितामा उल्लेख्य वृद्धि भएको छ । सिकाइउपलब्धिको स्तरमा पछाडि परेका विद्यार्थीको स्तर उकास्नमा यी मुलुकहरूले १९९० को अन्त्यदेखि लागू गरेका लक्षित सामाजिक सुरक्षा नीतिको देन उल्लेख्य छ ।

सिकाइमा सुधार हासिल गर्नमा शिक्षकको भूमिका प्रमुख हुन्छ। शिक्षकको अभाव, खास गरी तालिम प्राप्त शिक्षकको अभाव नै कतिपय क्षेत्रमा सबैका लागि शिक्षाको लक्ष्य प्राप्तिको प्रमुख बाधक रहेका छन्। हालसालै गरिएको एक आँकलनले सन् २०१५ भित्र ११२ मुलुकमा ५.४ मिलियन प्राथमिक शिक्षक थप गर्नुपर्ने देखिएको छ। जागिर छोडेर जानेका स्थानमा ३.४ र थप गर्नुपर्ने २ मिलियन नयाँ पदमा नयाँ नियुक्ति गर्नुपर्ने देखिन्छ। सर्वव्यापी प्राथमिक शिक्षाका उद्देश्य प्राप्तिका लागि सब-सहारा अफ्रिकामा मात्र २ मिलियन शिक्षक थप गर्नुपर्ने देखिएको छ।

**चित्र ७: सामाजिक-आर्थिक अवस्थाको भिन्नताका आधारमा सिकाइउपलब्धिको स्तर**

गणितका परीक्षामा सामाजिक, आर्थिक, सांस्कृतिक तथा लैङ्गिक भिन्नता अनुरूप तह २ स्तरको उपलब्धि प्रदर्शन गर्नेको प्रतिशत, २००९ PISA




टिप्पणी: २००९ को PISA मा सामेल मुलुकहरूमध्ये अजरबैजान, हिमाञ्चल प्रदेश (भारत) र लिचटेन्सटेइनलाई समावेश गरिएको छैन। गरिब/धनी शब्दले PISA को आर्थिक, सामाजिक तथा सांस्कृतिक सूचकाङ्को तल्लो र माथिल्लो चतुर्थांश जनाउँछ।

स्रोत: Altinok (2012b), based on PISA data; Walker (2011).

गुणस्तरीय शिक्षाका सूचकमध्ये प्रति विद्यार्थी शिक्षकको अनुपात एउटा प्रमुख हो। सन् १९९९ र २०१० बीच शिक्षक विद्यार्थी अनुपातमा २६:१ बाट सामान्य गिरावट आई २४:१ हुन पुगेको छ। यसबीचमा सब-सहारा अफ्रिकन मुलुकहरूमा १.१ मिलियन शिक्षक थप गर्दासमेत विद्यालयहरूमा भइरहेका विद्यार्थी भर्ना दरको तीव्र वृद्धिले गर्दा शिक्षक-विद्यार्थी अनुपात ४२:१ बाट बढेर ४३:१ पुगेको छ।

प्राथमिक शिक्षाको तथ्याङ्क उपलब्ध भएका १०० मुलुकमध्ये ३३ मुलुकमा ७५ प्रतिशतभन्दा कम शिक्षकले मात्र राष्ट्रिय स्तरको तालिम प्राप्त गरेको पाइन्छ। शिक्षकहरूलाई दिइएको दायित्व प्रभावकारी रूपले निर्वाह गर्न सक्षम बनाउनका लागि शिक्षकहरूलाई उपयुक्त खालको तालिम प्रदान गनु अनिवार्य छ। गरिब मुलुकमा बालबालिकाहरू पढ्न तथा लेख्न नजानीकनै विद्यालयमा कैयौं वर्ष बिताइरहेको यथार्थ मापनहरूले देखाएका छन्। उदाहरणका लागि मालीमा कक्षा २ का १० मध्ये ८ जना विद्यार्थीले राष्ट्रिय भाषाको एक शब्द पनि पढ्न सकेनन्। यस्ता चकित गराउने दृष्टान्तले शिक्षक तालिम र तिनले कक्षा शिक्षणमा पाएका सहयोग सेवाका गुणस्तरबारे प्रश्न चिन्ह खडा गराएका छन्।

**लैङ्गिक विभेद भएका मध्ये आधाभन्दा बढी मुलुकका माध्यमिक विद्यालयमा केटीभन्दा केटाको सङ्ख्या घटी छ**

शिक्षक प्रशिक्षण कलेजमा प्रवेश गर्दा शिक्षकमा विषयवस्तुको आवश्यक ज्ञानको अभाव रहन सक्छ। यस्ता अवस्थामा तालिमका पाठ्यक्रमको ध्यान शिक्षण विधिमा भन्दा शिक्षकमा विषयवस्तुको आधारभूत ज्ञान निर्माण गर्नमा बढी केन्द्रित हुने गर्छन्। यसका अतिरिक्त शिक्षकहरूले कक्षा कोठामा एकपटक प्रवेश गरेपछि तिनको पेसागत विकास अवरुद्ध हुने गर्दछ।

सरकारहरूले बालबालिकाका प्रारम्भिक कक्षाको शिक्षण सिकाइको जग बलियो पार्न जरुरी छ। पूर्व सेवाकालीन तालिमका कार्यक्रमहरूले कक्षा शिक्षण विधिमा जोड बढाउनु जरुरी छ। अन्त्यमा सेवाकालीन तालिमले शिक्षकमा निहित विषयगत ज्ञानलाई अन्तरक्रियात्मक तरिकाले कक्षा शिक्षण अभ्यासका तरिकामा रूपान्तरण गर्नुपर्दछ। तालिमलाई शिक्षण सामग्रीका सुधार जस्ता अन्य प्रयत्नसँग आबद्ध गराउन सकियो भने तालिमको उपादेयता अझ बढ्छ।

## सबैका लागि शिक्षाका विकास सूचकाङ्क

सबैका लागि शिक्षाका विकास सूचकाङ्कले सबैका लागि शिक्षाका लक्ष्य प्राप्तिका सन्दर्भमा राष्ट्रिय शिक्षा पद्धतिले हासिल गरेका प्रगतिको समग्र चित्र प्रस्तुत गर्दछ। ५२ मुलुकहरूको

**सन् २०१५ सम्ममा ११२ मुलुकमा ५.४ मिलियन शिक्षक भर्ना गर्नुपर्ने आवश्यकता छ**

एक उपसमूहमा डकार विश्व शिक्षा फोरमपश्चात् विकास सूचकाङ्कमा भएका क्रमिक प्रगतिको अवलोकन गरिएको थियो। ५२ मध्ये ४१ मुलुकमा सन् १९९९ र २०१० का बीच विकास सूचकाङ्कमा ठूलो सुधार देखिएको छ। सवै भन्दा बढी प्रगति सब-सहारा अफ्रिकाका १२ मुलुकमा देखिएको छ। यसमा पनि मोजाम्बिक र इथियोपियामा भएको वृद्धि उल्लेखनीय छ।

विकास सूचकाङ्कमा देखिने समान अङ्कले सबैका लागि शिक्षाका सन्दर्भमा मुलुकहरूका प्रयासबीचका विभिन्नतालाई ढाक्न सक्छ। उदाहरणका लागि कोलम्बिया र ट्युनिसिया को विकास सूचकाङ्कको अङ्क समान छ। ट्युनिसियामा प्राथमिक शिक्षाको भर्नादर र विद्यालयमा रहिरहने दर उच्च छ तर प्रौढ साक्षरता दर कम छ। कोलम्बियामा प्रौढ साक्षरताको दर उच्च छ तर प्राथमिक शिक्षाको खुद भर्ना दर र विद्यालयमा कायम रहने दर न्यून। ट्युनिसियामा साक्षरता दर कम हुनुमा वर्तमान प्रयत्नका कमजोरी भन्दा पनि ऐतिहासिक कारण बढी जिम्मेवार हुन सक्छ। उता कोलम्बियाको कम भर्ना तथा विद्यालयमा कायम रहने दरले भविष्यमा त्यहाँ साक्षरताका समस्या आउन सक्नेतर्फ सङ्केत गरेका छन्।

यस प्रतिवेदनमा प्रारम्भिक शिशु स्याहार तथा शिक्षालाई समेट्नका लागि विस्तार गरिएको विकास सूचकाङ्कले कुन मुलुकले प्रारम्भिक शिशु स्याहार तथा शिक्षामा कति जोड दियो भन्ने देखाएको छ। कतिपय मुलुक, खास गरी मध्य एसियाका किर्गिजिस्तान र उज्वेकिस्तान तथा पूर्वी एसियाका इन्डोनेसिया र मलेसिया विकास सूचकाङ्क को तहमा तल परेका छन् भने जमैका तथा मेक्सिकोले आफ्ना तहमा सुधार गरेका छन्।

सबै उद्देश्यलाई समान महत्व नदिएसम्म सबैका लागि शिक्षा हासिल हुन सक्दैन। हाल सबैभन्दा उपेक्षित उद्देश्यमा शिशु स्याहार तथा शिक्षा र प्रौढ साक्षरता परेका छन्। त्यसकारण गुणस्तरीय शिक्षाका व्यवधान हटाउनका लागि प्रारम्भिक तहलगायत सबैमा गुणस्तर कायम गर्नु ज्यादै महत्वपूर्ण हुन जान्छ।

# विश्वव्यापी असमानता

सबैका लागि शिक्षाको विश्वव्यापी अनुगमन प्रतिवेदन टोलीले यस प्रतिवेदनमै समाहित गर्ने गरी नयाँ अन्तरक्रियात्मक वेबसाइट तयार गरेको छ। यसले मुलुकभित्रको शैक्षिक असमानताको मात्रालाई उजागर गर्दछ। शिक्षामा विश्व असमानता डाटाबेस (World Inequality Database on Education–WIDE) ले जनसङ्ख्या तथा स्वास्थ्य सर्भे तथा मल्टिपल इन्डिकेटर क्लस्टर सर्भेका अद्यावधिक सूचना प्रस्तुत गर्दछ।

**विद्यालयमा बालबालिका भर्नाका लागि सङ्घर्षरत मुलुकहरूमा आर्थिक असमानता बढेको छ**

सम्पन्नताका हिसाबले २ वर्षभन्दा घटी अवधिको शिक्षा पाएका १७-२२ वर्ष युवाको जनसङ्ख्या





सबैका लागि शिक्षाको लक्ष्य प्राप्तिको सम्भावनाबाट सबभन्दा टाढाका क्षेत्रको छनोट गर्दा तथ्याङ्क उपलब्ध भएकामध्ये अरब राष्ट्रहरु, सब-सहारा अफ्रिका र दक्षिण तथा पश्चिम एसियाका सबै मुलुकमा आर्थिक असमानता विद्यमान छ । वेबसाइट हेर्दा प्रभावितहरूको प्रतिशत देखा पर्दछ । सबभन्दा बढी आर्थिक असमानता रहेको नाइजरमा अति गरिब ८८ प्रतिशत युवाहरूले मात्र २ वर्षभन्दा घटीको विद्यालय शिक्षा पाएका छन् । यसको मतलब ती युवाहरु बाँकी २९ प्रतिशतको तुलनामा चरम शैक्षिक गरिबीबाट प्रभावित छन् । चित्रको अर्को छेउमा रहेको जोर्डनमा आर्थिक विभेदको खाडल ज्यादै साँघुरो छ । त्यहाँ गरिब वा धनी जोसुकै होस्, १७-२२ वर्ष समूहका चरम शैक्षिक गरिबीको चपेटामा परेका युवाहरु १ प्रतिशत मात्र छन् ।

# शिक्षामा विश्व असमानताका तथ्याङ्क (WIDE)

वेवसाइट हेर्नेले एउटै मुलुकभित्रका विभिन्न समूहबीच शिक्षाका विभिन्न सूचकलगायत विद्यमान असमानताका कारक तत्वहरू, जस्तै : सम्पत्ति, लिङ्ग, आदिवासी, धर्म, बसोवास आदिका आधारमा तुलना गर्न सक्छ । वेबसाइट प्रयोग कर्ताले नक्सा कोर्न सक्छ, तथ्याङ्कका आधारमा तालिका वा चार्ट बनाउन सक्छ, तिनलाई डाउनलोड गर्न, छाप्न तथा अनलाइन छलफल गर्न सक्छ ।

**आर्थिक असमानतालाई लैङ्गिक असमानताले अझ बढाएको छ**

सम्पन्नता र लिङ्गका आधारमा नाइजर, पाकिस्तान र इजिप्टका १७-२२ वर्ष उमेर समूहका २ वर्षभन्दा कम अवधिको विद्यालय शिक्षा प्राप्त गर्नेको जनसङ्ख्या प्रतिशत




नाइजरमा अर्थको असमानता व्यापक छ, यसलाई लैङ्गिकताले अझै बढाएको छ । गरिब युवतीहरू झनै पीडित छन् । २२ प्रतिशत धनी केटाको तुलनामा ९२ प्रतिशतले दुई वर्ष मात्र विद्यालयमा बिताएका छन् । पाकिस्तानमा १० युवा केटामध्ये ५ को तुलनामा गरिब केटीहरू १० मध्ये ८ ले छोड्छन् । इजिप्टमा चाहिं समस्या त्यति विकराल छैन, तर लैङ्गिक विभेद फराकिलो छ । २ प्रतिशत धनी युवा केटाको तुलनामा ३६ प्रतिशत केटीहरू अत्यन्त शैक्षिक गरिबीको अवस्थामा रहेका छन् ।

WWW.Education–inequalities.0rg

# सबैका लागि शिक्षामा लगानी: कमी कमजोरी र अवसरहरू





विगत दशकका अनुभवले सबैका लागि शिक्षाका लक्ष्य प्राप्त गर्न लगानीमा अझ धेरै वृद्धि गर्नुपर्ने देखाएका छन् । विद्यालयबाहिर रहेका विद्यालय उमेरका बालबालिकाको सङ्ख्या घट्न नसकेको वर्तमान अवस्थामा दातृ निकायहरूका योगदानमा कमी आउने सम्भावना चिन्ताको विषय बनेको छ । उसो त बढी पैसा भएर मात्र सबैका लागि शिक्षाका लक्ष्य पूरा भइहाल्छन् भन्ने छैन तर कम पैसा हुँदा भने नोक्सानी पुग्दछ । अत: दातृ निकायबाट नयाँ तथा सुदृढ प्रयत्नको अत्यन्तै आवश्यकता देखिएको छ । साथै बढ्दो वित्तीय खाडल पुर्न तथा सहयोग रकम खर्च गर्ने तरिकालाई सुदृढ गर्न नयाँ सम्भावित स्रोतहरूको खोजी गर्नु पनि त्यत्तिकै जरुरी भएको छ ।

## बढी खर्च गर्नुको महत्व छ

डकार यता शिक्षा क्षेत्रमा कुल सरकारी लगानीको मात्रामा बिस्तारै वृद्धि भइरहेको छ । न्यून आय समूहका मुलुकमा १९९९ मा सरकारी लगानीमा सबभन्दा बढी अर्थात् प्रति वर्ष ७.२ प्रतिशतले वृद्धि भएको छ । सब-सहारा अफ्रिकामा शिक्षामा लागानी प्रति वर्ष ५ प्रतिशतका दरले बढेको छ । तुलनायोग्य तथ्याङ्क पाइएका न्यून तथा मध्यम आय समूहका मुलुकहरू विगत दशकमा शिक्षामा लगानी राष्ट्रिय आयको ६३ प्रतिशतसम्म बढेको छ ।

सबैका लागि शिक्षामा उच्च सफलता हासिल गरेका मुलुकहरूले शैक्षिक लगानीमा उल्लेख्य वृद्धि गर्नका साथै त्यस्तो वृद्धिलाई उच्च तहमा कायम राखेर नै सफलता चुम्न सकेका हुन् । उदाहरणका लागि तान्जानियाले राष्ट्रिय आयबाट शिक्षामा गर्ने लगानीको अंश तेब्बरले बढायो र प्राथमिक शिक्षाको खुद भर्नादर दोब्बर पार्न सफल भयो । सेनेगलले शैक्षिक लगानीमा कुल राष्ट्रिय उत्पादनको ३.२ प्रतिशतबाट बढाएर ५.७ प्रतिशत पुऱ्याएकाले प्राथमिक शिक्षाको भर्ना दरमा उल्लेख्य वृद्धि गर्नुका साथै लैङ्गिक असमानता निर्मूल पार्न सफल भयो ।

विश्वव्यापी सकारात्मक प्रवृत्तिका अतिरिक्त मध्य अफ्रिकी गणतन्त्र, गिनी तथा पाकिस्तान जस्ता सबैका लागि शिक्षाका लक्ष्यमा धेरै पछाडि परेका कतिपय मुलुकहरूले शिक्षामा कुल राष्ट्रिय आयको ३ प्रतिशतभन्दा कम मात्र लागानी गरेका छन् । विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाको सबभन्दा बढी सङ्ख्या भएका मुलुकमध्ये पाकिस्तान दोस्रो स्थानमा पर्दछ । पाकिस्तानमा विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाको सङ्ख्या ५.१ मिलियन छ । तर पनि त्यहाँको सरकारले विगतका दशकमा वार्षिक शैक्षिक लगानीलाई कुल राष्ट्रिय आयको २.६ प्रतिशतबाट घटाएर २.३ मा झारेको छ ।

शैक्षिक लगानीका कारणले आएको सकारात्मक प्रवृत्तिलाई वर्तमान खाद्य तथा वित्तीय संकटले प्रभावित पार्ने हो कि भन्ने आशङ्कालाई त्यति आत्मसात नगरिएको भए तापनि यसको दीर्घकालीन प्रभावको अनुगमन गर्नु आवश्यक छ । सङ्कटका अतिरिक्त गरिब तथा निम्न मध्यम आयसमूहका दुई तिहाइ मुलकले शैक्षिक लगानीलाई निरन्तरता प्रदान गरेका छन् । तर सबैका लागि शिक्षाका लक्ष्यमा पनि निक्कै पछि परेका चाड तथा नाइजर जस्ता केही मुलुकहरूले भने सन् २००९ को आर्थिक सङ्कटका कारण २०१० को बजेटमा शैक्षिक लगानीमा कटौती गरे ।

प्रस्तुत प्रतिवेदनले वैदेशिक सहयताका कारण मुलुकहरूले कत्तिको फाइदा उठाए भन्ने बारेमा पनि विश्लेषण गरेको थियो । सब-सहारा अफ्रिकाका नौ मुलुकमा दातृ निकायको सहयोग सार्वजनिक लगानीको एक चौथाइभन्दा बढी रहन गयो (चित्र ८) । उदाहरणका लागि मोजाम्बिकले सन् १९९९ देखि २०१० सम्ममा विद्यालयबाहिर रहेका बालबालिकाको सङ्ख्या १.६ मिलियनबाट घटाएर ०.५ मिलियनमा झार्न सफलता हासिल गऱ्यो । यस अवधिको अधिकांश कालखण्डमा मुलुकको शैक्षिक बजेटमा वैदेशिक सहयोगको स्थान ४२ प्रतिशतसम्म रहन गयो ।


## शिक्षामा वैदेशिक सहयोगको मात्रा अन्तिम विन्दुमा पुगेको हो त ?

सन् २००२ देखि २००९ का बीच शैक्षिक लगानीमा वैदेशिक सहयोगको मात्रा उच्चतम विन्दुमा रहन गयो । वित्तीय सङ्कटका सम्भावित परिणामबाट असहाय मुलकहरूलाई बचाउनका लागि विश्व बैङ्क तथा अन्तर्राष्ट्रिय मुद्रा कोषले कबोल गरेका रकमको अग्रिम निकासा दिनाले पनि यसमा धेरै हदसम्म योगदान पुऱ्यायो । तर सन् २०१० मा गएर वैदेशिक सहयोगको रकमको मात्रा केबल १३.५ बिलियन अमेरिकी डलरमा सीमित हुन पुग्यो । यो रकममध्ये ५.८ बिलियन अमेरिकी डलर आधारभूत शिक्षाका लागि थियो (चित्र ९) । यो रकम सन् २००२-२००३ मा न्यून आयसमूहका मुललुकहरूमा आधारभूत शिक्षाका लागि छुट्याइएको १.९ बिलियन डलरको दोब्बरभन्दा बढी नै भए पनि ती मुलुकमा विद्यमान १६ बिलियन डलरको वित्तीय खाडल पुर्न यो रकम ज्यादै न्यून हो । सन् २०१० मा न्यून आयसमूहका मुलुकमा वैदेशिक सहयोगमा १४ मिलियन अमेरिकी डलरले मात्र बढ्यो । सबै मुलुक समान रूपले फाइदामा रहेनन् । न्यून आयसमूहका १६ मुलकका लागि गरिएको यो वृद्धिको ५५ प्रतिशत अफगानिस्तान र बङ्गलादेशमा मात्र गयो । परिणमत: १९ न्यून आयसमूहका मुलुकमा सहयोग घट्न गयो ।

**गरिब मुलुकहरूमध्ये ६३ प्रतिशतले शिक्षाको लगानीमा राष्ट्रिय आयको हिस्सा बढाएका छन्**

**चित्र ८: वैदेशिक सहयोग गरिब मुलुकको शिक्षाको महत्वपूर्ण स्रोत हो**

केही छानिएका क्षेत्र तथा निम्न र निम्नमध्यम आय समूहका मुलुकहरूमा शिक्षाका लागि गार्हस्थ्य र वैदेशिक स्रोत




टिप्पणीः ८ ले मुलुक विशेषले आफ्नो बजेटका दस्तावेजमा प्रक्षेपण गरेको वैदेशिक सहयोगको अनुमान, अरू मुलकुले ६० प्रतिशतको अनुमान ।

स्रोतः युनेको (२०१२)

**सब-सहारा अफ्रिकाका ९ मुलुकमा कुल शिक्षा बजेटको एक चौथाइ वैदेशिक सहयोगबाट प्राप्त हुन्छ**


विगतका दशकमा सहयोग राशीमा भएको वृद्धिका अतिरिक्त सन् २००५ मा भएको ग्रुप ८ को ग्लेनिएगल सम्मेलनमा गरेको सन् २०१० सम्म सहयोग राशीमा ५० बिलियन डलरले वृद्धि गर्ने बाचा पूरा गर्न दातृ समुदाय असमर्थ रहे। सब-सहारा अफ्रिकी मुलुकले वृद्धिका लागि गरिएको बाचाको आधा मात्र पाए। शिक्षामा साबिकझैं सहयोग प्रवाह रहेको अनुमान गर्दा बाचा पूरा नहुनाका कारणले त्यस वर्ष चाहिएको भन्दा १.९ बिलियन राशी कमी रहन गयो।

सन् २०१५ सम्मका वैदेशिक सहयोगप्रतिको दृष्टिकोण सकारात्मक नहुनु सबैभन्दा ठूलो चिन्ताको विषय हुन गएको छ। यथार्थमा सन् २०११ मा वैदेशिक सहयोग राशीमा ३ प्रतिशतले घट्यो। १९९७ पश्चात वैदेशिक सहयोगमा आएको यो पहिलो गिरावट हो। सम्पन्न मुलुकहरूमा निरन्तर रूपले आर्थिक मन्दी कायम रहेकाले ती देशहरूले खर्च कटौतीका लागि वैदेशिक सहयोगका शीर्षकलाई नै छाने। सन् २०१०-२०११ मा OECD को विकास सहयोग समिति (Development Assistance Committee –DAG) का २३ मध्ये १४ देशको राष्ट्रिय आयमा वैदेशिक सहयोगको हिस्सा घट्न गयो।

कतिपय प्रमुख दातृ राष्ट्रले आफ्नो समग्र बजेट कटौती गरेका मात्र होइनन्, शिक्षालाई न्यून प्राथमिकतामा राख्ने सम्भावनासमेत देखिन थालेको छ। यसले गर्दा शिक्षामा वैदेशिक सहयोगको मात्रा

**चित्र ९: सन् २०१० देखि शिक्षामा प्रदान गरिने सहयोगमा गिरावट आएको छ**

सन् २००२ देखि २०१० बीचमा शिक्षामा प्राप्त कुल सहयोग




स्रोतः OECD-DAC (2012)

अझ तीव्र गतिले बढ्ने छाँट देखिएको छ। विगतका आधारभूत शिक्षाका तीन प्रमुख दातृ राष्ट्रहरूमध्ये एक रहेको नेदरल्यान्डले शिक्षालाई प्राथमिकता क्षेत्रबाट हटाइसकेको छ र अब २०१० देखि २०१५ का अवधिमा शिक्षामा दिने सहयोग राशीमा ६० प्रतिशतले कटौती गर्दै छ। यसले कतिपय गरिब राष्ट्रहरूमा नराम्रो प्रभाव पार्न सक्छ। नेदरल्यान्ड बुर्किना फासोबाट बाहिर हट्ने भइसकेको छ र अन्य चार दातृ राष्ट्रले पनि त्यस मुलुकको शिक्षाबाट पछि हट्ने आशय जाहेर गरिसकेका छन्।

अन्य राष्ट्रहरू, जस्तै ब्राजिल, भारत तथा चीनले शिक्षामा गम्भीर चासो दिइरहेका भए तापनि तिनीहरूले आजसम्म न त शिक्षामा ठूलो सहयोग प्रदान गरेका छन्, न निम्न आय समूहका मुलुकको आधारभूत शिक्षामा सहयोग प्रदान गर्ने कुरालाई प्राथमिकतामा नै राखेका छन्।

## सहायताको प्रभावकारी उपयोग

शिक्षामा प्रदान गरिएको वैदेशिक सहयोगको अङ्कले यथार्थको आंशिक पक्ष मात्र दर्शाउँछन्। प्राप्त सहयोगको उपयोग प्रभावकारी रूपले भएको सुनिश्चित गर्नुको ठूलो महत्व छ। OECD-DAC ले पेरिसमा सन् २००५ मा सहयोग प्रभावकारिताका १३ लक्ष्य निधारण गरेका मध्ये तोकिएको समयसीमा, अर्थात् सन् २०१० मा केवल एक मात्र पूरा भएको पाइयो।

वैदेशिक सहयोगको प्रभावकारी उपयोगको एजेन्डामा शिक्षा क्षेत्र अग्रस्थानमा पर्दछ। मोजाम्बिक, रुवान्डा तथा युगान्डाका सरकारी योजनामा उल्लेख्य मात्रामा वैदेशिक सहयोग प्रवाहित गरिएकाले ती मुलुकहरूका प्राथमिक शिक्षाका पहुँचको विस्तारमा अनपेक्षित प्रगति हासिल गर्न योगदान पुग्यो।

यी दृष्टान्तका अतिरिक्त कतिपय गरिब मुलुकमा वैदेशिक सहयोगको उपयोगमा अझै प्रभावकारिता बढाउनुपर्ने देखिन्छ। शिक्षाका लागि विश्व साझेदारी (पहिला फास्ट ट्र्याक इनिसिएटिभ भनिन्थ्यो) ले निर्धारण गरेका प्रभाकारिताको सिद्धान्तको उपयोग यस प्रयोजनका लागि उपयुक्त माध्यम ठहरिन सक्थ्यो। तर यसको राम्ररी प्रयोग हुन सकेन। यो एक मात्र एयर्या ागलमष्लन  संयन्त्र थियो। तर सन् २००३-२०११ का बीचमा यस कोषमा १.५ बिलियन अमेरिकी डलर मात्र निकासा हुन सक्यो, जो निम्न तथा निम्न मध्यम आय समूहका मुलुकका लागि प्रदान गरिएको कुल सहयोग राशीका ६ प्रतिशत मात्र हुन आउँछ। यो स्वास्थ्य क्षेत्रलाई प्रदान गरिएको सहयोगका तुलनामा ज्यादै कम हो। शिक्षाका लागि विश्व साझेदारीको स्थापना वास्तवमा सहयोगको राशीमा अभिवृद्धि गर्न मात्र नभई राष्ट्रिय तथा दातृ निकायबाट प्राप्त सहयोगबीचका वित्तीय खाडल पुर्न सघाउने हेतुले गरिएको थियो। यस साझेदारीको उपादेयता सहयोग रकमको उपयुक्त संयोजनको सुनिश्चितताका साथै प्रभावकारी अनुगमनद्वारा सन् २०१५ पछिका वित्तीय कार्यढाँचाका लागि आवश्यक सूचना उपलब्ध गराउनु हो।

दातृ निकायहरू बजेटको टाइट गरेर र जबाफदेहिता बढाएर आफूले उपलब्ध गराएका सहयोगको प्रभावकारी उपयोग होस् र अपेक्षित प्रतिफल सुनिश्चित होस् भन्ने चाहन्छन्। प्रतिफलका आधारमा सहयोग उपलब्ध गराउने नयाँ दृष्टिकोणले मुलुकका शिक्षाका नीतिगत उद्देश्य प्प्तिमा उत्प्रेरणा प्रदान गर्न सक्छ। उदाहरणका लागि बेलायतले इथोपियालाई माध्यमिक शिक्षा पास गर्ने विद्यार्थी सङ्ख्याका आधारमा इनामस्वरूप सहयोग उपलब्ध गराउँछ। तर यो उपाय जोखिमपूर्ण छ। बाह्य कारणले आफ्ना योजना प्रभावकारी रूपले सञ्चालन गर्न व्यवधान खडा गराइदिएको अवस्थामा गरिब मुलुकहरूले निर्धारित लक्ष्य पूरा गर्न नसक्नाले सहगोग प्राप्त गर्नबाट वञ्चत रहने अवस्था पैदा गराउन सक्छ।

## स्रोतको अभावको श्रापलाई बरदानमा रूपान्तरण गर्ने


स्रोतको अभाव विकासमा देखिएका मध्ये सबैभन्दा बिडम्बनापूर्ण कुरा भएको छ। तेल तथा खनिज पदार्थजस्ता प्राकृतिक स्रोतका अत्यन्त धनी मुलुकहरू आर्थिक वृद्धि दरमा स्रोत विहीन मुलुकभन्दा तल छन्। यस्ता मुलुकमध्ये कतिपय सबैका लागि शिक्षा लागयत अन्य लक्ष्य प्राप्तिमा धेरै पछाडि परेका छन्। तर स्रोतको परिचालन भावी पुस्ताको विकासका लागि गरिएको खण्डमा यस्ता अभावबाट पार पाउन गाह्रो छैन।

**सन् २००८ मा प्रजातान्त्रिक गणतन्त्र कङ्गो ले ७२ मिलियन बालबालिकालाई विद्यालय पठाउन पर्याप्त हुने ४५० मिलियन अमेरिकी डलर बराबर को राजस्वको स्रोत गुमायो**

सबैभन्दा बढी तेल र ग्यास निर्यात गर्ने राष्ट्र नाइजेरियामा विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाको सङ्ख्या सबैभन्दा बढी छ। चाडले पत्ता लगाएका नयाँ आफ्ना स्रोतको लगानी गर्न शिक्षाजस्ता क्षेत्रलाई प्राथमिकताबाट हटाई सैनिक प्रयोजनतर्फ अभिमुख गरायो। प्राकृतिक स्रोतको दोहनमा भएको प्रतिस्पर्धाले लाइबेरिया र सिएरालियोनलाई द्वन्द्वको भुङ्ग्रोमा धकेलेको छ। प्रकृतिक स्रोतको व्यवस्थापन प्रभावकारी हुन

**चित्र १०: प्राकृतिक स्रोतको राजस्वले शिक्षा बजेटमा उल्लेख्य वृद्धि ल्याउँछ**

सन् २०१० को कुल शिक्षा बजेटका सापेक्ष प्राकृतिक स्रोतको राजस्वलाई अधिकतम बढाएर शिक्षाका लागि थप लगानी




टिप्पणीः प्राकृतिक स्रोतको राजस्वलाई दुई चरणमा वृद्धि गर्न सकिन्छः १. खनिज पदार्थ निकासीको ३० प्रतिशत र तेलबाट ७० प्रतिशत र २. प्राकृतिक स्रोतको राजस्वको २० प्रतिशत शिक्षाको बजेटमा थप

स्रोतः UIS database / IMF को आर्टिकल IV को समीक्षाका आधारमा सबैका लागि शिक्षाको विश्वव्यापी अनुगमन प्रतिवेदन टोलीले गरेको आँकलन

नसक्दा त्यसको ठूलो हिस्सा खेर जान्छ । उदाहरणका लागि प्रजातान्त्रिक गणतन्त्र कङ्गोमा २००८ मा ४५० मिलियन अमेरिकी डलर बराबरको नोक्सान भएको अनुमान छ, जो त्यहाँको समग्र शिक्षा बजेटभन्दा बढी र ७.२ मिलियन बालबालिकालाई प्राथमिक शिक्षा प्रदान गर्न पर्याप्त थियो ।

प्राकृतिक स्रोतलाई सरकारी राजस्वमा परिणत गर्न सकियो त्यसको प्रभावकारी उपयोग गर्न सकिएको खण्डमा धेरै मुलुकहरूको सबैका लागि शिक्षाका लक्ष्य पूरा गर्न सघाउ पुग्ने थियो (चित्र १०) ।

बहुमूल्य पत्थर हीराको खानीले बोत्स्वानालाई सब-सहारा अफ्रिकाको सबै भन्दा धनी मुलुक बनाइदिएको छ । त्यसबाट प्राप्त राजस्व बोत्स्वानाले विगत केही दशकदेखि शिक्षामा लगानी गर्दै आएको छ । परिणामस्वरूप यस मुलुकले सर्वव्यापी प्राथमिक शिक्षाका उद्देश्य प्राप्त गर्नुका साथै माध्यमिक शिक्षाको कुल भर्ना दर ८२ प्रतिशत पुऱ्यायो, जुन त्यस उपमहाद्विपको औसत दरको दोब्बर हो । घानाले आफ्ना स्रोत शिक्षा लगायतका क्षेत्रमा प्रभावकारी रूपले परिचालन गर्ने राजनीतिक सहमति कायम गरेको छ ।

**शिक्षा क्षेत्रमा प्राप्त हुने कुल सहयोगको ५ प्रतिशत निजी सङ्घ संस्थाबाट प्राप्त हुन्छ**

यस प्रतिवेदनका लागि गरिएको एक विश्लेषणले स्रोतका दृष्टिले पहिल्यैदेखि धनी एवं प्राकृतिक तेल, ग्यास तथा खनिज पदार्थको दोहनबाट अत्यन्त द्रुत गतिले सम्पन्नता हासिल गरिरहेका १७ मुलुकमा शिक्षामा थप स्रोतको सम्भावना देखाएको छ । यदि ती मुलुकका प्राकृतिक स्रोतबाट उपलब्ध हुने राजस्वलाई बढाइयो र शिक्षामा अतिरिक्त २० प्रतिशत स्रोत थपियो भने त्यसबाट शिक्षा क्षेत्रलाई प्रतिवर्ष ५ बिलियन अमेरिकी डलरको अतिरिक्त स्रोत प्राप्त हुन सक्छ, जसले ती मुलुकका १२ मिलियन विद्यालय बाहिर रहेका बालबालिकामध्ये ८६ प्रतिशत र विद्यालय नगएका ९ मिलियन किशोरहरूमध्ये ४२ प्रतिशतलाई शिक्षा दिन पुग्छ । त्यसो हुनसके घाना, गिनी, लाओ, मालावी, युगान्डा र जाम्बिया कुनै दातृनिकायको सहयोगबिनानै प्राथमिक शिक्षाको प्राप्ति गर्न सक्नेछन् ।

प्राकृतिक स्रोतबाट प्राप्त राजस्वको राम्रो र उत्पादनमूलक उपयोगलाई प्रोत्साहित गर्न शिक्षाका प्रवर्तकहरुले सरकारलाई राजस्व सङ्कलन गर्दा नियमको परिपालनामा उच्च स्तरीयता र पारदर्शिता सुनिश्चित गर्ने संयन्त्र निर्माणमा सघाउनुपर्दछ । प्राकृतिक स्रोतको राजस्वको उपयोगसम्बन्धी सूचनालाई राष्ट्रिय सूचना व्यवस्थापन प्रणालीमा आबद्ध गराएर अर्थतन्त्रको विविधीकरण र स्रोतका अभावबाट मुक्तिका लागि शिक्षा क्षेत्रमा दीर्घकालीन लगानी सुनिश्चितता गर्न जरुरी छ ।

## निजी सङ्गठनको सहयोगको सम्भावना

सबैका लागि शिक्षा कार्यक्रममा स्रोतको अभाव खड्कँदो अवस्था रहेको र यसको परिपूर्तिका लागि अन्तर्राष्ट्रिय सहयोगका सम्भावना पनि धुमिल रहेको वर्तमान अवस्थामा निजी सङ्गठनहरू वित्तीय स्रोतका वैकल्पिक सम्भावनाका रूपमा देखापरेका छन् । एक आँकलनले सन् २००८ र २०१० का बीच विकासशील मुलुकमा १२० बिलियन अमेरिकी डलरको औपचारिक सहयोगका तुलनामा निजी सङ्गठनहरूबाट ५० बिलियन अमेरिकी डलरको योगदान हासिल भएको देखाएको छ । तर यस सहयोगको प्रमुख हिस्सा स्वास्थ्य क्षेत्रलाई गएको देखिन्छ । उदाहरणका लागि यु.एस्. फाउन्डेसन्सबाट प्राप्त अनुदानको ५३ प्रतिशत स्वास्थ्य क्षेत्रमा गयो भने केबल ८ प्रतिशत मात्र शिक्षा क्षेत्रमा गएको थियो ।


सार्वजनिक रूपमा उपलब्ध सूचनाका आधारमा यस प्रतिवेदनका लागि गरिएको एक विश्लेषणले निजी फाउन्डेसन तथा निगमहरूले विकासशील राष्ट्रहरूलाई ६८३ मिलियन अमेरिकी डलरको सहयोग उपलब्ध गराइरहेका छन्, जो DAC दातृ निकायहरूले शिक्षाका लागि उपलब्ध गराउने सहयोग रकमको केवल ५ प्रतिशत मात्र हो ।

उपलब्ध मध्ये २० प्रतिशत रकम त्यस्ता फाउन्डेसनले प्रदान गरेका हुन्, जसको उद्देश्य परम्परागत दाताहरूसँग आबद्ध रहेका छन् । पुनरावलोकन गरिएका मध्ये केबल ५ फाउन्डेसनले मात्र प्रति वर्ष ५ मिलियनभन्दा बढी रकम उपलब्ध गराएका छन् । यो रकम लक्जेम्बर्ग वा न्युजिल्यान्ड जस्ता सबैभन्दा साना द्विपक्षीय दाताले उपलब्ध गराउने सहयोग रकम बराबर छ (चित्र ११) ।

यस्तै, निगमहरूले उपलब्ध गराएका स्रोतको ७१ प्रतिशत मात्र ५ कम्पनीले प्रति कम्पनी प्रति वर्ष २० मिलियन अमेरिकी डलरका दरले उपलब्ध गराउँछन् । शिक्षा क्षेत्रलाई सबभन्दा धेरै सहयोग उपलब्ध गराउने निगमहरूमा सूचना तथा सञ्चार प्रविधि वा ऊर्जा कम्पनीहरू रहेका छन् ।

**चित्र ११ः दाताको अनुदानको कारणले ठूला प्रतिष्ठानले शिक्षामा गर्ने लगानी घटेको छ ।**

पाँच ठूला प्रतिष्ठानले शिक्षामा गरेको योगदान र सरकारी दाताले शिक्षामा गरेको सहायता, २००९-२०१० वा नजिकको उपलब्ध वर्ष




टिप्पणीः विलियम एन्ड फ्लोरा ह्युलेट फाउन्डेसनबाट आउने वार्षिक सालाखाला १५ मि. डलरको करिब दुई-तिहाइ सुरूमा बिल र मेलिन्डा गेट्स फाउन्डेसनबाट आएको हो । अधिकाश मामिलामा विकासशील देशमा शिक्षाको सहयोग रकम फाउन्डेसनबाट प्राप्त हुने समष्टिगत तथ्याङ्क प्रयोग गरी अनुमान गर्नुपर्छ ।

स्रोतः एनेक्स, एड टेबल २; कारनेगी कर्पोरेसन अफ न्युयोर्क (२०११); फोर्ड फाउन्डेसन (२०११); मास्टरकार्ड फाउन्डेसन (२०१०); विलियम एन्ड फ्लोरा ह्युलेट फाउन्डेसन (२०१०)

यस्तो सहयोगको सानो हिस्सा मात्र सबैका लागि शिक्षा कार्यक्रमको लक्ष्य प्राप्तिभन्दा धेरै पर रहेका मुलुकहरूमा खर्च भएको छ। लगानीका हिसाबले उच्च शिक्षाले बढी ध्यान पाइरहेको देखिन्छ। भौगोलिक दृष्टिले हेर्दा निगमहरू, खास गरी सञ्चार प्रविधि सम्बद्ध उद्योगहरूले आफ्ना रणनीतिक स्वार्थ गाँसिएका ब्राजिल, भारत, तथा चीन जस्ता मध्यम आय समूहका मुलुकहरूलाई लक्षित गर्दछन्। अधिकांशतः तिनको सहयोग अल्पकालीन र विशृङ्खलित रहने गर्दछन्।

अधिकांश फाउन्डेसन तथा निगमहरूले शिशु स्याहार तथा शिक्षा, प्राथमिक शिक्षा, युवाहरूका लागि सीप विकास तथा सिकाइउपलब्धिको मापनजस्ता क्षेत्रमा सफल र प्रवर्तनात्मक योगदान दिएका छन्। सामान्यतया तिनको सफलताको मापन धेरै कठिन हुने गर्दछ। निजी संस्थाहरू आफ्ना कार्यक्रमको प्रभावकारीताबारे उच्च आवाजमा दाबी गर्ने गर्दछन् तर प्रभावकारिताको पर्याप्त प्रमाण वा प्रभावकारिता मूल्याङ्कनका तथ्याङ्क भने प्रस्तुत गर्दैनन्।

सबैका लागि शिक्षा कार्यक्रममा यस्ता निगमहरूको संलग्नताले तिनलाई सरकारी नीति निर्माण प्रक्रियामा आफ्ना व्यावसायिक स्वार्थ अनुकूल प्रभाव पार्ने अवसर प्राप्त हुछ। तिनका सहयोग शिक्षाका लागि फाइदाजनक नै हुने भए पनि अन्य दातृ निकायसरह तिनका कार्यक्रमको पनि गम्भीर निरूपण गरिनु जरुरी छ।

कार्यक्रम निरूपणको प्रथम चरणमा सबैका लागि शिक्षा कार्यक्रममा योगदान दिन चाहने सबै निजी संस्थासँग तिनले प्रदान गर्ने रकमलगायत योगदानको प्रतिबद्धता तथा खर्चका पक्रियाबारे सूचना सङ्कलन गरिनुपर्दछ। यसबाट उनीहरूका व्यावसायिक स्वार्थले सामूहिक उद्देश्यलाई छायामा पार्ने हुन् वा होइनन् भन्ने प्रश्नको निरूपण पनि हुन्छ र वित्तीय खाडलको परिपूर्तिमा प्राप्त हुने रकमबारे सूचना पनि।

निजी संस्थाको सहयोगलाई सरकारका कार्यक्रमसँग समन्वय र मुलुकका आवश्यकतासँग मिलान गर्न सकियो भने तिनको प्रभावकारितामा अभिवृद्धि हुन सक्छ। शिक्षाका लागि Global Business Coalition ले विशेष गरी सबैका लागि शिक्षाका लक्ष्यलाई आत्मसात गरेर काम गर्ने भएकाले यसो गर्नु उपयुक्त हुन सक्छ।

सरकारले शिक्षाका लागि गरेको प्रयत्नमा निजी संस्थाले सहयोग पुऱ्याउन सक्ने अर्को तरिका हो, तिनबाट प्राप्त हुने सहयोगलाई संयुक्त कोष (Pool funding) मार्फत प्रवाहित गर्नु। यस सन्दर्भमा विश्व स्वास्थ्य कोष जस्तै एड्स विरुद्ध विश्वकोष, टी.बी. तथा मलेरिया जस्ता कार्यक्रमले सफलता पाएका छन्। तर शिक्षा क्षेत्रका विद्यमान प्रमुख संयन्त्र, जसलाई शिक्षाका लागि विश्व साझेदारी (Global Partnership for Education) भनिन्छ, ले यस सम्बन्धमा हालसम्म प्रभावकारी भूमिका निर्वाह गर्न सकेको छैन। शिक्षाका लागि विश्व साझेदारीको बोर्डमा एक पद सुरक्षित गरिएकाले हाल नीति निर्देशको तहमा निजी क्षेत्रको पहुँच सम्भव भएको छ। तर पनि हालसम्म निजी संस्थाको सहयोग साझेदारका बैठकमार्फत संयुक्त कोषमा प्रवाहित हुन सकेको छैन।

**सबैका लागि शिक्षामा लगानी गर्दा निजी क्षेत्र पार दर्शी हुनुपर्छ**


## खाडल पूर्ति

धेरै महत्वपूर्ण नतिजा देखाउन सकेको शिक्षा क्षेत्रका बजेट विस्तारको एउटा कालखण्ड सकिएपछि एउटा अनिश्चयको वातावरण देखापरेको छ। धनी मुलुकहरू आर्थिक मन्दीको चपेटामा परेका छन्, जसका कारणले सबैका लागि शिक्षाका लक्ष्य प्राप्तिमा सबैभन्दा पछाडि परेका गरिब मुलुकहरूले प्राप्त गर्ने सहयोग नराम्ररी प्रभावित भएको छ।


वैदेशिक सहयोगमा हुने कटौतीले शिक्षामा वित्तीय खाडलको दूरी अझ बढ्ने स्पष्ट छ। यसका लागि प्रवर्तनात्मक उपाय खोज्नु आवश्यक भएको छ। ब्राजिल, चीन, अमेरिका जस्ता उदीयमान दाताहरू अहिले आशलाग्दा स्रोतका रूपमा देखिएका छन्। तर तिनको सहयोग हालसम्म अत्यन्त आवश्यकता महसुस गरिएका मुलुकहरूप्रति लक्षित नभएकाले अरु स्रोत खोज्नु आवश्यक भएको छ। निजी संस्था र प्राकृतिक स्रोतको राजस्व हाल देखापरेका दुई सम्भावित विकल्प हुन्। तर यिनका योगदानलाई प्रभावकारी बनाउन सबैका लागि शिक्षाका लक्ष्यसँगको सम्बद्धता र पारदर्शितामा ध्यान पुऱ्याउनुपर्ने हुन्छ।



© Chris Stowers/PANOS



# भाग २. युवा र सीप
# शिक्षा र कामको आबद्धता



*कसैले मलाई सीप र काम गर्ने अवसर दिए म आफ्नो उद्देश्य प्राप्त गर्न सक्छु भन्ने कुरा मलाई थाहा छ ।*

-इथियोपियाली युवती

युवाहरूमा कामका लागि सीपको विकास गराउनु नितान्त जरुरी भइसकेको छ । आज विश्वका सबै सरकारहरू आर्थिक मन्दीका दीर्घकालीन प्रभाव र ज्ञानमा आधारित हुँदै गएको अर्थतन्त्रले प्रस्तुत गरेका चुनौतीसँग सङ्घर्षरत छन् । तीव्र गतिले परिवर्तन भइरहेको यस विश्व परिस्थितिमा उन्नति र प्रगतिको अपेक्षा राख्ने सबै राष्ट्रले सीपयुक्त श्रमशक्तिको विकासमा ध्यान बढाउनु आवश्यक छ । सबै स्थान तथा पृष्ठभूमिका युवाहरूमा सम्मानजनक रोजगारीको तयारी र सामाजिक सहभागिताका लागि सीपको ठूलो आवश्यकता छ ।

सबैका लागि शिक्षाको तेस्रो लक्ष्य, 'सबै युवा तथा प्रौढको सिकाइ आवश्यकताको निर्धारण गर्दा सीपको आवश्यकताको अपरिहार्यता बोध भएको थियो । तर लक्ष्यको अस्पष्टता तथा मापन प्रविधिको अनिश्चितताका कारण सरकार, दातृ निकाय, शिक्षा समुदाय तथा निजी क्षेत्रलगायत कसैले पनि यसमा दिनुपर्ने जति ध्यान दिन सकेनन् । त्यसकारण सीप विकासका मुद्दा सदाभन्दा जटिल बन्दै गएका छन् ।

**१५ देखि २५ वर्ष उमेर समूहका करिब ८ मध्ये १ जना युवा बेरोजगार छ**

युवाहरूको सङ्ख्या सर्वदा ठूलो रहिआएको छ र विश्वका कतिपय हिस्सामा यसको वृद्धि दर अझ तीव्रतर छ । सन् २०१० मा विकासशील मुलुकमा मात्र १५-२४ वर्ष उमेर समूहको जनसङ्ख्या एक बिलियन नाघिसकेको थियो । तर युवाहरूको यस विशाल जनसङ्ख्याका अनुपातमा आवश्यक रोजगारीका अवसरको सिर्जना हुन भने सकेको छैन । आज १५-२४ वर्ष उमेर समूहका प्रत्येक आठमध्ये एक जना बेरोजगार छन् । प्रौढहरूका तुलनामा युवा बेरोजगारको सङ्ख्या तीन गुणाले बढी रहेको अनुमान छ । बेरोजगारीको चुनौती बढ्दो क्रममा रहेको वर्तमान परिप्रेक्ष्यमा आगामी लामो समयसम्म सुरक्षित कामका अवसरबाट कैयौं युवाहरू वञ्चित रहने सम्भावना छ ।

निजी क्षेत्रमा रोजगारीका अवसरको सिर्जना गरेर बेरोजगारीका समस्याको समाधान खोज्नुपर्ने विषयले नीति निर्माताहरूको एजेन्डामा प्रमुखता पाइरहेको वर्तमान परिप्रेक्ष्यमा दशौं लाख युवाहरूका लागि आधारभूत साक्षरता तथा गणितीय सीपको विकास गराउनुपर्ने ज्वलन्त आवश्यकताले उचित प्राथमिकता पाउन सकिरहेको छैन । आधारभूत साक्षरता तथा गणितीय सीपको ठूलो खाँचो खेपिरहेका यी युवाहरू शहरका अनौपचारिक क्षेत्र वा कृषिका साना फार्महरूमा प्राप्त ज्यालाले हातमुख जोर्न पनि हम्मे हम्मे पर्ने काम गर्न बाध्य छन् । यस्ता युवाहरूका आवाजको सुनुवाइ नभइरहेको आजको सन्दर्भमा तिनका आवश्यकतामा केन्द्रित सीप विकासका कार्यक्रम सञ्चालन गरेर तिनलाई यस्ता दयनीय परिस्थितिबाट किनारा लगाउने उपायको खोजीले प्राथमिकता पाउनु जरुरी छ ।

सीपको पहुँचमा असमानता व्याप्त छ । यो असमानताका कारण गरिब, महिला तथा सीमान्तकृत समुदाय मारमा पर्ने गरेका छन् । बहिष्करण र गरिबीका चपेटामा बाँच्न बाध्य युवा समुदायमा शिक्षाको कमी तथा पढाइ पूरा नगरी विद्यालय छोड्ने प्रवृत्ति अस्वाभाविक होइन । सीप विकासका अवसरमा पहुँचको अभावले त्यस्ता युवाहरू आगामी समयमा पनि रोजगारीको बजारमा सीमान्तकृत रहिरहने जोखिममा छन् । त्यसैकारण यस प्रतिवेदनले पहुँचको मारमा परेका युवाहरूको पहिचानमा विशेष ध्यान केन्द्रित गरेको छ र तिनका लागि कमाइबाट दैनिक गुजाराको आवश्यकता पूरा गरेर केही बचत गर्न सक्ने क्षमता निर्माणका लागि आवश्यक सीप विकासका अवसर सुनिश्चित हुनुपर्छ भन्ने आग्रह प्रस्तुत गरेको छ ।

यस प्रतिवेदनले युवाहरूलाई आवश्यक पर्ने आधारभूत, स्थानान्तरणीय र प्राविधिक तथा व्यावसायिक गरी जम्मा तीन प्रकारका सीप र त्यस्ता सीप हासिल हुने परिस्थितिको पहिचान गरेको छ ।

*आधारभूत सीप:* यसअन्तर्गत दैनिक गुजारका लागि पुग्ने ज्याला कमाउन सक्ने रोजगारीका लागि चाहिने साक्षरता तथा गणितीय सीप पर्दछन् । शिक्षा तथा तालिमलाई निरन्तरता प्रदान गर्न; स्थानान्तरणीय सीप हासिल गर्न तथा सम्मानजनक कामका सम्भावनायुक्त प्राविधिक तथा व्यावसायिक सीप सिक्ने आधारभूमि निर्माण गर्न आधारभूत सीपको जरुरत पर्दछ ।

*स्थानान्तरणीय सीप:* यसअन्तर्गत समस्या समाधानको क्षमता; विचार तथा सूचनाको प्रभावकारी सञ्चार; सिर्जनशीलता; नेतृत्वदायी क्षमता; चेतनशीलता; तथा जोखिम मोल्ने क्षमता आदि

पर्दछन् । यस्ता सीपले मानिसलाई भिन्न वातावरणमा घुलमिल गर्न तथा फाइदाजनक रोजगारीमा टिकिरहन मदत गर्दछन् ।


*प्राविधिक तथा व्यावसायिक सीपः* कृषि उत्पादन गर्नेदेखि लिएर सिलाइ मेसिनको प्रयोग, गारो लगाउने तथा कम्प्युटरको प्रयोग गर्ने लगायत विशिष्ट प्राविधिक जानकारीको आवश्यकता भएका काम गर्न चाहिने सीप यस अन्तर्गत पर्दछन् ।

यस प्रतिवेदनमा प्रयुक्त 'सीपका मार्ग' (Pathways to skill) एउटा यस्तो औजार हो, जसले सीप विकासका आवश्यकतालाई बुझ्न र तिनको सम्बोधनका लागि रणनीतिक कार्य लक्षित गर्ने उपयुक्त विन्दुहरूको पहिचान गर्न मदत गर्दछ । माथि वर्णित तीनै प्रकारका सीप सिक्न युवाहरूलाई सामान्य शिक्षा, विस्तारित शिक्षा, तथा प्राविधिक-व्यावसायिक शिक्षाको आवश्यकता पर्दछ । औपचारिक शिक्षा हासिल गर्ने अवसर गुमाएका युवाहरूका लागि दोस्रो अवसर शिक्षा, कार्यस्थलमा आधारित तालिम तथा प्रशिक्षार्थी कामदार (Apprenticeship) कार्यक्रम एवम् कृषिमा आधारित तालिम प्रदान गर्न सकिन्छ ।

## युवा, सीप तथा काम - जगको सुदृढीकरण

धेरै मुलुकमा युवाहरूको समुदाय अत्यन्त ठूलो छ र यसको वृद्धिले निरन्तरता पाइरहेको छ । अवसर प्रदान गरिएका खण्डमा मुलुककै समृद्धिका वाहक बन्ने अन्तर्निहित क्षमता यी युवाहरूमा विद्यमान छ । तर यस सम्भावनाको ढोका खोल्नमा मुलुकको पर्याप्त तयारी देखिँदैन । शैक्षिक पहुँचका अवसरमा असमानता व्याप्त छ । खास गरी गरिब परिवारका महिलालगायत धेरै युवाहरू त्यसको सिकार भएर अभावपूर्ण जीवन बाँच्न बाध्य छन् ।

युवाहरूका लागि सम्मानजनक काम पाउन चाहिने सीप सिक्ने अवसर सुनिश्चित गर्ने पहिलो खुड्किलो गुणस्तरीय शिक्षाको पहुँचमा समान अवसर प्राप्त हुनु हो । धेरै युवाहरू यस्ता अवसरबाट वञ्चित छन् या प्राप्त अवसर पनि गुमाएका छन् । यस्ता युवाहरू बेरोजगार रहने वा अति कम ज्यालामा काम गर्नुपर्ने जोखिममा छन् ।



## युवाहरूको ठूलो जनसङ्ख्या चुनौतीपूर्ण छ

*बेरोजगार युवाहरूको सङ्ख्या वर्षैपिच्छे बढेर गइरहेको छ । वर्षेनी थुप्रै युवाहरू विद्यालय छोड्छन् । रोजगारीका अवसरमा वृद्धि नहुनाले बेरोजगारको सङ्ख्यामा लगातार वृद्धि हुँदै जान्छ ।*

-एक इथियोपीयाली युवक

विश्वका प्रति ६ मध्ये १ जना मानिसको उमेर १५-२४ वर्ष समूहमा पर्दछ । तिनीहरूको समानुपातिक वितरण भएको छैन । गरिब मुलुकहरूमा तिनको सङ्ख्या बढी छ । यो जमात खास गरी सब-सहारा अफ्रिकी मुलुकहरूमा ठूलो र बढ्दो क्रममा रहेको छ । अफ्रिकीहरूमध्ये दुई तिहाइ २५ वर्ष उमेर समूहका छन् जब कि फ्रान्स, जापान, बेलायत तथा अमेरिका जस्ता धनाढ्य मुलुकहरूमा यस समूहको जनसङ्ख्या एक तिहाइभन्दा कम छ । सब-सहारा अफ्रिकामा २०३० सम्ममा यस उमेर समूहका युवाहरूको सङ्ख्या सन् १९८० को भन्दा साढे तीन दोब्बरले वृद्धि हुने अनुमान छ । अरब तथा दक्षिण पश्चिम एसियामा पनि युवाहरूको ठूलो जमात छ । त्यहाँ कुल जनसङ्ख्याको आधा २५ वर्ष उमेर समूहका छन् । सन् २०२० सम्ममा अरब, दक्षिण पश्चिम एसिया तथा सब-सहारा मुलुकका युवाहरूको बढ्दो सङ्ख्यालाई बेरोजगारीको वर्तमान स्तरमा स्थिर मात्र राख्ने हो भने पनि ५७ मिलियन थप रोजगारीका अवसरको सिर्जना गर्नुपर्ने हुन्छ ।

सीपको चरम अभावले युवाहरूको ठूलो जमातलाई बेरोजगार रहन वा हात मुख जोड्नै नपुग्ने काम गर्न बाध्य पार्दछ । त्यसकारण सरकारहरूको पहिलो दायित्व भनेकै ती युवाहरूका सीप विकासका आवश्यकताको प्रभावकारी सम्बोधन गर्नु हो । तर अवसरको उपयोग गर्ने सीपयुक्त युवाहरूको अभाव रहेसम्म रोजगारीका अवसर सिर्जना गर्दैमा गरिबीको समस्याले पार पाउन सक्दैन ।

**नाइजरमा १५-१९ वर्ष उमेर समूहका ५ मध्ये ३ किशोर/किशोरी कहिल्यै विद्यालय गएका छैनन्**

## व्यापक असमानताका कारण धेरै युवाहरूमा आधारभूत सीपको अभाव

*ठूलो मान्छे हुन चाहने हो भने मैले अध्ययनलाई जारी राख्नुपर्छ, तर आर्थिक अभावका कारण म त्यसो गर्न सक्दिनँ । अरुका लागि बोझ हुनुभन्दा पढाइ नै छोड्न चाहन्छु । काम पाइँदैन अनि मैले पढाइलाई कसरी निरन्तर राख्नु ?*

-एक मेक्सिकन युवक

कामको अवसर सुनिश्चित गर्ने हो भने प्रत्येक युवाले घटीमा निम्न माध्यमिक तहसम्मको शिक्षा पूरा गरी आधारभूत सीप हासिल गर्नु आवश्यक छ । यस प्रतिवेदनका लागि गरिएको एक अध्ययनले ५९ मध्ये ३० मुलुकका १५-१९ वर्ष उमेर समूहका आधा जनसङ्ख्यामा आधारभूत सीपको अभाव छ । सब-सहारा अफ्रिकाका ३० मध्ये २३ मुलुकमा यही स्थिति छ (चित्र १२) ।

आधारभूत सीपको अभाव विभिन्न कारणले हुने गर्छ । त्यस्ता कारणको निराकरण गर्न उपयुक्त नीतिगत् व्यवस्था चाहिन्छ ।

बुर्किना फासो, माली तथा नाइजरमा ५ मध्ये ३ युवा १५-१९ वर्षको उमेरसम्म विद्यालय गएकै हुँदैनन् । यसले उनीहरूका विद्यालय जाने सम्भावनालाई सदाका लागि समाप्त पारिदिन्छ । सब-सहारा अफ्रिकाका अधिकांश मुलुकमा विद्यालय गएका मध्ये पनि धरैले पढाइ पूरै नगरी विद्यालय छोड्छन् । रुवान्डाका धेरैजसो बालबालिका प्राथमिक विद्यालय जान्छन् तर तीमध्ये आधाजसोले शैक्षिक चक्र पूरा नगरीकनै विद्यालय छाड्छन् ।

कम आय सूहका धेरै मुलुकमा निम्न माध्यमिक तह पार गरिसक्नुपर्ने १५-१९ वर्ष उमेर समूका युवाहरूको ठूलो सङ्ख्या प्राथमिक विद्यालयमै हुन्छन् । उदाहरणका लागि युगान्डामा अद्यापि यस उमेरका ३५ प्रतिशत युवाहरू प्राथमिक कक्षामै छन् । तिनले प्राथमिक तहभन्दा अगाडिको शिक्षा तय गर्ने सम्भावना रहँदैन ।

भारत, इन्डोनेसिया, सिरियान अरब गणतन्त्र जस्ता कतिपय मुलुकहरूमा १५-१९ वर्ष उमेर समूहका युवामध्ये आधाले निम्न माध्यमिक तह पूरा गरिसकेका हुन्छन् । त्यस्ता मुलुकमा समेत कहिल्यै विद्यालय नगएका वा माध्यमिक तह पूरा नगरी बीचैमा पढाइ छोडेका वा अझै प्राथमिक तहमै अल्झिइरहेकाको सङ्ख्या ठूलै छ ।

गरिबीले शिक्षा तथा सीपका अवसरमा तगारो लगाइदिन्छ । इजिप्टका धनी परिवारका शतप्रतिशत बालबालिकाले उच्च माध्यमिक शिक्षा पूरा गर्दछन् तर गरिब परिवारका ५ मध्ये एक जनाले प्राथमिक शिक्षा नै पूरा गर्दैन ।


विद्यालय जानुपर्ने धेरै बालबालिका तथा किशोरहरू गरिबीका कारण विद्यालय नगएर काम गर्न गइरहेका छन् । सन् २००८ मा गरिएको एक आँकलनले विश्वभर ५ देखि १७ वर्ष उमेरका ११५ मिलियन बालबालिका जोखिमपूर्ण काममा संलग्न रहेकोतर्फ सङ्केत गरेको थियो । सीप सिक्ने क्षमताको अभावमा तिनीहरू अत्यन्त कम ज्यालायुक्त असुरक्षित काममा फसेका छन् ।

कमजोर आर्थिक पृष्ठभूमिका बालबालिकाको उमेरमा हुने वृद्धिका साथसाथै घरायसी काममा सघाउनुपर्ने बाध्यता रहन्छ । त्यसकारण पनि धनी र गरिबबीचको खाडल अझ चौडा हुँदै जान्छ । कोलम्बिया तथा भियतनाममा प्रायः सबै बालबालिका प्राथमिक विद्यालय जान्छन् । तर धनी परिवारका प्रायः सबैले निम्न माध्यमिक शिक्षा पूरा गर्दा भियतनाममा गरिब परिवारका दुई तिहाइ र कोलम्बियामा आधाले मात्र गर्छन् ।

आधारभूत सीप आर्जनमा अधिकांश गरिब मुलुकमा केटाहरूभन्दा केटीहरू पछाडि पर्ने सम्भावना रहन्छ । निम्न आय समूहका मुलुकमा धनी परिवारमा लैङ्गिक विभेद चर्को अवस्थामा छ । त्यसकारण केटीहरू पछाडि पर्दछन् भने गरिब परिवारमा केटाकेटी दुवै पछि पर्दछन् । बुर्किना फासोमा धनी परिवारका ६० प्रतिशत केटाका तुलनामा ४० प्रतिशत केटी मात्र निम्न माध्यमिक तहको शिक्षामा पुग्दछन् । त्यही मुलुकमा गरिब परिवारका बालबालिकामध्ये केवल ५ प्रतिशत मात्र निम्म माध्यमिक तहसम्म पुग्दछन् ।

**चित्र १२: धेरै युवा आधारभूत सीप सिक्न असक्षम छन्**

विभिन्न मुलुकका १५-१९ वर्ष उमेर समूहका युवाको शैक्षिक स्थितिको अद्यावधिक तथ्याङ्क




स्रोत:SUIS(2012a.)


© G.M.B. Akash/Panos

मध्यम आय समूहका मुलुकमा यसको ठीक उल्टो स्थिति छ। त्यहाँ लैङ्गिक असमानता गरिब परिवारमा मात्र छ। सम्पन्न परिवारका युवा सबै आधारभूत सीप सिक्न सक्षम छन्। टर्कीमा धनी परिवारमा लैङ्गिक समानता भए पनि गरिब परिवारमा छैन। त्यस मुलुकमा ६४ प्रतिशत केटाका तुलनामा ३० प्रतिशत केटी मात्र आधारभूत सीपका कार्यक्रममा सहभागी हुन्छन्।

बसोबास, जस्तैः शहरी-ग्रामीण एवम् क्षेत्र तथा लैङ्गिक सचेतनाको स्तरले पनि युवाको शैक्षिक अवसरमा फरक पार्दछ। ग्रामीण क्षेत्रमा बसोवास गर्ने युवतीले आधारभूत सीप सिक्न पाउने सम्भावना कम रहन्छ। पाकिस्तानका शहरी इलाकाका १५-१९ वर्ष उमेर समूहका युवाले ग्रामीण इलाकामा भन्दा झन्डै दोब्बर बढीले उच्च माध्यमिक शिक्षा पूरा गर्छन्। त्यहाँका ग्रामीण परिवारका आधा जसो बालबालिका कहिल्यै विद्यालय जाँदैनन्। तर शहरी इलाकामा विद्यालय नजानेको प्रतिशत केवल १४ मात्र छ। भारतको केरला राज्यमा सबै बालबालिकाले आधारभूत सीप हासिल गरेका छन्। तर बिहार राज्यमा यो अवसर केवल ४५ (५७ प्रतिशत केटा र ३७ प्रतिशत केटी) प्रतिशतलाई मात्र उपलब्ध छ ।

**निम्न तथा निम्न मध्यम आय समूहका १२३ मुलुकमा दोस्रो अवसर शिक्षाको आवश्यकता भएका युवाहरुको सङ्ख्या २०० मिलियन छ**

खास गरी गरिबी र आंशिक रूपले सरकारी स्रोतको असमान वितरणका कारणले अवसरमा यस्तो असमानता देखिएको हो। केन्यामा गरिब बस्तीका नजिक विद्यालय नभएकाले त्यहाँका धेरै बालबालिका विद्यालय जान पाउँदैनन्। माथिका दृष्टान्तले आर्थिक, लैङ्गिक तथा बसोबासका कारण कुनै युवा श्रम बजारको पहुँचबाट वञ्चित नहून् भन्नाका खातिर शैक्षिक अवसरको पुनर्वितरण हुनुपर्नेतर्फ इङ्गित् गरेका छन्।

## आधारभूत साक्षरता तथा गणितीय सीप सिक्न युवालाई दोस्रो अवसर प्रदान गरिनुपर्दछ

*अहिले मेरो शिक्षा र सीपको स्तर पर्याप्त छैन तर भविष्यमा तालिम लिने अवसर पाएँ भने म तिनको (आधारभूत सीप) प्राप्तिमा सफल हुनेमा विश्वस्त छु।*

-एक इथियोपियाली युवती

आधारभूत सीपको अभाव भएका सबै युवालाई दोस्रो अवसर प्रदान गर्नु त्यति सजिलो भने छैन। सबैका लागि शिक्षाको विश्वव्यापी अनुगमन प्रतिवेदन तयारीका क्रममा गरिएको आँकलनले १२३ निम्न तथा मध्यम आय समूहका मुलुकमा १५-२४ वर्ष उमेर समूहका २०० मिलियन बालबालिकाले प्राथमिक शिक्षा समेत पूरा गरेका छैनन्। यो सङ्ख्या कुल युवा जनसङख्याको पाँच भागको एक भाग हुन आउँछ। यसमा ५८ प्रतिशत महिला पर्दछन्।

क्षेत्रीय दृष्टिले हेर्दा सब-सहारा अफ्रिकामा तीनमध्ये एक र अरब राष्ट्रमा पाँचमध्ये एक युवा आधारभूत सीपबाट वञ्चित छ। माथि बताइएको २०० मिलियन युवाको आधा बङ्गलादेश, इथियोपिया, भारत, नाइजेरिया र पाकिस्तान गरी पाँच मुलुकमा मात्र छ। आधारभूत सीप नपाएकामध्ये बहुसङ्ख्यक (९१ मिलियन) दक्षिण तथा पश्चिम एसियामा र (५७ मिलियन) सब-सहारा अफ्रिकामा छन्।

दोस्रो अवसर शिक्षाका प्रवर्तनकारी कार्यक्रमहरू संसारभर धेरै छन्। यीमध्ये अधिकांश गैरसरकारी संस्थाबाट सञ्चालित छन्। तर ती कार्यक्रमको पहुँच अत्यन्तै सतही छ। १५ मिलियन युवायुवतिलाई आधारभुत सीपको दोस्रो अवसरको खाँचो रहेका ७ मुलुकमा सञ्चालित ठूला कार्यक्रममध्ये केहीको मूल्याङ्कन गर्दा तिनको पहुँच २.१ मिलियन बालबालिका तथा युवा युवासम्म मात्र सीमित रहेको पाइयो।

सबै बालबालिकालाई गुणस्तरीय प्राथमिक शिक्षा पूरा गराई निम्न माध्यमिक तहसम्म पुऱ्याउनु नै आधारभूत सीप प्रदान गर्ने सबैभन्दा मूल्य प्रभावी तरिका हो। धेरै मुलुकमा यस्तो अवस्थाको सिर्जना भइनसकेकाले मौका चुकाएका सबै युवालाई आधारभूत सीप प्राप्तिको दोस्रो अवसर प्रदान गर्नु नितान्त जरुरी छ।

## स्थानान्तरणीय सीप : कामको जगतमा प्रवेशको तयारी

*विद्यालयले तपाईलाई मानिसहरूसँग कसरी सञ्चार गर्ने तथा कामको वातावरण कस्तो हुन्छ भन्नेबारेमा सिकाउँछ।*

-संयुक्त अधिराज्यकी एक युवती

रोजगारदाताले रोजगारी खोज्नेसँग अह्राएको काम गर्ने मात्र नभई आफ्ना विवेकको प्रयोग गरी समस्या समाधान गर्न सक्ने, काममा अग्रसरता देखाउने, समूहका सदस्यसँग प्रभावकारी सञ्चार कायम राख्न सक्ने सुदृढ आधारभूत सीपको अपेक्षा राखेका हुन्छन्। पाठ्यपुस्तकबाट सिकाउन नसकिने यस्ता स्थानान्तरणीय सीपका लागि राम्रो गुणस्तरीय शिक्षाको आवश्यकता पर्दछ। श्रम बजारमा नयाँ कामदारमा यस प्रकारका सीपको अभाव रहने गरेको गुनासो अक्सर रोजगारदाताबाट सुनिने गर्दछ।

लामो अवधिको विद्यालय शिक्षाले समस्या समाधानका सीप हासिल गर्न मदत पुग्ने तथ्य सम्पन्न मुलुकका अनुभवले देखाएका

छन् । क्यानाडामा उच्च माध्यमिक शिक्षा पूरा गरेका २० प्रतिशतका तुलनामा पढाइचक्र पूरा नगरी छाड्ने ४५ प्रतिशत युवामा यस प्रकारका सीपको अभाव रहेको पाइएको छ ।

गुणस्तरीय शिक्षाले विद्यार्थीमा अभिप्रेरणा तथा आत्मविश्वास जगाउँछ । गरिब मुलुकका अनौपचारिक क्षेत्रमा काम गर्ने धेरै युवाहरूलाई काममा सफलता दिलाउने स्थानान्तरणीय सीप औपचारिक शिक्षाका माध्यमबाट प्रदान गर्न सकिन्छ । सामाजिक आर्थिक रूपले पछाडि परेका युवामा यसप्रकारका सीपको विकास गराउन अझै धेरै काम गर्न बाँकी नै छ । यसै तथ्यलाई ध्यानमा राखेर भारतको 'आकाङ्क्षा' नामक गैरसरकारी संस्थाले मुम्बईको गरिब बस्तीका बालबालिकामा स्वाभिमान तथा आत्मविश्वासको निर्माण गर्ने उद्देश्यका साथ कार्यक्रम सञ्चालन गरिरहेको छ । सहभागी बालबालिकामा यस कार्यक्रमको दूरगामी प्रभाव देखिएको छ । यस्तो प्रभाव ती बालबालिकाको विद्यालय शिक्षा तथा कमाइका क्षेत्रमा समेत प्रतिविम्बित भएको देख्न सकिन्छ ।

## विद्यालयबाट कामका क्षेत्रका सङ्क्रमण पीडादायी

*तपाइँ कामको खोजीमा जानुहुन्छ, रोजगार दाताले हाइस्कुल पास गरेको प्रमाणपत्र माग्छ, तर तपाइँसँग छैन ।*

-एक मेक्सिकन युवती

विद्यालयबाट कामका क्षेत्रमा प्रवेश गर्दा धेरै युवाहरूका लागि पीडा हुन्छ । युवाले श्रमबजारमा भोग्नुपरेका पीडामध्ये अक्सर कामको अभाव, न्यून गुणस्तरका असुरक्षित काम तथा कम ज्याला आदि प्रमुख हुन् । शिक्षा प्रप्तिसँग गाँसिएको गरिबी, लैङ्गिकता, अशक्तता जस्ता बाधक तत्वहरूले श्रम बजारसम्म पनि पिछा गरिरहन्छन् । यस्ता परिस्थितिका जिम्मेवार तत्व सीप विकासका अवसरमा असमानता, सामाजिक मान्यता तथा श्रमबजारमा कायम विभेद आदि हुन् ।

सम्पन्न मुलुकका कतिपय युवा पनि विद्यालय शिक्षापछि लामो समयसम्म बेरोजगारीको अवस्थाबाट गुज्रनु पर्ने अवस्था छ । सन् २०११मा विश्वभर १३ प्रतिशत अर्थात् ७५ मिलियन युवा बेरोजगार थिए । यो सङ्ख्या सन् २००७ को आर्थिक मन्दी आउनुपूर्वको भन्दा चार मिलियनले बढी हो । बेरोजगारीको समस्या प्रौढभन्दा युवामा औसत दुईदेखि तीन गुणा बढी छ । यो फरक इजिप्टमा ६ गुणा, दक्षिण अफ्रिकामा अढाइ गुणा र इटलीमा चार गुणाले छ ।

एकातिर वयस्कभन्दा किशोर बेरोजगार रहने सम्भावना प्रबल छ भने अर्कातर्फ कामका दुनियामा पहिलो कदम राख्न प्रतीक्षारत युवाहरूका लागि राम्रा कामका अवसरका तगारा छिचोलिनसक्नु छन् । सन् २०००को मध्यतिर विश्व आर्थिक मन्दीले पदार्पण गर्नुभन्दा अगाडि इटलीका १५-२९ वर्ष उमेर समूहका १७ प्रतिशत युवाहरू शिक्षा पूरा गरेको ५ वर्षपछि सम्म पनि बेरोजगार अवस्थामा थिए ।

आर्थिक मन्दी आएयता खास गरी कम शैक्षिक योग्यता भएका युवाहरूका कामको अवसर क्षीण हुँदै गएका छन् । सन् २०११ मा विश्व आर्थिक मन्दी सुरु हुनुपूर्व विद्यमान रोजगारीका अवसरभन्दा २९ मिलियनले कम रोजगारीका अवसर सिर्जना भए । स्पेनमा सन् २००७ र २००९ का बीच माध्यमिक शिक्षा पूरा नगरेका युवाको बेरोजगारीको दरमा अत्यधिक वृद्धि भयो ।

बेरोजगारीका यस्ता विवरणले कतिपय युवाले भोग्नुपरिरहेका कठिनाइको पूर्ण चित्र प्रस्तुत गर्दैनन् । कतिपय युवाले रोजगारी पाउनेमा विश्वास नलागेर त्यसका अवसरको खोजी गर्नै छोडिसकेको यथार्थ ती विवरणले उजागर गर्दैनन् । शिक्षा वा रोजगारीमा पनि संलग्न नभएका र रोजगारीका अवसरको खोजीमा पनि सक्रियताका साथ नलागेका युवालाई सामान्यतया निष्क्रिय भन्ने गरिन्छ । तर यस्तो निष्क्रियताले व्यक्तिको अभिप्रेरणाको भन्दा पनि श्रम बजारको निष्क्रियतालाई बढी प्रतिविम्बित गर्दछन् । यदि विरक्तिएर रोजगारीका अवसर खोज्नै छाडेका युवाहरूको समेत गणना गर्ने हो भने बेराजगारको सङ्ख्यामा उल्लेखनीय वृद्धि देखिन सक्छ ।

सन् २०११ मा रोजगारीका अवसरको सङ्ख्या आर्थिक मन्दी आउनुपूर्वको भन्दा २९ मिलियनले कम थियो

निष्क्रिय भनिएकामध्ये महिलाहरूको जमात बहुसङ्ख्यामा पर्दछ । प्राथमिक शिक्षा मात्र पूरा गरेर रोजगारीको खोजीमा निष्क्रिय रहने किशोर वयका युवाबीच लैङ्गिक विभेदको खाडल अत्यन्त चौडा रहेको छ । जोर्डनमा प्राथमिक शिक्षा मात्र पूरा गरेर पढाइ छोड्ने २० प्रतिशत युवाहरूका तुलनामा ८० प्रतिशत युवतीहरूले रोजगारीका अवसरको सक्रिय खोजी गर्न छाडेका छन् ।

घरायसी तथा अन्य अनौपचारिक क्षेत्रमा अबेरसम्म काम गर्ने युवतीहरू अक्सर नीति निर्माताका नजरमा पर्दैनन् । यस प्रतिवेदनका लागि हालै ९ मुलुकमा गरिएको एक सर्वेक्षणले सबै मुलुकमा कामको खोजीमा नैराश्य प्रदर्शित गर्ने पुरुषका तुलनामा महिलाहरू नै बढी रहेको देखायो । कामदार छनौटका विभेदकारी अभ्यास तथा लैङ्गिक हिसाबले घरायसी कामका बोझको असमान वितरणका कारण पनि धेरै युवतीहरू कामको खोजीको प्रयास गर्न छाड्छन् ।

रोजगारी पाए पनि अक्सर समान प्रकारका काममा महिलाहरूले पुरुषको भन्दा कम पारिश्रमिक पाउने गर्दछन् । भारत तथा पाकिस्तानमा महिलाको भन्दा पुरुषले औसत ६० प्रतिशतले बढी पारिश्रमिक पाउँछन् । पारिश्रमिकको फरक साक्षरता तथा गणितीय सीपमा कमजोर महिला र पुरुषबीच अझ बढी छ । तथापि शिक्षाले महिलाहरूको कमाइको स्तरमा ठूलो भिन्नता ल्याउँछ । पाकिस्तानमा उच्चस्तरको साक्षरता भएका महिलाहरूले साक्षरता स्तर कम भएका महिलाका भन्दा ९५ प्रतिशत बढी आर्जन गर्दछन् तर यस्तै अवस्थाका पुरुषहरूबीच पारिश्रमिकमा ३३ प्रतिशतले मात्र फरक छ ।

अपाङ्गता भएका युवाका लागि शिक्षा तथा रोजगारीका पहुँचमा अझ बढी कठिनाइ छन् । केन्यामा अपाङ्ग युवामध्ये धेरै कमले मात्र प्राथमिकभन्दा माथिल्लो तहका शिक्षा पूरा गरेका छन्,

अपवादस्वरूप केही परिवार वा रोजगारदाता बाहेक नगन्यले मात्र तिनलाई रोजगारीका लागि स्वीकार गर्छन् ।

कतिपय युवाहरू बेरोजगार बस्नुभन्दा कम गुणस्तरीय, कम ज्याला पाउने तथा जोखिमपूर्ण र अबेरसम्म खट्नुपर्ने भए पनि काम गर्नै ठीक ठान्दछन् । कतिपयका लागि पछि गएर यस्ता काम राम्रो कामका प्रवेश मार्ग पनि साबित हुन सक्छन् तर अन्य धेरैका लागि भने यस्ता काम कहिल्यै फुत्कन नसक्ने माखेसाङ्लो पनि साबित हुन सक्छ ।

विश्वभर कुल युवा कामदारहरूको २८ प्रतिशत अर्थात् १५२ मिलियन युवाहरू, दैनिक १.२५ अमेरिकी डलरभन्दा घटी ज्याला पाउने काम गर्न बाध्य छन् । बुर्किना फासो, इथियोपिया तथा युगान्डामा कामै नगरी बस्नुभन्दा कम ज्यालामा भए पनि गर्नुपर्छ भन्ने मान्यताले जरा गाडेको छ ।

यस्ता न्यून वैतनिक काममा प्रौढका तुलनामा युवाहरू बढी संलग्न रहने सम्भावना रहन्छ । बुर्किना फासोको Ouagadougou मा युवाहरूको तुलनामा प्रौढहरूले औसत अढाइ गुणा बढी ज्याला कमाउँछन् । युवाहरू बिस्तारै तलब बढ्दै जाला भन्ने अपेक्षा राख्दछन् तर न्यूनतम भन्दा कम ज्यालादारीको मारले तिनलाई दैनिक आवश्यकता धान्नै नसक्ने अवस्थामा जकडेर राखिदिन्छ ।

गरिब मुलुकका कम शैक्षिक योग्ता भएका, कामका राम्रा अवसर प्राप्त गर्न नसक्ने युवाहरू नै प्रायः कम ज्यालायुक्त काममा फस्ने जोखिममा रहन्छन् । राम्रा कामको अवसर प्राप्तिमा बढी व्यवधान भएका स्थानमा शिक्षाको स्तर पनि सामान्यतया कम नै रहने गर्दछ । कम गुणस्तरीय शिक्षा नै न्यून वैतनिक रोजगारी स्वीकार्नु पर्ने परिस्थितिको प्रमुख द्योतक हो । उदाहरणका लागि कम्बोडियामा माध्यमिक शिक्षा प्राप्त गरेका युवामध्ये ६७ प्रतिशतको तुलनामा अशिक्षित युवाहरूको ९१ प्रतिशतले गरिबीका रेखामुनि काम गर्दछन् ।

**कुल जनसङ्ख्याको लगभग एक चौथाइभन्दा बढीले युवा कामदार दैनिक १.२५ अमेरिकी डलरभन्दा कम ज्याला दरमा काम गर्छन्**

चाँडै विद्यालय छोड्ने सम्भावना रहने हुनाले गरिब मुलुकका ग्रामीण क्षेत्रका युवाहरूको बेराजगार बस्नुभन्दा न्यून वैतनिक कामका जाने विकल्प छान्दछन् । उदाहरणका लागि क्यामरुनका ग्रामीण क्षेत्रमा बेरोजगारीको दर एक प्रतिशत जति मात्र छ । तल्लो तहको शिक्षा प्राप्त धेरै युवाहरूको ठूलो जमातलाई कृषि क्षेत्रले रोजगारी प्रदान गर्दछ । तर तिनीहरू ज्यादै कम बेतन पाउँछन् । अशिक्षित युवाहरूको दुई तिहाइ सङ्ख्या प्रति दिन १.२५ अमेरिकी डलरभन्दा कम बेतनमा काम गर्छन् । अशिक्षित महिलाहरूको स्थिति त अझ दयनीय छ ।

लैङ्गिक आधारमा पनि माध्यमिक तहको शिक्षाले युवाहरूको राम्रा काम खोज्ने क्षमतामा प्रभाव पार्ने गर्दछ । नेपालमा माध्यमिक शिक्षा पूरा नगरेका ४० प्रतिशत युवकहरूका तुलनामा माध्यमिक शिक्षा पूरा गरेका ३० प्रतिशतभन्दा कम महिलाले मात्र गरिबीको रेखाभन्दा माथिल्लो तहको कमाइ गर्दछन् ।

## समृद्धिका लागि सीप विकासमा लगानी


*शिक्षाको अभावका कारण हामी काम पनि पाउँदैनौं र जीवनमा सुधार पनि ल्याउन सक्दैनौं । हाम्रा लागि उन्नतिको कुनै सम्भावना नै छैन ।*

–भारतीय युवक

बेरोजगारी, असमानता तथा गरिबी घटाउन र समृद्धि हासिल गर्न सीप विकासले ठूलो मदत गर्दछ । शिक्षामा गरिएको प्रत्येक एक अमेरिकी डलरको लगानीले १० देखि १५ डलरसम्मको आर्थिक वृद्धि दिन सक्ने हुँदा शिक्षामा लगानी गर्नु बुद्धिमत्तापूर्ण छ । यदि विश्वका सबैभन्दा गरिब ६४ मुलुकका १५ वर्षे युवाहरूले गणितमा OECD मापकको न्यूनतम अङ्क हासिल गर्न सक्ने हो भने त्यसले साबिकभन्दा २.१ प्रतिशतले बढी दरको आर्थिक वृद्धि प्रदान गर्दछ । यसो हुन सके १०४ मिलियन मानिसलाई चरम गरिबीबाट मुक्ति मिल्दछ ।

सीपविकासका योजनामा लगातार प्राथमिकता प्रदान गर्दै आएकाले विगत ३० वर्ष अगाडिसम्म गरिब मुलुकमा गणना हुने दक्षिण कोरिया आज विश्वका सम्पन्न मुलुकमध्ये गणना हुन थालेको छ । त्यस मुलुकले सर्वप्रथम प्राथमिक र पछि माध्यमिक शिक्षामा सर्व व्यापकता हासिल गरेर समग्र जनसङ्ख्याको सीपको स्तर उन्नत गरायो । यति भएपछि उद्योगहरूलाई सीप विकासका तालिममा केन्द्रित गरायो । सङ्क्षेपमा भन्नुपर्दा राज्यले श्रम बजारको मागअनुसारका सीपको वितरण गर्ने भूमिका निर्वाह गऱ्यो ।

लामो अवधिको पछौटेपन भोगेपछि सब-सहारा अफ्रिकाले सन् २००० यता उल्लेख्य समृद्धि हासिल गऱ्यो । त्यस उपमहाद्विपका एक तिहाइभन्दा बढी मुलुकहरूले ६ प्रतिशतको आर्थिक वृद्धि दर हासिल गरेका छन् र कतिपयले २१ औं शताब्दीको आधा समयावधिभित्र मध्यम आय समूहका मुलुकको दर्जा हासिल गरिसक्ने अपेक्षा राखेका छन् । दक्षिण कोरिया र पूर्वी एसियाका ‘बाघ’ भनिने मुलुकहरूका अनुभवलाई हेर्दा सब-सहारा अफ्रिकाको आर्थिक वृद्धि शिक्षा र श्रम बजारका माग समन्वित गरी सीप विकासमा लगानी बढाउने आर्थिक नीतिको दक्षतामा भर पर्दछ ।


© Mikkel Ostergaard/PANOS

## कतिपय सरकारले सीपलाई उपेक्षा गर्दा सुविधाविहीन पक्षले बढी घाटा बेहोर्नुपर्छ ।

सीप विकासको महत्व धेरै भएर पनि यसको प्रयासले पाउनुपर्ने जति प्राथमिकता पाएको देखिँदैन । निम्न तथा मध्यम आय समूहका मुलुकमा युवा जनसङ्ख्या ठूलो छ । ४६ मुलुकका शैक्षिक दस्तावेजको अध्ययन गर्दा केवल आधाजसोले मात्र सीप विकासमा केन्द्रित नीतिगत योजना तयार पारेका वा पार्ने क्रममा रहेका पाइयो । ती मुलुकहरूले प्राविधिक व्यावसायिक शिक्षा र तालिम लगायत सीप विकासका अन्य व्यापक क्षेत्रलाई सम्बोधन गर्ने रणनीति अपनाएका छन् ।

सीप विकास योजना हुँदाहुँदै सुदृढ समन्वयका अभावले कार्यक्रमहरू खण्डीकृत हुने, श्रम बजारका माग तथा विकासका प्राथमिकतासँग तालमेल राख्न नसक्ने जस्ता समस्या रहेको पाइयो । सीप विकासको जिम्मेवारी विभिन्न निकायहरूबीच छरिएर रहेकाले त्यहाँ उत्तरदेहिताका विन्दु खुट्याउन गाह्रो पर्ने स्थिति देखियो ।

धेरै मुलकमा सीप विकासको स्पष्ट लक्ष्य तथा विकासका रणनीतिमा दूरदर्शिताको अभाव देखिन्छ । अध्ययनमा सामेल ४६ मुलुकमध्ये आधाले मात्र अनौपचारिक क्षेत्रमा काम गर्ने युवतीका लागि चाहिने सीपको सम्बोधन गर्ने प्रयास गरेको पाइन्छ । धेरै कम मुलुकले मात्र यस्तो योजनाको आवश्यकता महसुस गरेको र सम्बोधनका प्रयास थालेको देख्न पाइन्छ ।

उदाहरणका लागि इथियोपियाले सन् २०२५ सम्म मध्यम आय समूहका मुलुकको दर्जा हासिल गर्न अगाडि सारेको महत्वाकाङ्क्षी समावेशी विकास रणनीतिले सीप विकास कार्यक्रमलाई ठूलो महत्व प्रदान गरेको छ । त्यहाँ कृषि तथा उद्योगका लागि आवश्यक सीपमा जोड दिँदै सन् २०२० सम्ममा माध्यमिक शिक्षालाई सर्वव्यापी गराउने उद्देश्य राखिएको छ । अधिकांश कमजोर पक्षका युवाहरूले काम गर्ने साना उद्यमहरूको उत्पादकत्व बढाउनमा पनि त्यत्तिकै जोड दिइएको छ ।

विश्लेषण गरिएका मध्ये एक चौथाइ मुलुकले मात्र प्राथमिक विद्यालय छोड्ने समूहलाई पुनः शिक्षा वा तालिममा फर्काउने रणनीति अपनाएको देखिन्छ । उदाहरणका लागि सिएरालियोनले उद्यमसम्बन्धी सीपको तालिमसँग आबद्ध गराएर युवा रोजगार योजना अगाडि ल्याएको छ । १५-१९ वर्ष उमेर समूहका ५७ प्रतिशत विद्यार्थीले निम्न माध्यमिक शिक्षा पूरा नगरीकनै विद्यालय छोड्ने अवस्था रहेका मुलुकहरूका रणनीतिले आधारभूत सीपबाट वञ्चित युवाहरूका लागि दोस्रो अवसरको शिक्षामा दिनुपर्ने जति ध्यान पुऱ्याउन सकेका छैनन् ।

युवाहरू नीति निर्माणमा योगदान पुऱ्याउन सक्षम छन् र तिनका आवाजले यस कार्यमा महत्व पाउनुपर्छ । १५-२४ वर्ष उमेर समूहका युवाहरूको सङ्ख्याले कुल विश्व जनसङ्ख्याको छैटौं हिस्सा ओगटेको छ । आफ्ना शैक्षिक अनुभव, तालिम, रोजगारीका अवसर लगायत जीवनयापनका आवश्यकताबारे नीति निर्माता भन्दा बढी जानकारी रख्ने र समाजमा गतिशीलमध्येमा गनिने यो समूह अत्यन्तै उपेक्षित तथा असहाय अवस्थामा हुनु विडम्बनापूर्ण छ । यस समुदायलाई यदाकदा अन्तरक्रियात्मक कार्यक्रममा सहभागी गराइए पनि तिनको आवाज सामान्यतया पढालेखा तथा सम्पन्न शहरियाको छायामा दबिन्छ, बहुसङ्ख्यक गरिबका आवाजले कुनै महत्व पाउँदैन ।

## पिछडिएकाहरूलाई सीप सिकाउन वित्तीय लगानी बढाउनुपर्दछ

सबै युवाहरूले घटीमा निम्न माध्यमिक तहसम्मको शिक्षा पूरा गर्ने सुनिश्चितता; आधारभूत साक्षरता तथा गणितीय सीप सिक्ने अवसर गुमाएका युवाहरूका लागि दोस्रो अवसर शिक्षा; र कमजोर तप्काका युवाहरूलाई राम्रो कमाइका अवसर बढाउन तालिमका कार्यक्रम सञ्चालन गर्ने आदि तीन प्रकारबाट सीप विकास गर्ने कुरामा दातृ समुदायले सरकारहरूलाई सघाउने प्रतिबद्धता जाहेर गर्नुपर्दछ ।

यसका लागि लक्षित लगानीको बढी आवश्यकता पर्दछ । सन् २०१५ सम्ममा सर्वव्यापी प्राथमिक शिक्षा प्राप्त गर्न लाग्ने १६ बिलियन अमेरिकी डलरका अतिरिक्त सबै युवालाई निम्न माध्यमिक तहसम्मको शिक्षामा भर्ना गराउन मात्र प्रतिवर्ष ८ बिलियन अमेरिकी डलर खर्च लाग्छ । शिक्षा र तालिमको आवश्यकता रहेका अधिकांश युवाहरू गरिब परिवारका हुने भएकाले तिनले माध्यमिक शिक्षाको खर्च आफैं जुटाउन सक्दैनन् । त्यसकारण सरकारहरूले दातृ समुदायको सहयोग लिएर सबै युवाहरूका लागि औपचारिक शिक्षा वा दोस्रो अवसर कार्यक्रममार्फत आधारभूत सीप हासिल गर्ने वातावरणको सुनिश्चितता प्रदान गर्नुपर्दछ ।

**सबै युवाहरूलाई निम्न माधयमिक तहसम्मको शिक्षा प्रदान गर्न ८ बिलियन अमेरिकी डलर खर्च हुन्छ**

उच्च शिक्षाका पक्षमा माध्यमिक शिक्षाको बजेट घट्दै गएको भए पनि विगतका दशकदेखि गरिब मुलुकहरूले शिक्षाको बजेटमा विनियोजन राशी बढाउँदै लगेका छन् । यसका अतिरिक्त कतिपय दातृ समुदायले आधारभूत सीपको विकासमा उल्लेख्य सहयोग प्रदान गरिरहेका छन् । गत वर्ष मात्र दातृ समुदायले यस महलमा ३ बिलियन सहयोग प्रदान गरेका छन् । यसमध्ये ४० प्रतिशत साधारण माध्यमिक शिक्षा र व्यावसायिक तालिमका लागि गएको छ ।

यस क्षेत्रलाई प्राथमिकतामा राख्ने दाताहरूमध्ये जर्मनी अग्रस्थानमा छ । त्यसपछि विश्व बैङ्क, फ्रान्स, जापान लक्सेम्बर्ग एवं स्विजरल्यान्ड जस्ता मुलुकहरू पर्दछन् । जापानसँग सीप विकासमा गरिएका लगानीका कारण अत्यन्त ठूलो आर्थिक वृद्धि हासिल गरेको अनुभव छ । फ्रान्सले प्रदान गर्ने सहयोगमध्ये धेरैजसो विकासशील मुलुकमा पुग्दैनन् । सन् २०१० मा फ्रान्सले साधारण माध्यमिक शिक्षा तथा व्यावसायिक तालिमका लागि प्रदान गरेको २४८ मिलियन अमेरिकी डलरमध्ये ६० प्रतिशत

समुद्रपारका दुई फ्रेन्च प्राधिकरण क्षेत्रमा गएको थियो । शिक्षामा बाह्य वित्तीय सहयोग बढाउने प्रमुख दुई प्रकारका बाटा छन् : पहिलो, विकासशील मुलकका विद्यार्थीलाई छात्रवृत्ति दिएर आफ्ना मुलुकमा ल्याई पढाउँदा गरिने खर्चका कोषको पुनर्वितरण; र दोस्रो, उदीयमान दाताहरूलाई कमजोर युवाहरूका पक्षमा केन्द्रित सीप विकासका कार्यक्रम सञ्चालन गर्न सहयोगका लागि प्रोत्साहित गर्नु ।


सन् २०१० मा माध्यमिक शिक्षाको कुल सहयोग र ाशीको तीन चौ थाइ विकासशील मुलुकका विद्यार्थीलाई छात्रवृत्ति दिएर दातृराष्ट्रमा लगी पढाउनमा खर्च हुने गरेको पाइयो

उच्च शिक्षामा प्रदान गरिने सहयोगले पनि क्षमता विकासमा महत्वपूर्ण योगदान प्रदान गर्छ । तर यसको पहुँच कमजोर पक्षसम्म बिरलै मात्र पुग्दछ । सन् २०१२ मा पहिलो पटक OECD–DAC ले दाताहरूसँग तिनले प्रदान गरेका सहयोग राशीमा विकासशील मुलुकबाट माध्यमिकोत्तर तहका छात्रवृत्तिमा पढाउन विद्यार्थी लाँदा लाग्ने खर्चको हिस्साबारे प्रतिवेदन माग गऱ्यो । सो प्रतिवेदनले सन् २०१० मा माध्यमिकोत्तर शिक्षामा प्रदान गरिने सहयोग राशीको तीनचौथाइ अर्थात् ३.१ बिलियन अमेरिकी डलर यसबापत खर्च भएको देखियो (हेरौं चित्र १३) ।

२०१० मा जापान सरकारले शिक्षामा उपलब्ध गराएको प्रत्यक्ष सहयोगको ४० प्रतिशत रकम छात्रवृत्तिमा विद्यार्थीलाई जापान लगेर पढाउनमा खर्च भएको थियो । जापानमा एक जना नेपाली विद्यार्थीलाई छात्रवृत्तिमा पढाउँदा लाग्ने रकमले नेपालमा २२९ युवाहरूलाई माध्यमिक शिक्षा दिन पुग्छ । सन् २०१० मा जर्मनीले माध्यमिक शिक्षा तथा व्यावसायिक तालिममा प्रदान गर्ने प्रत्यक्ष सहयोग राशीको ११ दोब्बर विद्यार्थीलाई त्यहाँ लानमा खर्च गरेको देखियो । सो वर्ष फ्रान्सले प्रदान गर्ने कुल प्रत्यक्ष सहयोगको

## चित्र १३ : कतिपय दाताले प्रदान गर्ने सहयोगको ठूलो हिस्सा प्रापक मुलुकसम्म कहिल्यै पुग्दैन

छात्रवृत्तिमार्फत शिक्षामा प्रत्यक्ष सहयोग गर्ने प्रमुख चार मुलुकले सन् २०१० मा विद्यार्थी लानमा गरेको खर्च




टिप्पणी : प्रस्तुत अङ्कले शिक्षामा गरेको प्रत्यक्ष सहयोग मात्र दर्शाउँछ; यसमा बजेटरी सहयोगको हिस्सा सामेल छैन

स्रोत : OECD-DAC (2012)

चार दोब्बर यस महलमा खर्च गरेको थियो । विकसित मुलुकले विकासशील मुलुकमा विद्यार्थीलाई आफ्ना देशमा लगेर पढाउन खर्च गर्ने ३.१ बिलियन अमेरिकी डलरको केही भाग विकासशील देशलाई नै उपलब्ध गराउने हो भने आधारभूत सीपको कोषको अभाव पूर्तिमा ठूलै राहत पुग्न सक्छ ।

ब्राजिल, चीन तथा भारत जस्ता उदीयमान दाताहरूदाई उत्प्रेरित गर्न सके सीप विकास कार्यक्रममा तिनले महत्वपूर्ण योगदान दिन सक्छन् । गरिबी निवारण तथा श्रम बजारको सुधारका क्रममा ती मुलुकहरूले हासिल गरेका अनुभवको प्रयोग गर्दै सहयोग रकमलाई कमजोर तप्काका युवाहरूमा लक्षित गर्न सकियो भने तिनको सहयोग प्रभावकारी हुन सक्छ । तर सन् २००८ देखि २०१० का लागि भारतले विकासशील मुलुकहरूलाई सहयोग दिन कबोल गरेको ९५० मिलियन अमेरिकी डलरको केवल २ प्रतिशत मात्र प्राप्त भयो । अन्य दाताहरूका झैं भारतीय सहयोगले पनि कमजोर तप्काका युवाहरूको पहुँच नभएको उच्च शिक्षालाई नै लक्षित गर्ने गरेको छ ।

निजी क्षेत्रले पनि सीप विकासका कार्यक्रममा लगानी बढाउनुपर्ने देखिएको छ । यसो गर्नाले सीपयुक्त कामदारको उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता बढ्छ । यसको बढी फाइदा निजी क्षेत्रलाई नै पुग्छ । जर्मनी तथा स्विजरल्यान्डले प्रशिक्षार्थी कामदारमा गरेको लगानीले यस तथ्यलाई सिद्ध गरिदिएका छन् । जिनी संस्थाहरूले (Private foundations) प्रवर्तनात्मक परियोजनामा सहयोग गरिरहेका छन् । खास गरी मास्टर कार्ड फाउन्डेसनले युवाहरूलाई रोजगारी प्रप्त गर्न सघाउने सीप विकासमा सहयोग गर्दछ । तर यस्ता फाउन्डेसनहरूले हाल प्रदान गर्दै आएको सहयोग राशी आवश्यकताका तुलनामा धेरै सानो छ ।

सरकारहरूले विभिन्न स्रोतबाट प्राप्त सहयोगको दक्षतापूर्ण समन्वय गरी पिछडिएको युवा वर्गप्रति केन्द्रित रहेर अधिकतम प्रतिफल हासिल गर्ने प्रयत्न गर्नुपर्छ । स्रोतको एकीकृत परिचालनका उपायहरूमध्ये संयुक्त कोष एक हो । यस्तो कोषमा सबै स्रोतका रकम सङ्कलित गरेर त्यसको व्यवस्थित परिचालन गर्न सकिन्छ । नेपालको रोजगारी कोष यसको राम्रो उदाहरण हो, जसको प्रयोग पिछडिएका युवाहरूलाई रोजगारमूलक सीपको तालिम दिनमा गरिन्छ । तालिम कोषको प्रभाव सकारात्मक पाइएको छ । ट्युनिसियाले सन् १९९९ मा यस्तो तालिम कोष खडा गरी त्यसको प्रयोगबाट बेरोजगार युवाहरूको एक चौथाइलाई सीपमूलक तालिममा पहुँच प्रदान गर्न सफल भएको थियो ।

## माध्यमिक शिक्षा : रोजगारीको मार्ग चित्र

माध्यमिक शिक्षाले युवामा सीप विकास गर्न र रोजगारीका राम्रा अवसरका लागि तयार पार्न महत्वपूर्ण योगदान दिन्छ । व्यापक रूपले भिन्न क्षमता, रुचि र पृष्ठभूमिका युवाको सिकाइ आवश्यकताको सम्बोधन गरेर कामका जगतमा प्रवेशका लागि

तयार राख्न र प्रविधि निर्देशित हुँदै गएका राष्ट्रिय विकासका आकाङ्क्षालाई प्रभावकारी रूपले सम्बोधन गर्न सक्ने शिक्षित जनशक्ति निर्माणमा समेत उच्च गुणस्तरको माध्यमिक शिक्षाको महत्वपूर्ण भूमिका रहन्छ ।

आज विश्वभर ७१ मिलियन युवाहरूले विद्यालयको मुख देख्न पाएका छैनन् । समग्रमा राम्रो भर्ना दर रहेका मुलुकमा समेत ठूलो जमातले पढाइ चक्र पूरा नगरीकनै विद्यालय छाड्छन् (हेरौं चित्र १४) । युरोपेली युनियन अन्तर्गतका मुलुकहरूमा १४ प्रतिशत किशोरहरू निम्न माध्यमिकभन्दा माथिल्लो स्तरको शिक्षामा पुग्दैनन् । स्पेनमा एक तिहाइ विद्यार्थीले पढाइ चक्र पूरा नगरी माध्यमिक शिक्षा  छाड्छन् । यो तथ्याङ्क आर्थिक मन्दीका मारमा परेको तथा ५१ प्रतिशतको बेराजगारी (२०१२ को तथ्याङ्कअनुसार) दर रहेको त्यस मुलुकका लागि गम्भीर चिन्ताको विषय हो । अतः माध्यमिक शिक्षालाई कामको जगतसँग अझ सान्दर्भिक बनाउने बारेमा सबै मुलुकहरूले गम्भीर चिन्तन थाल्नुपर्ने समय आइसकेको छ ।

## माध्यमिक शिक्षाका व्यवधानहरूको निराकरण

*मसँग पुस्तक र पोसाक किन्ने पैसा थिएन । परिवारको आर्थिक अवस्था खराब थियो । परिवारको गुजारामा सहयोग गर्न मैले दैनिक ज्याला मजदुरीको काम गर्नुपर्‍यो । मेरा लागि विद्यालय जानुभन्दा पैसा कमाउनु बढी जरुरी थियो ।*

-एक भारतीय युवक

कतिपय मुलुकमा माध्यमिक विद्यालयको विस्तारका लागि प्राथमिक तह पूरा गरेका विद्यार्थीको अभाव बाधकका रूपमा देखापर्दछ । पाँच जनामध्ये एक जना मात्र निम्न माध्यमिक तहमा पुग्ने नाइजरको प्राथमिक तहको खुद भर्ना दर ६२ प्रतिशत मात्र छ ।

प्राथमिक शिक्षा पूरा गरेका विद्यार्थीका लागि पनि माध्यमिक शिक्षामा लाग्ने खर्च बाधक रहने गर्दछ । माध्यमिक विद्यालयहरू अक्सर शहरी क्षेत्रमा अवस्थित रहने भएकाले ग्रामीण क्षेत्रका गरिब परिवारलाई यातायात खर्च धान्न मुस्किल हुने हुँदा तिनका विद्यालयको पहुँच सीमित हुन जान्छ । सामाजिक सांस्कृतिक कारणले किशोरावस्था पुगेपछि बालिकाहरूका लागि शिक्षालाई निरन्तरता प्रदान गर्न गाह्रो पर्दछ । सरकारले यस्ता व्यवधानहरूको निराकरण गरी युवाहरूका आधारभूत सीपको अवसरमा पहँच बढाउन सुधारका लक्षित कार्यक्रम ल्याउनु अत्यन्त जरुरी छ ।

सब-सहारा अफ्रिकाका कतिपय मुलुकले प्राथमिक र निम्न माध्यमिक तहलाई समायोजन गरेर निम्न माध्यमिक तहको भर्ना दरमा सुधार गरेका छन् । उदाहरणका लागि रुवान्डाले सन् २००९ मा  आधारभूत शिक्षाको स्वरूपमा परिवर्तन गरी ९ वर्षे बनायो; पाठ्यक्रममा सुधार गरेर सीमित विषयमा केन्द्रित गरायो, र मूल्याङ्कनका नयाँ पद्धतिको सुरुवात गर्‍यो । सुधारका यी नयाँ प्रयासले एकै वर्षमा निम्न माध्यम शिक्षाको भर्नादरमा २५ प्रतिशतले वृद्धि भयो ।

औपचारिक वा अनौपचारिक जुनसुकै प्रकारका शुल्कले गरिब परिवारका विद्यार्थीलाई विद्यालयमा भर्ना हुन तथा पढाइ निरन्तर चालू राख्न बाधा पुऱ्याउँछ । त्यसकारण माध्यमिक शिक्षाको पहुँचलाई समाजका कमजोर तप्कासम्म विस्तार गर्ने हो भने विद्यालय शुल्कका प्रावधान हटाउन नितान्त जरुरी छ । केन्यामा सन् २००७ मा माध्यमिक तहको विद्यार्थी सङ्ख्या १.२ मिलियन रहेकामा माध्यमिक शिक्षा निःशुल्क गराएपछि त्यसमा वृद्धि भई सन् २००८ मा १.४ मिलियन हुन पुग्यो । विद्यालय निःशुल्क गरेबापत सरकारले विद्यालयहरूलाई प्रति विद्यार्थी १६४ मिलियन अमेरिकी डलर अनुदान उपलब्ध गरायो । यो रकम प्राथमिक विद्यालयहरूले शुल्कबाट उठाउने रकमको दश गुणाले बढी थियो । तर गरिब परिवारका थोरै विद्यार्थी मात्र माध्यमिक तहसम्म पुग्ने भएकाले थोरै गरिब परिवारले मात्र यस योजनाबाट फाइदा उठाउन सक्छन् ।

सानै उमेरमा विवाह गर्ने जस्ता सामाजिक, आर्थिक तथा सांस्कृतिक कुरीतिले पनि कतिपय  समुदायमा शिक्षाको निरन्तरतालाई बाधा पुऱ्याइरहेका छन् । सानै उमेरमा बच्चा जन्माउनाले कतिपय किशोरीहरू पढाइलाई निरन्तरता प्रदान गर्न सक्दैनन् र तिनको विद्यालय पुनरागमन अनिश्चितप्रायः हुन जान्छ । सब-सहारा अफ्रिका, ल्याटिन अमेरिका, तथा दक्षिण एसियामा १५-१९ वर्ष उमेर समूहका दशमध्ये एक किशोरी गर्भिणी रहन्छन् । यो प्रतिशत बङ्गलादेश, लाइबेरिया तथा मोजाम्बिकमा २० देखि ३२ प्रतिशतसम्म रहेको देखिन्छ ।

**निम्न माध्यमिक विद्यालय उमेर का ७१ मिलियन किशोर/किशोरी विद्यालयमा छैनन्**


## माध्यमिक शिक्षालाई कामका जगतसँग अझ सान्दर्भिक बनउनुपर्दछ

माध्यमिक शिक्षाले सबै युवाहरूमा आधारभूत सीपको निर्माण गर्नुका साथै राम्रा कामका लागि  स्थानान्तरणीय सीप, प्राविधिक व्यावसायिक सीप तथा अगाडिको शिक्षाको तयारीका लागि समान अवसर सिर्जना गर्नपर्दछ । निम्न माध्यमिक तहसम्म साझा पाठ्यक्रम राखिदियो भने त्यसले सबै विद्यार्थीका लागि आधारभूत सीप सुदृढ गर्ने समान अवसर प्रदान गर्छ । विद्यालय छोड्ने जोखिममा रहेका विद्यार्थीलाई एउटै समूहमा राख्यो भने त्यस समूहका विद्यार्थीबीच उच्च अपेक्षा, सिकाइका चुनौतीपूर्ण वातावरण तथा समकक्षी साथीभाइबाट सिक्न सक्ने वातावरण जस्ता महत्वपूर्ण पक्षहरू उपेक्षित रहने सम्भावना रहन्छ । यसै कारणले बोत्स्वाना, घाना, दक्षिण अफ्रिका, तथा युगान्डा जस्ता कतिपय निम्न तथा मध्यम आय समूहका मुलुकले नयाँ मूल्याङ्कनका पद्धति, सिकाइ सामग्री तथा शिक्षक तालिमका प्रावधानसहित साझा पाठ्यक्रम प्रारूपको निर्माण गरेका छन् ।

उच्च माध्यमिक तहमा युवाहरूलाई विद्यालयबाट कामका संसारमा प्रवेश गर्न सजिलोका लागि स्थानान्तरणीय सीप र विशेष प्रकारका काम वा कामका क्षेत्रका लागि चाहिने प्राविधिक व्यावसायिक सीप सिक्नु आवश्यक रहन्छ । यी सबै खाले सीपलाई एकै प्याकेजमा समायोजन गरी स्थानीय श्रम बजारका आवश्यकताको सम्बोधन गर्न सकियो भने त्यसले सबैलाई समान रूपले फाइदा प्रदान गर्ने एउटा सन्तुलित पाठ्यक्रम प्रारूप प्रदान गर्नेछ ।

**चित्र १४: कतिपय किशोर किशोरी माध्यमिक शिक्षामा भर्ना हुँदैनन्, र कतिपय भर्ना भएर पनि शिक्षा चक्र पूरा गर्दैनन्**

मुलुकगत निम्न माध्यमिक शिक्षाको सहजै देखिने भर्ना दर र माध्यमिक तहमा सङ्क्रमण दर, २०१०




टिप्पणी : माध्यमिक तहको सङ्क्रमण दर निम्न माध्यमिक तह पूरा गरेर माध्यमिक शिक्षामा प्रवेश गर्ने दरको सूचक हो । यसको गणना माध्यमिक तहको सहजै देखिने भर्ना दरलाई निम्न माध्यमिक तहको सहजै देखिने भर्ना दरले भाग गरेर निकालिन्छ । निम्न माध्यमिक तहमा भर्ना भएका सबै विद्यार्थीले त्यो तह पूरा गरेर माध्यमिक तहमा भर्ना हुने आदर्श परिस्थितिमा यो अनुपात १ को हुन्छ । होन्डुरसको निम्न माध्यमिक तहको कुल भर्नादर ७५ र माध्यमिक तहको ७१ प्रतिशत हो । त्यहाँको माध्यमिक शिक्षाको सङ्क्रमण दर ९५ प्रतिशत छ, जसले निम्न माध्यमिक तहमा भर्ना भएका मध्ये प्रायः सबै माध्यमिक तहमा पुग्छन् भन्ने देखाउँछ । इजिप्टको निम्न माध्यमिक तहको कुल भर्ना दर ९४ र माध्यमिक तहको ५१ प्रतिशत छ । सोअनुसार इजिप्टको माध्यमिक तहको सङ्क्रमण दर ०.५४ प्रतिशत हुन आउँछ । यसको मतलब निम्न माध्यमिक तहको पहुँच सबैका लागि सुलभ भए पनि केबल आधाले मात्र माध्यमिक तहसम्मको शिक्षालाई निरन्तरता प्रदान गर्दछन् ।

स्रोतः Annex Statistical table 7

विद्यालयमा कमजोर क्षमता प्रदर्शन गर्ने विद्यार्थीलाई प्राविधिक तथा व्यावसायिक तालिममा पठाउने प्रचलन रहेको छ । तर यस्ता प्रचलनले सामाजिक आर्थिक असमानता अझ बढ्ने र रोजगारदाताले यस्ता कार्यक्रमलाई अवमूल्यन गर्ने अवस्था आउन सक्छ । सन् २००९ को PISA सर्वेक्षणले २२ मध्ये १८ देशमा प्राविधिक तथा व्यावसायिक धारका युवाहरूको सामाजिक आर्थिक अवस्था औसतमा साधारण शिक्षाको धारको भन्दा कमजोर रहेको देखाएको थियो । बाँकी चार मुलुकमा सामान्य र व्यावसायिक तथा प्राविधिक शिक्षाका विद्यार्थीबीच सम्पादन क्षमतामा सबैभन्दा फराकिलो खाडल देखापर्‍यो । त्यहाँ प्राविधिक तथा व्यावसायिक धारको शिक्षामा कमजोर सामाजिक आर्थिक तप्काका युवाहरूको अनुपात बढी रहेको देखियो ।




विद्यालयमा निम्न स्तरको कार्य सम्पादन क्षमता प्रदर्शन गर्ने विद्यार्थीलाई प्राविधिक तथा व्यावसायिक शिक्षामा धकेल्नाले सामाजिक असमानता बढ्छ

OECD मुलुका अनुभवमा प्राविधिक तथा व्यावसायिक शिक्षालाई सामान्य शिक्षासँग समायेजन र श्रम बजारका आवश्यकतासँग सान्दर्भिक बनाइँदा भर्ना तथा पढाइचक्र पूरा गर्ने दर दुवैमा वृद्धि आएको देखिन्छ। सिङ्गापुरका अनुभवबाट उच्च माध्यमिक तहका पाठ्यक्रमका विषयको छनौटमा बढी लचकता प्रदान गर्दै उच्च शिक्षामा प्रवेश गर्ने मार्गसँग समेत आबद्ध राखिएका खण्डमा सबै विद्यार्थीका लागि लाभकारी हुने देखिएको छ। तर कतिपय विकासशील मुलुकमा विषय चयनमा लचकता प्रदान गर्न स्रोत, सामग्री र योग्य शिक्षकको अभाव रहन्छ। घानाले माध्यमिक शिक्षाको पाठ्यक्रममा विविधता प्रदान गरेपछि व्यावसायिक शिक्षाका विषयको सङ्ख्या करिब ५० प्रतिशतले बढ्न गयो। परिणामस्वरूप शहरी क्षेत्रका तुलनामा ग्रामीण क्षेत्रका विद्यालयको सञ्चालन खर्च २० गुणाले बढ्यो भने ग्रामीण क्षेत्रका विद्यालयको गुणस्तर शहरी क्षेत्रका तुलनामा कमजोर थियो। आर्थिक, प्राविधिक लगायत समग्र क्षमताको मूल्याङ्कन बेगरै विषय चयनमा लचकता प्रदान गर्दा स्रोत साधनले विपन्न विद्यालयका विद्यार्थी मारमा पर्ने सम्भावना रहन्छ। ग्रामीण क्षेत्रका विद्यालयमा पर्याप्त सङ्ख्यामा प्रविधिक तथा व्यावसायिक शिक्षाका तालिम प्राप्त एवं गुणस्तरीय शिक्षक लगायत अन्य स्रोत सामग्रीको समान वितरण नहुने भएकाले त्यहाँका विद्यार्थी गुणस्तर विहीन शिक्षा तथा तालिममै चित्त बुझाउन बाध्य हुने अवस्थाको सिर्जना हुने सम्भावना रहन्छ।

## विद्यालय र कामका बीच सम्बन्ध सुदृढीकरण

*विद्यार्थीले कलेज तथा विद्यालयमा समेत धेरै मेहनत गर्नुपर्दछ। कामका अनुभवका लागि एक दिनको फुर्सदले पुग्दैन। दुई दिनको पढाइ र तीन दिनको काम , सन्तुलन मिलाएर गर्नुपर्छ। यसरी तपाइँ विद्यालयबाट सिक्नुपर्ने कुरा सिक्दै र सँगसँगै कामका अनुभव पनि लिने प्रयास गर्दै जानुहुन्छ।*

संयुक्त अधिराज्यकी युवती

विद्यालय छोड्ने युवालाई कामको अनुभवको अभावका कारणले अक्सर काम गर्न अयोग्य भन्ने गरिन्छ। विद्यालयको पढाइ र इन्टर्नसिप तथा प्रशिक्षार्थी कामदार जस्ता काममा आधारित शिक्षण कार्यक्रमका माध्यमबाट युवा विद्यार्थीलाई प्रयोगात्मक रूपले समस्या समाधान तथा कार्यस्थलका महत्वपूर्ण सीपको व्यावहारिक अनुभव हासिल गर्न सहयोग पुग्छ। कतिपय परिप्रेक्ष्यमा प्रशिक्षार्थी कामदार पद्धति निकै सफल देखिएको छ। जर्मनीमा दोहोरो पद्धति अपनाइन्छ - कम्पनीमार्फत सुनियोजित तालिम र आंशिक रूपमा कक्षामा आधारित ट्युसन। सुदृढ नियमनकारी ढाँचाका प्रावधानसहित सरकार, रोजगार दाता र विद्यार्थीबीचको साझेदारीका कारण यस योजनाले जर्मनीमा सफलता पाएको छ।

प्रशिक्षार्थी कामदार योजनाले प्रशिक्षार्थीलाई वास्तविक रोजगारीका अवसर पनि दिलाउने सम्भावना रहने भएकाले विद्यार्थी पढाइ पूरा गरुन्जेल विद्यालय शिक्षा चालू राख्न अभिप्रेरित हुने गर्दछन्। फ्रान्समा प्रशिक्षार्थी कामदारले पढाइ पूरा गरेको ३ वर्षभित्रमा काम पाइसक्ने सम्भावना रहन्छ।

प्रशिक्षार्थी कामदार योजना आर्थिक सामाजिक रूपले कमजोर पक्षका लागि फाइदाजनक भए पनि अक्सर विभेदकारी हुने गर्दछ। संयुक्त अधिराज्यमा काला तथा अन्य अल्पसङ्ख्यक सांस्कृतिक समुदायका ३२ प्रतिशतका तुलनामा ४४ प्रतिशत गोरा समुदायका युवाहरूले प्रशिक्षार्थी कामदारको अवसर पाउँछन्। प्रशिक्षार्थी कामदार योजनामा महिलाहरूले कमै मात्र अवसर पाउँछन् र पाइहाले पनि

पुरुषका तुलनामा २१ प्रतिशत कम कमाइ गर्दछन् । जापानको अनुभवले वृत्ति विकास सल्लाह सेवा कार्यक्रमका माध्यमबाट समाजिक आर्थिक पछौटेपनले ग्रसित युवालाई प्रशिक्षार्थी कामदारको अवसर प्राप्त गर्न र वास्तविक काममा रूपान्तरित हुन सघाउ पुग्ने देखिएको छ ।

गरिब मुलुकहरूमा प्रशिक्षार्थी कामदार योजना कार्यान्वयन गर्न गाह्रो भए पनि उपयुक्त परिप्रेक्ष्यमा भने सम्भव छ । इजिप्टले जर्मन मोडलको प्रशिक्षार्थी कामदार योजनालाई आफ्नो परिप्रेक्षमा ढालेर कार्यान्वयनमा ल्याएको छ । तालिमका लागि स्थानको व्यवस्था गर्नमा उद्योग व्यवसायी सङ्घले महत्वपूर्ण भूमिका खेल्दछ । यस कार्यक्रमका स्नातकमध्ये एक तिहाइले तुरुन्तै काम पाउँछन् भने ४० प्रतिशतले शिक्षालाई निरन्तरता प्रदान गर्दछन् । यस पद्धतिको सफलता सरकार र रोजगारदाताबीच विद्यमान विश्वासको सुदृढतामा निर्भर रहन्छ । अत्यन्त ठूलो अनौपचारिक क्षेत्र भएका अधिकांश निम्न आय समूहका मुलुकहरूमा यसको सफलतामा आशङ्का रहन्छ ।

## सबैका लागि स्थानान्तरणीय सीप : अपेक्षित तर चुनौतीपूर्ण लक्ष्य

विद्यालयमा सिकेका सीपलाई विषयगत ज्ञानको दायराभन्दा अगाडि लैजानु पर्दछ । बढ्दो क्रममा प्रविधि निर्देशित हँदै गएको अर्थतन्त्रमा राम्रा कामका अवसरको अपेक्षा राख्ने युवाहरूले हासिल ज्ञानलाई वास्तविक कार्य परिस्थितिमा प्रयोग गर्न, विश्लेषण तथा समस्या समाधान गर्न र सहकर्मीहरूबीच प्रभावकारी सञ्चार कायम राख्न सक्नुपर्दछ । यसै तथ्यलाई दृष्टिगत गरेर कतिपय मुलुकहरूले स्थानान्तरणीय सीपलाई पाठ्यक्रमका अन्तरवस्तु बनाउने प्रयत्न गरिरहेका छन् । डेनमार्क, न्युजिल्यान्ड तथा हङकङ (चीन) ले समस्या समाधानलाई पाठ्यक्रमको सबैभन्दा महत्वपूर्ण पक्ष मानेका छन् ।

**संयुक्त अधिर ाज्यमा महिला प्रशिक्षार्थी कामदारले पुरुषको तुलनामा २१ प्रतिशत कम ज्याला पाउँछन्**

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको (ICT) प्रयोग विश्वभर नै बढ्दो क्रममा छ । यसले सिकाइका अनुभवमा सुधार ल्याउने तथा बीचैमा पढाइ छाड्ने प्रवृत्ति घटाउने मात्र होइन, युवाहरूलाई रोजगारीका लागि तयार पार्ने कामसमेत गर्दछ । खास गरी गरिब मुलुकका कतिपय विद्यालयका हकमा कम्प्युटर धेरै महँगो र दुर्लभ पनि हुन सक्छ । तर रेडियो तथा मोबाइल आजकल सर्वत्र र सहज रूपले उपलब्ध छन् । होन्डुरस तथा दक्षिण सुडानमा सामाजिक आर्थिक रूपले पछाडि रहेका युवाहरूको सिकइउपलब्धि बढाउन अन्तरक्रियात्मक रेडियोको प्रयोग गरिएको छ । यसले विद्यार्थीको सिकाइउपलब्धिमा २० प्रतिशतले वृद्धि गराएको पाइएको छ ।

## चाँडो विद्यालय छाड्नेका लागि वैकल्पिक मार्ग

मध्यम तथा उच्च आय समूहका मुलुकमा समेत धेरै विद्यार्थीले माध्यमिक शिक्षा पूरा नगरीकनै विद्यालय छोड्छन् । यसरी विद्यालय छोड्नेमध्ये प्रायः गरिब तथा कमजोर सामाजिक आर्थिक पृष्ठभूमिका हुन सक्छन् । यस्ता युवाको सिकाइलाई निरन्तरता प्रदान गरी तिनमा रोजगारीका अवसरबाट फाइदा उठाउन सक्ने योग्यताको निर्माण गर्न लक्षित कार्यक्रम प्रदान गर्नु जरुरी छ । नेदरल्यान्ड्स तथा फिलिपिन्समा विद्यालय छोड्ने जोखिममा रहेका विद्यार्थीलाई पुनः विद्यालय प्रवेशका लागि शैक्षिक वर्षभरमा जुनसुकै समयमा आए पनि अनुमति दिने जस्ता लचकतापूर्ण कार्यक्रम अगाडि ल्यएको छ । अमेरिकाको न्युयोर्क सिटीमा १७-२५ वर्ष उमेर समूहका प्रत्येक पाँच जनामा एक जना विद्यालयमा वा काममा कतै पनि छैन । त्यस्ता युवाहरूलाई लक्षित गरेर तलबी प्रशिक्षार्थी कामदार योजना, व्यक्तिगत सल्लाह सेवा र कार्यशाला सञ्चालनमा ल्याइएको छ । यस कार्यक्रमले आधाभन्दा बढीलाई नौ महिनाभित्रमा रोजगारी दिलाउन सक्यो र कुल सङ्ख्याको पाँचौं भाग आधारभूत सीपको सिकाइलाई निरन्तरता दिन पुनः विद्यालय प्रवेश गरे ।

माध्यमिक विद्यालय बाहिर स्थानीय श्रम बजारका आवश्यकतालाई दृष्टिगत गरी तिनको सम्बोधनका लागि डिजाइन गरिएका दीर्घकालीन वित्तीय प्रतिबद्धता सहितका सीप सिकाइका वैकल्पिक उपाय, जस्तैः खुला वा दूर शिक्षा तथा सामुदायिक प्रशिक्षण केन्द्र जस्ता उपायको अवलम्बन गर्न सकिन्छ । तर सिकाइएका सीपलाई रोजगारदाताका औपचारिक मान्यता यसमा सबैभन्दा महत्वपूर्ण हुन्छ ।

राष्ट्रिय योग्यता ढाँचाले रोजगारदातालाई वैकल्पिक मार्गबाट युवाहरूले सिकेका सीपको स्तरीयताको सूचना प्रदान गर्दछ । यस्तो ढाँचाले औपचारिक क्षेत्रबाहिरबाट प्रदान गरिने सीप विकास कार्यक्रमले प्रदान गर्ने खण्डीकृत योग्यतालाई प्रस्ट रूपले परिभाषित गर्दछ । तर यसको कार्यान्वयन भने त्यति सजिलो छैन । यसका लागि सरकार, तालिम प्रदायक संस्था, रोजगारदाता तथा श्रमिकका सङ्गठन जस्ता सबै खाले सरोकारवालाबीच निकटतम समन्वय र सहकार्यको खाँचो पर्दछ ।

## शहरी युवाका लागि सीप : सुन्दर भविष्यको अवसर

ऐतिहासिक कालदेखि नै सबैभन्दा ठूलो रहिआएको र निरन्तर बढ्दो क्रममा रहेको शहरी युवाको जनसङ्ख्या साबिकभन्दा शिक्षित छ । यस समुदायले आफूलाई राजनीतिक एवम् सामाजिक परिवर्तन तथा आर्थिक समृद्धिको सशक्त प्रतिनिधिका रूपमा प्रस्तुत गरेको छ । प्राकृतिक वृद्धिका साथै ग्रामीण क्षेत्रबाट हुने बसाइसराइका कारण अर्को ३० वर्षभित्रमा शहरी युवाहरूको जनसङ्ख्यामा अझ ठूलो वृद्धि आउनेछ र सन् २०४० सम्ममा विश्वका सबै विकासशील मुलुकका ग्रामीण क्षेत्रमा भन्दा शहरी क्षेत्रमा धेरै मानिसको बसोबास रहने अनुमान गरिएको छ ।

## अधिकांश शहरी गरिबहरू आधारभूत सीपबाट वञ्चित छन्

शहरीकरणमा आएको द्रुत वृद्धिले गरिब बस्ती तथा अनौपचारिक बसोबासमा समेत विस्तारका साथै गरिबीको आयतनमा पनि उल्लेख्य वृद्धि भइरहेको छ । हाल प्रति तीनमध्ये एक शहरी बासिन्दा शहरका गरिब बस्तीमा बस्छ । सब-सहारा अफ्रिकामा

यो अनुपात तीनमध्ये दुईको छ । हालैको गणनाले ८०० मिलियनभन्दा बढी मानिसहरू शहरका गरिब बस्तीमा बसोबास गर्ने गरेको देखाएको छ । सन् २०२० सम्ममा यो सङ्ख्या ८८९ मिलियन पुग्ने अनुमान गरिएको छ । यी बस्तीमा युवाहरूको जनसङ्ख्या सबैभन्दा बढी छ । सीपका तालिमले तिनलाई कामका अवसरको खोजीमा ठूलो मदत पुऱ्याउन सक्छ र जीवनस्तरमा परिवर्तनको प्रादुर्भाव गराउनेछ ।

शिक्षाका अवसरबाट शहरी गरिब जुन हदसम्म वञ्चित भएका छन्, त्यसप्रति कसैको ध्यान पुगेको देखिँदैन । शहरी क्षेत्रमा व्याप्त असमानताले त्यहाँका गरिब बस्तीको जीवनस्तर ग्रामीण क्षेत्रको भन्दा माथि नरहेको दर्शाउँछ । शहरी गरिबीको गम्भीरताको सही आँकलन भएको छैन ।

धेरै विकासशील मुलुकमा ग्रामीणभन्दा शहरी क्षेत्रमा शिक्षाका अवसरहरू विस्तारित छन् तर पनि शहरी र ग्रामीण गरिबहरूका बीच आधारभूत सीपको प्राप्तिका सन्दर्भमा खासै फरक छैन । निम्न तथा मध्यम आय समूहका ४५ मुलुकहरूमा शहरी गरिबभन्दा शहरी धनीहरूले निम्न माध्यमिक तहसम्मको शिक्षा पूरा गर्ने सम्भावना कैयौँ गुणाले बढी रहेको पाइएको छ । यी मध्ये १० मुलुकमा १५-२४ वर्ष उमेर समूहका युवाहरूको आधारभूत सीपको अभाव ग्रामीण गरिबभन्दा शहरी गरिबमा बढी छ (हेरौँ, चित्र १५) ।

## शहरी गरिब युवाहरूको रोजगारी खास गरी अनौपचारिक हुन्छ

*टिकाउ खालको काम पाउन गाह्रो छ । लामो समयको काम भनेको एक हप्ता भन्दा बढीको हुँदैन । म काम गरेबापत दैनिक ३० बिर अर्थात् १.७० अमेरिकी डलर ज्याला पाउँछु ।*

इथियोपियाली युवक

शिक्षा र सीपको अभावमा शहरी क्षेत्रका बहुसङ्ख्यक गरिबहरू व्यावसायिक तथा कानुनी पहिचानरहित अत्यन्त साना उद्यमहरूमा अनौपचारिक रूपले काम गर्दछन् । अनौपचारिक क्षेत्रका यस्ता काममा रद्दी सामान उठाउने, लुगा सिउने, कार मर्मत गर्ने, निर्माण कार्य, कृषि कार्य, हस्तकला जस्ता क्रियाकलाप पर्दछन् । अनौपचारिक क्षेत्रका यस्ता काम अव्यवस्थित, कठिन र अत्यन्त कम ज्याला पाइने हुन्छन् ।

विश्वभर यस्ता जोखिमपूर्ण र नियमनरहित काममा फसेका मानिसहरूको सङ्ख्या एकिन गर्न कठिन छ । अन्तर्राष्ट्रिय श्रम सङ्गठनले सो सङ्ख्या १.५३ मिलियन रहेको आँकलन गरेको छ । सब-सहारा अफ्रिकी मुलुकहरूमा गैरकृषि कार्यको ७० प्रतिशत अनौपचारिक क्षेत्रले ओगट्ने गरेको छ । ल्याटिन अमेरिकाका गरिबमध्ये आधा यस क्षेत्रमा काम गर्दछन् ।


विभेदका कारण पनि कतिपय समुदाय शिक्षा तथा रोजगारीका अवसरबाट वञ्चित गराइएका छन् । धेरै परिप्रेक्ष्यमा महिलाहरू गैरबैतनिक घरायसी कामको बोझले दबिएका छन् । तिनको शिक्षा, तालिम तथा तलबी कामका अवसरमा सीमित मात्र पहुँच रहने गरेको छ । अन्तर्राष्ट्रिय श्रम सङ्गठनले हालै गरेको एक सर्वेक्षणले ३९ मध्ये २५ मुलुकमा अनौपचारिक क्षेत्रमा काम गर्ने पुरुषभन्दा महिलाहरू बढी रहेको देखाएको छ । कतिपय महिलाले औपचारिक क्षेत्रमा समेत अनौपचारिक रूपले काम गर्ने गरेको पाइएको छ । महिलाहरूले गर्ने अधिकांश काममध्ये घरायसी काम, रद्दी सामान उठाउने, गल्लीमा सामान बेच्ने जस्ता जोखिमपूर्ण कामहरू पर्दछन् । एकै खालको काममा पनि महिलाहरूले पुरुषको भन्दा कम ज्याला पाउँछन् । उदाहरणका लागि ब्युनस आयर्समा महिलाहरूले पुरुषको तुलनामा २० प्रतिशतले कम ज्याला पाउँछन् ।

उपयुक्त सीप छ भने युवाका लागि अनौपचारिक श्रम क्षेत्र रोजगारीको आकर्षक विकल्प हुन सक्छ । पश्चिम अफ्रिकी

**कुल मुलकहरूमध्ये पाँच भागको एक भागमा ग्रामीणभन्दा शहरी गरिब युवाले कम शिक्षा पाएका छन्**

**चित्र १५: शहरी धनी र गरिबबीचको ठूलो विभेद**

नि. मा. विद्यालय पूरा नगरी विद्यालय छोड्ने १५ देखि २४ वर्ष उमेरका विद्यार्थीको प्रतिशत




स्रोत : UIS(2012a)

मुलुकहरूका ७ राजधानीमा प्राथमिक वा निम्न माध्यमिक शिक्षा पूरा गरेका महिलाले अशिक्षित महिलाको भन्दा २० देखि ५० प्रतिशतसम्म बढी कमाइ गर्दछन् । तर अधिकांश महिलाहरू आधारभूत सीपबेगरै अनौपचारिक श्रम क्षेत्रमा प्रवेश गर्ने गर्दछन् । सन् २००६ मा रुवान्डामा औपचारिक क्षेत्रमा काम गर्ने ४० प्रतिशत महिलाका तुलनामा अनौपचारिक श्रम क्षेत्रमा काम गर्ने १२ प्रतिशत महिलाले मात्र निम्न माध्यमिकभन्दा बढी शिक्षा हासिल गरेका थिए ।

## पिछडिएका युवाहरूका लागि सीप विकासका अवसरको विस्तार

**चिलीमा नगद र कम र तालिम सँगसँगै प्रदान गर्दा महिलाहरूको रोजगारी दरमा वृद्धि देखियो**

आर्थिक मन्दीका प्रभावका साथै अनौपचारिक श्रम क्षेत्रमा गरिबीको रेखामुनिको ज्याला दरमा काम गर्ने युवाको सङ्ख्यामा पनि वृद्धि भइरहेको छ । आजसम्म पनि यस दिशामा राष्ट्रिय सीप विकास रणनीतिको चासो केन्द्रित हुन सकेको छैन । यस प्रतिवेदनका लागि गरिएको अध्ययनमा ४२ विकासशील मुलुकमध्ये अधिकांशले शहरी अनौपचारिक क्षेत्रलाई दृष्टिगत गरेर राष्ट्रिय सीप विकास रणनीति बनाइएको पाइएन ।

यस समस्यालाई लक्षित गर्ने थोरै मुलुकहरूमध्ये भारतले अनौपचारिक कामदारका लागि रणनीतिको विकास गरेको छ । त्यहाँ सडक व्यवसायीका सम्बन्धमा पनि राष्ट्रिय नीति निर्माण गरिएको छ । सो नीतिले सडक व्यवसायमा संलग्न १० मिलियनलाई प्राविधिक तथा व्यावसायिक सीपका तालिम दिएर तिनको आयस्तर बढाउन र तिनलाई वैकल्पिक व्यवसायतर्फ अभिप्रेरित गर्नमा जोड दिएको छ ।

दोस्रो अवसर शिक्षा कार्यक्रमले शहरी गरिबहरूमा साक्षरता तथा गणितीय सीप बढाउनमा महत्वपूर्ण योगदान दिन्छ । गैरसरकारी संस्थाहरूले दोस्रो अवसर शिक्षाका धेरै प्रवर्तनकारी कार्यक्रम सञ्चालन गरिरहेका छन् । तर संसारका जुन भागमा त्यस्ता कार्यक्रमको खाँचो छ, त्यहाँ कार्यक्रमको पहुँच नगन्य मात्र छ । समन्वयका हिसाबले त्यस्ता कार्यक्रमहरू अत्यन्तै कमजोर छन् र अक्सर सरकारहरूका नजरमा परेका छैनन् ।

१५ देखि २४ वर्ष उमेर समूहका युवाहरूलाई आधारभूत सीप प्रदान गरी व्यावसायिक प्रशिक्षणमार्फत सुरक्षित कामका लागि तयार पार्न सकिन्छ । यस्ता कार्यक्रममध्ये नेपालमा विद्यालय बाहिर रहेका युवाहरूमा लक्षित रोजगारीका लागि सीप परियोजना एक हो । यो परियोजना सामाजिक आर्थिक रूपले पछाडि परेका जातजाति तथा अल्पसङ्ख्यक सांस्कृतिक समुदायका ६६ प्रतिशत विद्यार्थीलाई सम्बोधन गर्न सफल रहेको पाइएको छ । एक ट्रेसर अध्ययनले यस कार्यक्रमबाट




© Sven Torfinn/P ANOS

तालिम पूरा गरेका २०६ जनामध्ये ७३ प्रतिशतले रोजगारी पाएको देखिएको छ।

लघुवित्त तथा सामाजिक सुरक्षा कार्यक्रमसँग आबद्ध गरेर सीप विकास तालिम प्रदान गर्दा छोटै समयमा लक्षितवर्गको गरिबी घटाउन मदत पुग्ने देखिएको छ। चिले सोलिडारियोले सन् २००२ मा शिक्षाको स्तर तथा व्यावसायिक अनुभव न्यून भएको वा हुँदै नभएका महिलाहरूलाई व्यवसायका लागि केही रकमसँगै रोजगारीको सीप अभिवृद्धि गर्ने तालिम प्रदान गऱ्यो। सन् २००५ सम्ममा यस कार्यक्रममा महिलाको सहभागिता उल्लेख्य रूपले वृद्धि भयो, परिणामतः त्यहाँका महिलाको रोजगारी दरमा ४ देखि ६ प्रतिशत विन्दुले वृद्धि भयो।

खास गरी ल्याटिन अमेरिका र क्यारेबियन मुलुकहरूमा जीवनोपयोगी सीप, कामका खोजीमा सहयोग, सल्लाह सेवा तथा रोजगरी प्राप्तिका सम्भावना बढाउने सूचनासँग आबद्ध कक्षाकोठामा आधारित तालिम र आधारभूत तथा विशेष उद्यमका अनुव प्रदान गर्ने कार्यक्रमहरू सफल भएको पाइएको छ। यस कार्यक्रमले महिलाहरूलाई केन्द्र विन्दुमा राखेर पछाडि परेका शहरी युवाहरूलाई लक्षित गर्नमा सफलता हासिल गरेको छ। कोलम्बियामा Jovénese en Acción भनिने यस्ता तालिम पाएका महिलाको ज्यालामा औसत २० प्रतिशतको वृद्धि देखिएको छ। श्रम बजारका मागसँग तालमेल राखेर प्रदान गरिने कक्षा कोठामा आधारित र सेवाकालीन तालिमले महिलाहरूको औपचारिक क्षेत्रका रोजगारी अवसरका सम्भावना पनि बढाएको पाइयो। पेरुमा PROJoven तालिमले पुरुषहरूमा १३ र महिलाहरूमा २१ प्रतिशतले कामको सम्भावना बढेको पाइयो।

ल्याटिन अमेरिकाका अधिकांश Jóvenes कार्यक्रम राष्ट्रिय सार्वजनिक तालिम संस्थासँग एकीकृत गरिएका छन्। यिनीहरूले अरब राष्ट्र लगायत अन्य मुलकहरूका लागि समेत लक्षित गरेर कार्यक्रम सञ्चालन गरेका छन्। त्यहाँ कमजोर तप्काका धेरै युवाहरूको रोजगारीका अवसर बढाउन सक्ने खालका कार्यक्रमका नमुना प्रदान गरेका छन्। यी कार्यक्रम तुलनात्मक रूपले महँगा र पर्याप्त साझेदार कम्पनीहरूको आवश्यकता पर्ने भएकाले यस्तो पद्धति औपचारिक क्षेत्रका रोजगारहरूको सङ्ख्या अत्यन्त कम रहेको सब-सहारा अफ्रिका जस्ता मुलुकहरूका लागि उपयुक्त नहुन सक्छ।

## पिछडिएका युवाहरूका लागि अधारभूत सीपभन्दा अगाडि

जुन स्थानका शहरी युवाहरूले पहिल्यै आधारभूत सीप प्रप्त गरिसकेका छन्, त्यहाँ सरकारले पर्याप्त सम्भावना भएका साना तथा मझौला आनौपचारिक उद्यमलाई दृष्टिगत गरी स्थानान्तरणीय सीपका तालिम कार्यक्रम लक्षित गर्नु आवश्यक छ। परम्परागत प्रशिक्षार्थी कामदार योजनाले अनौपचारिक क्षेत्रमा काम गर्ने युवाहरूको ठूलो सङ्ख्यालाई सम्बोधन गर्न सक्छ। त्यस्ता कार्यक्रम कम खर्चिला, व्यावहारिक रूपले सान्दर्भिक र रोजगारी दिलाउन अभिमुख हुन्छन्।

समन्यायिकता सुनिश्चित हुनु प्रशिक्षार्थी कामदार कार्यक्रमको महत्वपूर्ण पक्ष हो। घानामा धनी समुदायका ४७ प्रतिशतले प्रशिक्षार्थी कामदारका अवसर पाउँछन् भने गरिब समुदायका ११ प्रतिशतले मात्र। त्यस्तै अधिकांश उद्यममा पुरुषलाई मात्र सहभागी गराइने भएकाले महिलाहरू अवसरबाट वञ्चित रहन्छन्।

बेनिन तथा टोगो लगायत कतिपय मुलुकमा सन् १९९० र २००० का बीच परम्परागत प्रशिक्षार्थी कामदार पद्धतिमा सुधार गरेर द्वैध एप्रेन्टिससिप (duel apprenticeship) पद्धतिको विकास गरिएको थियो। यसो गर्दा सरकार, अनौपचारिक क्षेत्रका कामदारका प्रतिनिधि र apprenticeship प्रदान गर्न चाहने व्यवसायी तीनै पक्षको सहकार्यका साथ सैद्धान्तिक र व्यावहारिक तालिमलाई एकै ठाउँमा समायोजित गरिएको थियो। व्यवस्थित कार्यान्वयन गर्न सकिए यो पद्धति राष्ट्रिय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको प्रभावकारी र दिगो माध्यम साबित हुन सक्छ। उदाहरणका लागि बुर्किना फासोमा यो सुधारिएको एप्रेन्टिससिप पद्धतिको लागत औपचारिक तालिममा लाग्ने खर्चको एक तिहाइ मात्र छ।

क्यामेरोन तथा सेनेगलका अनुभवले संस्थागत क्षमता सीमित भएका मुलुकमा परम्परागत एप्रेन्टिससिप पद्धतिलाई द्वैध एप्रेन्टिससिप पद्धतिमा परिणत गर्नुभन्दा त्यसलाई क्रमशः औपचारिक मान्यता प्रदान गर्नु उपयुक्त हुने देखिएको छ। अनौपचारिक क्षेत्रका सङ्गठनहरू र पेसागत संस्थाहरूबीचको सहकार्यमा यस्ता कार्यक्रमको तर्जुमा गर्न सकियो भने सफलताका सम्भावना बढी रहन्छ।

परम्परागत एप्रेन्टिससिप प्रथालाई औपचारिक पहिचान दिँदा प्रत्येक पेसामा दैनिक वा साप्ताहिक रूपले काममा खट्नुपर्ने समय सीमा तथा सुरक्षाका प्रावधान जस्ता नियमनकारी कार्यढाँचाका प्रावधानहरू राखिने भएकाले प्रशिक्षार्थी कामदारले साबिक जस्तो श्रमशोषणबाट मुक्ति पाउने सम्भावना बढ्छ। औपचारिक पहिचान पाएपछि प्रशिक्षार्थी कामदार पद्धतिबाट हासिल सीप तथा अनुभवलाई राष्ट्रिय योग्यता ढाँचाले प्रमाणित गर्ने हुँदा तालिमको महत्व र रोजगारीका सम्भाव्यता दुवैमा वृद्धि हुन्छ।

स्वरोजगार अर्को खालको जीविकामुखी काम हो। अरब तथा सब-सहारा अफ्रिकी मुलुकहरूमा धेरै युवाहरू स्वरोजगारलाई सम्भाव्य पेसाका रूपमा लिने गर्दछन्। २००८ मा इजिप्टमा गरिएको एक सर्वेक्षणले ७३ प्रतिशत युवाहरूले स्वरोजगारमा जान रुचि राख्ने गरेको देखायो। तर शहरी क्षेत्रका गरिब युवाहरूमा व्यावसायिक सीपको खाँचो भने देखिन्छ।

**घानामा धनी परिवारका ४७ प्रतिशतका तुलनामा गरिब परिवारका ११ प्रतिशत युवाले मात्र प्रशिक्षार्थी कामदार कार्यक्रममा प्रवेश पाउँछन्**

बोस्निया र हर्जगोभिना तथा घानाका अनुभवले आधारभूत सीपबेगरै दिइएका उद्यमशीलताका तालिमको प्रभाव कम देखाएका छन् । अतः कमजोर सामाजिक आर्थिक परिस्थितिका शहरी युवाहरूमा लक्षित उद्यमशीलता तालिमका पाठ्यक्रम निर्माण गर्दा साक्षरता तथा गणितीय सीप र पुँजीमा पहुँच जस्ता कुरालाई सँगसँगै लैजानुपर्ने देखिएको छ ।

## ग्रामीण युवाहरूका लागि सीप - गरिबीबाट छुट्कारको उपाय

**टर्कीका ६५ प्रतिशत किशोरीहरूले निम्न माध्यमिक शिक्षा पूरा गर्दैनन्**

*म गाउँमा बस्छु । ग्रामीण क्षेत्रमा शिक्षालाई त्यति महत्व दिइँदैन । परिवारहरू बालबच्चालाई विद्यालय जान प्रेरित गर्दैनन् । तीव्र इच्छाका कारण मैले आफैं लेखपढ गर्न सिक्न थालें । विद्यार्थी हुनका लागि शैक्षिक सामग्रीको आवश्यकता पर्दछ तर म त्यसका लागि खर्च गर्न सक्दिनँ ।*

-एक इथियोपियाली युवक

निम्न तथा मध्यम आय समूहका मुलुकमा ७० प्रतिशत अर्थात् १ बिलियन गरिबहरू ग्रामीण क्षेत्रमा बसोबास गर्दछन् । तिनको सबभन्दा ठूलो सङ्ख्या सब-सहारा अफ्रिका र दक्षिण एसियामा छ, जो अधिकांशतः कृषि, अनियमित मजदुरी तथा सानासाना र कम आय हुने निजी पेसा गरेर गुजारा चलाउँछन् ।

विश्वभर जनसङ्ख्या विस्फोटक रूपले बढिरहेको, कृषिका लागि जमिन साँघुरिदै गएको र खाद्यान्नको अभाव बढ्दै गएको अवस्थामा ग्रामीण युवाहरूलाई कृषिका नयाँ प्रविधि प्रयोग गर्ने तथा गैर कृषि क्षेत्रका रोजगारीमा अवसर बढाउने तालिमको ठूलो महत्व छ ।

## ग्रामीण क्षेत्रमा युवकहरू भन्दा युवतीहरू धेरै पिछडिएका छन्


ग्रामीण क्षेत्रका धेरै युवाहरू आधारभूत सीपको अभावमा कठिन जीवन जिउन बाध्य छन् । तिनमा महिलाको सङ्ख्या ठूलो छ । त्यस्ता मुलुकहरूमा लैङ्गिक विभेद अत्यन्त चर्को छ । अधिकांश युवाहरूले निम्न माध्यमिक तहसम्मको शिक्षा पनि पूरा गरेका हुँदैनन् । बेनिन, क्यामेरोन, लिबिया तथा सिएरा लियोन जस्ता मुलुकमा ७० प्रतिशतभन्दा कम युवक आधारभूत सीपबाट वञ्चित छन् । त्यसको तुलनामा आधारभूत सीपबाट वञ्चित महिला ८५ प्रतिशत छ । टर्की जस्तो मध्यम आय समूहको मुलुकमा समेत ३६ प्रतिशत युवाहरूको तुलनामा निम्न माध्यमिक तहको शिक्षा पूरा नगर्ने युवतीको प्रतिशत ६५ छ ।

महिलाहरू शैक्षिक योग्यताका हिसाबले त कमजोर छँदै छन्, सम्पत्तिको स्वामित्व ग्रहण गर्ने तथा बसाइसराइका मामलामा गरिने निर्णयका हिसाबले समेत निरीह छन् । यिनीहरू अक्सर अरुले गर्न नचाहने र विशेष सीपको आवश्यकता नपर्ने काम गर्न बाध्य छन् ।

महिलाहरूलाई ध्यानमा राखेर ग्रामीण युवाहरूका शिक्षा तथा सीपको स्तर बढाउन सकिएमा तिनका अवसर र उत्पादकत्व दुवैमा वृद्धि हुन्छ, जो तिनका परिवार एवम् समाजकै हितमा

**चित्र १६: ग्रामीण क्षेत्रका युवतीहरुमा आधारभूत सीपको कमी हुने**

नि. मा. शिक्षाभन्दा कम हुने १५ देखि २४ वर्षका युवाको प्रतिशत




स्रोत : UIS(2012a)


रहन्छ। चीनमा प्राथमिकभन्दा अगाडिको शिक्षा हासिल गरेका गैरकृषि पेसामा रहेका ग्रामीण युवाहरूको कमाइ अरुको भन्दा उल्लेख्य रूपले बढी हुने गरेको छ।

ग्रामीण क्षेत्रमा आधारभूत सीपले गैरकृषि क्षेत्रको सम्भावना बढाउँछ। यस प्रतिवेदनका लागि आठ मुलुकमा गरिएको विश्लेषणले शिक्षाको तह र गैरकृषि पेसामा संलग्नताका सम्भावनाबीच सकारात्मक सम्बन्ध हुन्छ। यो यथार्थ महिला तथा पुरुष दुवैमा समान रूपले लागू हुन्छ। टर्कीमा शिक्षा नपाएका २३ प्रतिशतका तुलनामा प्राथमिक शिक्षा पाएका ४० प्रतिशत र माध्यमिक शिक्षा पूरा गरेका ६४ प्रतिशत गैरकृषि पेसामा कार्यरत छन्।

## ग्रामीण क्षेत्रका तालिम आवश्यकताको सम्बोधन

यस प्रतिवेदनका लागि ४६ देशका राष्ट्रिय योजनाको विश्लेषण गरिएको थियो। उक्त विश्लेषणले ४६ मध्ये आधाजसो योजनाले मात्र ग्रामीण क्षेत्रका युवाहरूका लागि विशेष सीप र तालिमका आवश्यकता पहिचान गरेको देखायो। उक्त अध्ययनले ग्रामीण गरिबहरूका लागि सीप र तालिमलाई प्राथमिकता प्रदान गर्ने मुलुकहरू फाइदामा रहने साक्ष्यहरू छन्। चीनमा १९७० यता साना कृषक तथा गैरकृषिका साना निजी उद्यमलाई प्राथमिकतामा राखेर गरिएका प्रयत्नले गरिबीको रेखामुनिको जनसङ्ख्या उल्लेख्य रूपले घटाएको छ।

छरिएको बसोबास तथा ठूलो सङ्ख्याका कारण ग्रामीण क्षेत्रका सबै युवाका लागि आधारभूत सीप सुनिश्चित गर्नु चुनौतीपूर्ण छ।




तर पनि नयाँ प्रविधिको बोध र व्यवसाय तथा कृषिमा तिनको प्रयोग गर्ने क्षमता बढाउने आधारभूत सीप नभएसम्म ग्रामीण युवालाई तालिमको खासै उपादेयता रहँदैन। प्राथमिक तथा माध्यमिक शिक्षाको विस्तार र ग्रामीण जनजीवनसँग तिनको सान्दर्भिकता बढाउनु पनि त्यत्तिकै जरुरी छ। साथै कृषि तथा गैरकृषिका गतिविधिसम्बन्धी आधारभूत सीप प्रदान गर्ने दोस्रो अवसर शिक्षा कार्यक्रमलाई पनि त्यत्तिकै जोड दिनु जरुरी छ।

८५ प्रतिशत जनसङ्ख्याको बसोबास ग्रामीण क्षेत्रमा रहेको र प्राथमिक विद्यालयमा भर्ना भएका मध्ये आधाजसो केटाकेटीले पढाइचक्र पूरा नगरीकनै विद्यालय छोड्ने मलावीमा दोस्रो अवसर सीप तालिमका कार्यक्रमले उल्लेखनीय सफलता हासिल गरेका छन्। त्यहाँ ग्रामीण क्षेत्रका विद्यालय छोडेका वा कहिल्यै विद्यालय नगएका बालबालिकालाई लक्षित गरेर सञ्चालन गरिएका दोस्रो अवसर शिक्षा कार्यक्रमका आधा जसो सहभागीले प्राथमिक शिक्षा या त पूरा गरे या पुनः विद्यालय जान थाले। त्यस कार्यक्रमका सहभागीले साक्षरता तथा गणितीय सीपमा पनि औपचारिक शिक्षामा भन्दा राम्रो नतिजा प्रदर्शन गरे। पढ्दै नपढेका वा कम पढेका ठूलो ग्रामीण जनसङ्ख्या भएका अन्य मुलुकहरूमा पनि यस्ता कार्यक्रमको उपादेयता उच्च रहन्छ।

**मलावीका दोस्रो अवसर शिक्षाका विद्यार्थीले प्राथमिक विद्यालयको भन्दा राम्रो सिकाइउपलब्धि प्रदर्शन गर्दछन्**

महिलाहरूका विशेष समस्या समाधान गर्नेगर्फ उन्मुख कार्यक्रमको पनि त्यत्तिकै आवश्यकता छ। २००८ मा इजिप्टका १७ देखि २२ वर्ष उमेर समूहका चाँडै विवाह हुने सम्भावना भएका २० प्रतिशत महिलाले दुई वर्षभन्दा कम अवधिको शिक्षा हासिल गरेका थिए। सामाजिक पछौटेपनका विरुद्ध ग्रामीण परिवार, स्थानीय नेतृत्व तथा समुदायसँग बालिकाहरूका लागि साक्षरता तथा गणितीय सीप सिक्नुको महत्व दर्शाउने कार्यमा प्रत्यक्ष रूपले संलग्न *इस्राक* नामक एउटा कार्यक्रम सञ्चालित छ। *इस्राक* कार्यक्रम पूरा गरेका दशमध्ये नौ सहभागीले अन्तिम परीक्षा पास गरे।

ग्रामीण क्षेत्रका गरिब महिलाहरूलाई लक्षित गरिएका साक्षरता तथा गणितीय सीपसहितका लघुवित्त तथा सामाजिक सुरक्षा विषयक तालिमले गरिबीको चपेटाबाट उम्कन सघाउँछ। बाङ्लादेशको *ब्राक* तथा अफ्रिकाको *क्याम्फेड* यस्ता कार्यक्रममध्ये अग्रणी छन्। ब्राकले ग्रामीण परिवारका गरिब महिलालाई जीविकोपार्जनका लागि गाई प्रदान गर्दछ। यसले कार्यक्रमका सहभागी महिलाहरूमा मुनाफा बढाउन सहयोग पुगोस् भन्ने उद्देश्यले लघुवित्त तथा बजारीकरण सम्बन्धी तालिम पनि प्रदान गर्दछ। परिणामस्वरूप परिवारका प्रत्येक सदस्यको आयमा तीन गुणाले वृद्धि भएको पाइएको छ । क्याम्फेडले किशोरीहरूलाई व्यापार व्यवस्थापन सीपको तालिम, अनुदान, लघुऋण प्रदान गर्दछ। यस कार्यक्रममा सहभागी किशोरीहरूले सञ्चालन गरेका ९० प्रतिशत व्यवसायले मुनाफा दिइरहेका छन्।

## ग्रामीण युवालाई थप सीप

ग्रामीण क्षेत्रमा युवाहरूका लागि रोजगारी आकर्षक छ भन्ने सुनिश्चित गर्न आधारभूत स्तरको तालिमभन्दा अगाडि जान

**कम शिक्षित गरिब किसानका लागि सब-सहारा अफ्रिकाका कृषि विद्यालय ९बचकभच ाष्भमि कअजययाि फाइदाजनक देखिएका छन्**

आवश्यक छ, जसले साना कृषकका उत्पादकत्व र गैरकृषि क्षेत्रका उद्यमीका व्यावसायिक तथा वित्तीय सीप बढाउन मदत पुऱ्याउन सकोस् ।

साना उद्यमीलाई सामूहिक आवाजका लागि सङ्घ निर्माणले बल प्रदान गर्दछ । कृषि विद्यालय र सहकारी यसका सफल उपायमध्ये गनिएका छन् । केन्या, युगान्डा र संयुक्त गणतन्त्र तान्जानियामा कृषि विद्यालयले (Farmer field school) प्रभावकारी नतिजा प्रदर्शन गरेका छन् । यस्ता कार्यक्रम खास गरी साक्षरता कम भएका मनिसका लागि बढी उपयुक्त देखिएको छ । यसको प्रभावस्वरूप माथि उल्लेख गरिएका तीनै मुलुकको प्रतिहेक्टर उत्पादकत्व औसत ३२ प्रतिशतले बढेको पाइएको छ । औपचारिक शिक्षा नपाएकाको हकमा यो वृद्धिदर २५३ प्रतिशत देखिएको छ । परिवारहरूको औसत आय दरमा ६१ प्रतिशतले वृद्धि भयो । अझ विद्यालय शिक्षा हासिल नगरेका मुख्य व्यक्ति भएका परिवारको आय दरमा २२४ प्रतिशतको वृद्धिदर देखियो ।

उत्पादनशील सिकाइ तथा नयाँ सीपको प्रयोगको प्रवधर्नका उपायमध्ये रेडियो तथा भिडियो प्रदर्शन प्रमुख देखिएका छन् । बुर्किना फासो, भारत र नाइजरमा गरिएका प्रयोगले तालिमलाई सूचना तथा सञ्चार प्रबिधिसँग आबद्ध गराउँदा सामाजिक आर्थिक रूपले पछाडिएका किसानहरूको ठूलो सङ्ख्यालाई एकैपटक सम्बोधन गर्न सकिने र त्यसबाट तालिमको प्रभावकारितामा अभिवृद्धि समेत हुने देखिएको छ ।

युवा समुदायलाई ग्रामीण इलाकामा कायम राख्न गैरकृषि क्षेत्रका प्रवर्तनात्मक तालिमको योगदान महत्वपूर्ण हुन्छ । ल्याटिन अमेरिकाका ग्रामीण इलाकामा आदिवासी जनजाति लगायत सामाजिक आर्थिक रूपले पछाडिएका युवाहरूलाई लक्षित गरेर तर्जुमा गरिएका लघुउद्यमका सीप प्रदान गर्ने थुप्रै कार्यक्रम सञ्चालित छन् । यीमध्ये धेरैले प्रभावकारी नतिजा प्रदर्शन गरेका छन् ।

मेक्सिकोमा २००४ मा भूमिहिन युवा तथा नयाँ पुस्ताका ग्रामीण उद्यमीका आवश्यकतालाई दृष्टिगत गरेर तर्जुमा गरिएको *Young Rural Entreprenur Programme and Land Fund* कार्यक्रमको कार्यान्वयन गरिएको थियो । यस कार्यक्रमको उद्देश्य आदिवासी समुदायलाई दिगो र लाभदायी कृषि उद्यममा लाग्न उत्प्रेरित गर्नु थियो । एक वर्षका दौरानमा यस कार्यक्रमका सहभागीको आयस्तामा १/५को अनुपातले वृद्धि भयो ।

कृषि क्षेत्रमा होस् वा अन्यत्र जुन सुकै क्षेत्रमा, तालिमले स्थानीय परिप्रेक्ष्यका सीप विकासको आवश्यकतालाई सम्बोधन गर्न सक्नुपर्दछ । अन्तर्राष्ट्रिय श्रम सङ्गठनले तयार पारेको ग्रामीण आर्थिक सशक्तीकरणका लागि तालिम *(Training for Rural Economic Impowerment* –TREE*)* ले संसारका विभिन्न परिवेशमा सफलता पाएको छ । यस कार्यक्रमले बङ्गलादेशका महिलालाई कम्प्युटरको प्रयोग र मर्मतसम्बन्धी तालिम प्रदान गर्दछ । यस पद्धतिका तालिमलाई सहभागीका परिवारका सदस्य, स्थानीय समुदाय तथा साझेदार संस्थाको लैङ्गिक सचेतना अभिवृद्धिसँग आबद्ध गराइएको छ ।

# युवा सीप: @ राम्रो भविष्यका मार्गहरू





युवाहरूको सीप विकासका लागि उपयुक्त कदम चाल्नु अत्यावश्यक भइसकेको छ। यस प्रतिवेदनले सो सन्दर्भमा दश प्रकारका कदमको पहिचान गरेको छ। यी कदमहरूलाई मुलुक विशेषका विशिष्ट परिस्थिति र आवश्यकताअनुरूप परिमार्जन गरेर प्रयोग गर्न सकिन्छ।

## १. आधारभूत सीपको स्तर कम या हुँदै नभएकालाई दोस्रो अवसर शिक्षा प्रदान गर्ने

निम्न तथा निम्न मध्यम आय समूहमा मुलुकका प्राथमिक शिक्षा पूरा नगरेका २०० मिलियन युवाहरूलाई दोस्रो अवसर शिक्षा प्रदान गर्न प्रभावकारी समन्वय र पर्याप्त लगानीका व्यापक कार्यक्रमको आवश्यकता पर्दछ। आधारभूत सीपको अभाव रहेका युवाहरूको सङ्ख्या उल्लेख्य रूपमा घटाउने उद्देश्यका साथ तर्जुमा गरिएका शिक्षाका रणनीतिक योजनामा सरकारले दातृ निकायहरूका सहयोगमा नीतिगत प्राथमिमता प्रदान गर्नुपर्दछ। दोस्रो अवसर शिक्षाको आवश्यकता रहेका युवाहरूको सङ्ख्याको अनुपातमा वित्तीय स्रोतको आँकलन गरी सोहीअनुरूप बजेटको विनियोजन गर्नु पर्दछ।



© Sven Torfinn/P ANOS

## २. निम्न माध्यमिक शिक्षामा पहुँचको बाधा अड्चन फुकाउनुपर्ने

आधारभूत सीपको अभाव रहेका युवाहरूको सङ्ख्या ठूलो रहेका मुलुकले सामाजिक आर्थिक रूपले पछाडि परेका धेरै बालबालिकालाई माध्यमिक तहसम्मका शिक्षाका अवसरका बाधक तत्वहरूको पहिचान गरी तिनको निराकरणका प्रयास थाल्नु जरुरी छ। विद्यालय शुल्क मिनाहा तथा आर्थिक सहयोगका लाक्षित कार्यक्रम, निम्न माध्यमिक र प्राथमिक शिक्षालाई आबद्ध गराउने, सबै बालबालिकाका लागि प्रमुख सीप सुनिश्चित गर्ने साझा पाठ्यक्रम तथा घटीमा निम्न माध्यमिक तहसम्मको शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न पर्याप्त सङ्ख्यामा विद्यालयको व्यवस्था आदि यस प्रयोजनका प्रमुख तत्व हुन्।

सन् २०३० सम्म सर्व स्वीकार्य गुणस्तरको सर्वव्यापी निम्न माध्यमिक शिक्षा हासिल गर्ने विश्वव्यापी लक्ष्य निधारण गरिनुपर्दछ। यो उद्देश्य प्राप्तिका लागि चाहिने स्रोत तथा रणनीतिको पहिचान गरेर दीर्घकालीन शिक्षा योजना तयार पारिनुपर्दछ।

## ३. उच्च माध्यमिक शिक्षामा सामाजिक आर्थिक रूपले पिछडिएका समुदायको पहुँच बढाउने र शिक्षालाई कामसँग सान्दर्भिक गराउने

उच्च माध्यमिक शिक्षाले श्रम बजारका आवश्यकतासँग तादात्म्य राख्न सक्नुपर्दछ।

पहिलो: उच्च माध्यमिक शिक्षाले प्राविधिक–व्यावसायिक तथा साधारण शिक्षामा पर्याप्त सन्तुलन र कार्यस्थलका आवश्यकतासँग आबद्ध गराई विषयहरूको छनोटमा प्रशस्त लचकता प्रदान गर्नुपर्दछ ।

दोस्रो: माध्यमिक शिक्षाका पाठ्यक्रम सुधारका प्रयासले सिकारुमा समस्या समाधानका क्षमता तथा प्रविधिमा आश्रित हुँदै गएको श्रम बजारका लागि आवश्यक पर्ने सूचना तथा सञ्चार प्रविधिको सीपको विकासमा ध्यान केन्द्रित गर्नु आवश्यक छ ।

तेस्रो: माध्यमिक शिक्षा छोड्न सक्ने जोखिमयुक्त विद्यार्थीका लागि लचकतापूर्ण अवसर प्रदान गर्नुपर्दछ । सामाजिक आर्थिक रूपले पिछडिएका समुदायका युवाहरूको सिकाइ आवश्यकताको सम्बोधन गर्न दूर शिक्षा केन्द्रहरूको स्थापना गर्न सकिन्छ । कार्यस्थलमा भेदभाव नहोस् भन्नका लागि वैकल्पिक धारबाट हासिल गरिएका सीपलाई मान्यता प्रदान गर्ने उचित व्यवस्था हुनुपर्दछ ।



© Jon Yamamoto/UNESCO

## ४. शहरी क्षेत्रका गरिब युवाहरूलाई सीप र राम्रा कामका अवसर प्रदान गर्ने

परम्परागत प्रशिक्षार्थी कामदार पद्धतिमा सुधारका सरकारी प्रयास अगाडि बढाइनुपर्दछ, प्रशिक्षार्थी कामदारका काम गर्ने अवस्थामा सुधार ल्याइनुपर्दछ र उनीहरूले हासिल गरेका सीपलाई राष्ट्रिय योग्यता ढाँचाबाट मान्यता प्रदान गरिने कुरा सुनिश्चित गरिनुपर्दछ । यस्ता प्रावधानबाट परम्परागत कामले वैधानिकता पनि प्राप्त गर्छ । यस पद्धतिबाट हासिल सीप व्यवसाय तथा उद्योगद्वारा अपेक्षित स्तरीयताको कसौटीमा खरो उत्रन सक्छन् भन्ने तथ्यलाई स्थापित गर्दछ । यसो भएपछि प्रशिक्षार्थी कामदारहरूको राम्रो आमदानी हुने काममा पहुँच पाउनेछन् ।

उद्यमी बन्न चाहने युवाहरूलाई तालिम प्रदान गर्ने रणनीति भएर मात्र पुग्दैन, तिनलाई उद्यमको थालनी गर्न आवश्यक पर्ने रकम उपलब्ध हुने उपाय सुनिश्चित गरेर सीपको सफलतापूर्वक प्रयोग गर्नमा मदत गर्नु पनि त्यत्तिकै जरुरी छ ।

## ५. पिछडिएका ग्रामीण युवाहरूमा नीति तथा कार्यक्रम लक्षित हुनुपर्दछ

धेरै ग्रामीण युवाहरूलाई आधारभूत सीप हासिल गर्न दोस्रो अवसरको आवश्यकता पर्दछ । यस्तो दोस्रो अवसर शिक्षाले ती युवाहरूको उत्पादकत्व बढाउन आधारभूत सीपका साथै कृषिसम्बन्धी नयाँ प्रविधिबारे जानकारी प्रदान गर्नु आवश्यक छ । किसानहरूका स्थानीय आवश्कताअनुरूप तय गरिएका पाठ्य विषयमा कृषि विद्यालयबाट (farmer field school) सहकारीमार्फत प्रदान गरिने तालिम सफल देखिएका छन् । कतिपय ग्रामीण युवाहरू कृषि इतर क्षेत्रमा पनि संलग्न भएका हुन्छन् । अत: उद्यम तथा आर्थिक व्यवस्थापन विषयक तालिमले तिनका सम्भावनालाई अझ व्यापकता प्रदान गर्न सक्छन् । कृषिका लागि चाहिने भूमि सीमित हुँदै गएको आजको परिस्थितिमा युवाहरूको सम्भावना बढाएर ग्रामीण क्षेत्रमा कायम राख्नुको सान्दर्भिकता अझ बढेको छ ।

## ६. धेरै गरिब युवकहरूलाई प्रदान गरिने सीप विकासका कार्यक्रमसँग सामाजिक सुरक्षाका प्रावधान आबद्ध गराउने

तालिमसँग सामाजिक सुरक्षाका प्रावधान आबद्ध गराउन सकियो

भने गरिब युवाहरूका गरिबीका माखेसाङ्ला काट्न सहज हुन्छ। आधारभूत साक्षरता, गणितीय सीप लगायत जनजीविकाको सीपसम्बन्धी तालिमका साथै उत्पादकत्व वृद्धिका साधनसमेत उपलब्ध गराउँदा तालिमको उपादेयता अझ बढ्छ।

## ७. सामाजिक आर्थिक रूपले पछाडि परेका महिलाको तालिम आवश्यकतालाई प्राथमिकता प्रदान गर्ने

महिलाहरूलाई पछाडि पार्ने कारणको निराकरणमा लक्षित कार्यक्रम प्रभावकारी हुन्छन्। पिछडिएका महिलाहरूलाई लघुवित्त तथा जीविकाको साधन उपलब्ध गराई तिनको दक्ष प्रयोगद्वारा अधिकतम आम्दानी लिन सक्ने सीपसम्बन्धी तालिम प्रदान गरी आफ्नै उत्पादन नभएसम्मका लागि छात्रवृत्ति प्रदान गर्न सकिन्छ। यसबाट त्यस्ता महिलाहरूमा उपलब्ध स्रोतमाथि पूर्ण नियन्त्रण कायम राखी आफ्नो र परिवारको हित हुने हिसाबले परिचालन गर्ने क्षमता बढ्दछ।



© Sven Torfinn/P ANOS

## ८. युवाहरूका अवसर वृद्धिका लागि प्रविधिको अधिकतम प्रयोग

सूचना तथा सञ्चार प्रविधिको अधिकतम प्रयोग गरेर तालिमे युवाहरूको ठूलो जमातलाई एकसाथ तालिम प्रदान गर्न सकिन्छ। रेडियो जस्ता आधारभूत प्रविधिले पनि खास गरी दुर्गम क्षेत्रका युवाको सीप विकासको तालिममा पहुँच बढाउन महत्वपूर्ण योगदान दिन्छ। यस्ता प्रविधिलाई युवाहरूको तालिमका अवसर बढाउनमा प्रयोग गर्न सकिन्छ।

## ९. सीप वृद्धिका कार्यक्रमको तथ्याङ्क सङ्कलन र समन्वयको सुदृढीकरणद्वारा यो जनामा सुधार

विभिन्न किसिमका सीप विकास कार्यक्रम र तिनका सहयोगी क्रियाकलापमा संलग्न सबै पक्षहरूबीच सुदृढ समन्वय कायम गरी तिनका प्रयासलाई पिछडिएका युवाहरूको सीप वृद्धिमा केन्द्रित गराउने राष्ट्रिय प्राथमिकता सुनिश्चित गर्न राजनीतिक नेतृत्वको भूमिका अहम् हुन्छ। यसो गर्नाले सम्भावित दोहोरोपना तथा खण्डीकरणमा कमी आई कार्यक्रमको प्रभावोत्पादकतामा वृद्धि र पहुँचमा समन्यायिकता सुनिश्चित हुन्छ।

सीप विकास कार्यक्रममा पहुँचको सर्वसुलभताको अनुगमन गर्न र योजना तर्जुमा गर्न सरकार तथा अन्तर्राष्ट्रिय समुदायलाई धेरै खाले र विश्वसनीय तथ्याङ्कको आवश्यकता पर्दछ। युनस्कोको तथ्याङ्क शाखामा निम्न माध्यमिक तथा माध्यमिक शिक्षासम्बन्धी धेरैखाले र विश्वसनीय तथ्याङ्क पठाउनुपर्छ। त्यस्ता तथ्याङ्कमा पढाइ छोड्ने, पूरा गर्ने, प्राज्ञिक तथा व्यावसायिक-प्राविधिक विषयमा उपलब्ध छनोटका विकल्प तथा लैङ्गिक हिसाबले विषय चयनका स्थितिको विश्लेषणका लागि आवश्यक पर्ने सबै खाले सूचना पर्दछन्।

औपचारिक शिक्षालगायत सीप विकासका दोस्रो अवसर, परम्परागत प्रशिक्षार्थी कामदार तथा यस्ता कार्यक्रमको श्रम बजारसँगको सम्बन्ध आदिको विश्लेषणका लागि पनि सबै क्षेत्रका सूचनाको आवश्यकता पर्दछ। राष्ट्रिय सरकारबाट यस्ता तथ्याङ्क उपलब्ध गरी तिनको विश्लेषण र नतिजा प्रसारण गर्ने काम विज्ञता र जिम्मेवारीका हिसाबले अन्तर्राष्ट्रिय श्रम सङ्गठनले गर्न सक्छ। अन्तर्राष्ट्रिय समुदायले युवा तथा प्रौढहरूले प्राप्त गरेका विभिन्न खाले सीपको प्रणालीगत मूल्याङ्कन गर्नुपर्दछ।

योजना तर्जुमा गर्दा सामाजिक आर्थिक रूपले पिछडिएका युवालाई सहभागी गराउन सकियो भने तिनले भोगिरहेका समस्याको पहिचान र सोको निराकरणका उपायको खोजी अझ सुगम हुनेछ। कार्यस्थलका आवश्यकतासँग सीप विकासका कार्यक्रमको सान्दर्भिकता सुदृढ गराउन सरकारले उद्योग व्यवसायी तथा श्रम सङ्गठनहरूसँग निकटतम सम्पर्कमा रहेर कार्य गर्नु जरुरी छ।

## १०. पिछडिएका युवाहरूका लागि सीप विकासमा समर्पित थप स्रोतको परिचालन

सबै युवाहरूका लागि शिक्षाको आधारशिला सुदृढ गराउन र घटीमा निम्न माध्यमिक तहसम्मको शिक्षालाई निरन्तरता प्रदान गर्न निम्न आय समूहका मुलुकहरूमा थप आर्थिक स्रोतको आवश्यकता रहन्छ। दोस्रो अवसर शिक्षाको दायरामा विस्तारका प्रयासलाई सघाउन राष्ट्रिय सरकार तथा दातृ समुदायले नयाँ आर्थिक स्रोतको खोजीमा अझ तीव्रता ल्याउनु आवश्यक छ। हाल सबै बालबालिकालाई निम्न माध्यमिक शिक्षा पूरा गराउन ८ बिलियिन अमेरिकी डलर लाग्ने अनुमान छ। त्यसका लागि दातृ राष्ट्रहरूले विकासशील मुलुकका विद्यार्थीलाई छात्रवृत्तिमा पढाउन आफ्ना मुलुकसम्म ल्याँदा लाग्ने ३.१ बिलियन खर्चको केही भाग विकासशील राष्ट्रहरूलाई नै उपलब्ध गराएमा यस प्रयोजनमा ठूलो सहयोग मिल्न सक्छ।

निजी संस्थाले पनि आफ्ना फाउन्डेसनमार्फत कमजोर तप्काका युवाहरूको सीप विकास कार्यक्रममा मदत गर्न सक्छन्। तर यस्ता सहयोगको राष्ट्रिय प्राथमिकतासँग राम्रो संयोजन हुनुपर्छ र सहयोग राशीको आयतनमा पनि उल्लेख्य वृद्धि हुनु जरुरी छ। दाता, सरकार तथा निजी क्षेत्रबाट प्राप्त सबै स्रोतको संयुक्त कोष खडा गरी सोको परिचालन गर्दा अनौपचारिक क्षेत्र लगायतका कमजोर तप्काका युवाहरूसम्मको पहुँचमा बढी प्रभावकारिता आउन सक्छ। सरकार, दातृ निकाय, निजी संस्था, श्रम सङ्गठन, युवा समुदाय तथा यसमा रुचि राख्ने अन्य सबै खाले सरोकारवालाबीच समन्वय कायम गर्न सके यस्तो संयुक्त कोष थप स्रोत जुटाउन अझ प्रभावकारी हुन सक्छन्।

## अनुवादकको भनाइ

युनेस्को पेरिसबाट प्रकाशित *सबैका लागि शिक्षाको विश्वव्यापी अनुगमन प्रतिवेदन* -२०१२ "युवा र सीप : शिक्षा र कामको आबद्धता" नामक प्रतिवेदन अङ्ग्रेजी भाषामा प्रकाशित छ । नेपाली पाठकहरुको सजिलोका लागि युनेस्को काठमाडौँको अनुरोधमा यस पुस्तकको सारांशलाई नेपाली भाषामा भावानुवाद गरिएको हो । भावानुवाद गर्दा प्रस्तुत अभिव्यक्तिको यथार्थ अनुवाद होस् भन्ने यथासम्भव प्रयास गरिएको छ ।

*सबैका लागि शिक्षाको विश्वव्यापी अनुगमन प्रतिवेदन* -२०१२ "युवा र सीप : शिक्षा र कामको आबद्धता" को नेपाली भाषामा रूपान्तरण गर्ने अवसर प्रदान गरेकोमा हामी युनेस्को काठमाडौँका प्रमुख श्री एक्सेल प्लाथे तथा शिक्षा शाखा प्रमुख श्री तपराज पन्तज्यूप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छौं ।

भवदीय:

टेकेन्द्रबहादुर कार्की

दिवाकर ढुङ्गेल

# युवा र सीप
## शिक्षा र कामको आबद्धता

सबैका लागि शिक्षाको विश्वव्यापी अनुगमनको यो दशौं संस्करणको महत्व सबै युवाहरूको प्रगति र समृद्धिका लागि आवश्यक सीप कुन हदसम्म प्राप्त हुन सक्यो भन्ने विषयको सुनिश्चिततामा निहित छ । यस प्रतिवेदनले विश्वभर २०० मिलियन युवाहरू आफ्नो जीवनका लागि आवश्यक सीप नसिकीकनै विद्यालयबाट बाहिरिने तथ्यको उजागर गरेको छ । शहरका गरिब बस्ती तथा दुर्गम क्षेत्रमा बस्ने धेरै युवाहरू, खास गरी महिलाहरू, बेरोजगार अवस्थामा वा अत्यन्त कम ज्यालामा काम गर्न बाध्य छन् । तिनमा निहित क्षमताको पूर्ण विकासका लागि दोस्रो अवसर शिक्षाको आवश्यकता छ ।

युवा र सीपः शिक्षालाई कामको अवसरसँग आबद्ध गराउने कुराले युवाहरूलाई जीवनको राम्रो सुरुआत गर्न र आत्मविश्वासका साथ कामका जगतको स्वागत गर्न सक्ने तुल्याउनमा सरकारहरूले  कस्तो भूमिका खेल्न सक्छ भन्ने सबालमा प्रकाश पारेको छ । यस प्रतिवेदनले सबैका लागि शिक्षाका उद्देश्य प्राप्तिका सन्दर्भमा वर्तमान वस्तुस्थितिको लेखाजोखा प्रस्तुत गरेको छ र सरकार, दातृ समुदाय तथा निजी संस्थाहरूले यी उद्देश्य प्प्तिका लागि चाहिने नयाँ आर्थिक स्रोत जुटाउनमा खेल्न सक्ने भूमिकाको पहिचान पनि गरेको छ ।

यस प्रतिवेदनले २०० भन्दा बढी मुलुक र प्राधिकार क्षेत्रका सबैका लागि शिक्षाका ६ ओटै लक्ष्यको अनुगमन गरेको छ । यस क्रममा आज ती लक्ष्य प्राप्तिका लागि अन्तिम जोड लगाइसक्नुपर्ने समय सीमा अर्थात् २०१५ अत्यन्त निकट आइसक्दा समेत कतिपय मुलुकमा प्रगति अवरुद्ध रहेको देखिएको छ ।

नीति निर्माता, विकास विज्ञ, अनुसन्धाता, सञ्चार माध्यम तथा शिक्षाका शक्तिको प्रयोग गरेर अझ समुन्नत र समन्यायिक विश्व निर्माण गर्न चाहने जोसुकैका लागि तथ्यमा आधारित विश्लेषणयुक्त यो प्रतिवेदन एउटा अपरिहार्य औजारका रूपमा प्रस्तुत छ ।

*म कार्यशालामा कम्प्युटर मर्मत गर्ने तरिका सिक्न जान्छु । त्यहाँ म अध्ययन गर्छु, अभ्यास गर्छु र प्रमाणपत्र हासिल भएपछि राम्ररी काम गर्न सक्ने हुन्छु । त्यहाँ सैद्धान्तिक ज्ञान मात्र होइन, चाहिने पार्टपुर्जाहरू जोडेर सिङ्गो कम्प्युटर निर्माण गर्न र मर्मत गर्न पनि सिक्छु ।*

– भियतनामी युवक

*मलाई व्यवसायमा मार्गनिर्देश गर्ने र राम्रो जानकारी दिने कुनै सुशिक्षित मानिस फेला परे हुन्थ्यो भन्ने मेरो चाहना छ । कसैले काम थाल्ने सम्भावना र व्यवसायका सीप प्रदान गऱ्यो भने, मलाई थाहा छ,, म उद्देश्य हासिल गर्न सक्छु ।*

–इथियोपीयाली युवती

*विद्यार्थीले कलेज तथा विद्यालयमा धेरै मेहनत गर्नुपर्दछ । कामको अनुभवका लागि एक दिनको फुर्सदले पुग्दैन । दुई दिनको पढाइ र तीन दिनको काम । सन्तुलन मिलाइएको हुन्छ । यसरी तपाइँ विद्यालयबाट सिक्नुपर्ने कुरा सिक्दै र सँगसँगै कामको अनुभव पनि बटुल्दै जानुहुन्छ ।*

संयुक्त अधिराज्यकी युवती

*शिक्षाको अभावका कारण हामी काम पनि पाउँदैनौं र जीवनमा सुधार पनि ल्याउन सक्दैनौं । हाम्रो उन्नतिको कुनै बाटो छैन ।*

–भारतीय युवक

*शिक्षा हासिल नगरिसकेको भए पनि मलाई अझै अवसरको खाँचो छ । हामी काम गर्न चाहन्छौँ र देशका लागि केही दिन चाहन्छौँ ।*

–इजिप्टकी युवती

*ठूलो मान्छे हुन चाहने हो भने मैले अध्यन जारी राख्नुपर्छ, तर आर्थिक अभावका कारण म त्यसो गर्न सक्दिनँ । त्यसकारण अरुका लागि अभिशाप हुनुभन्दा पढाइ नै छोड्न चाहन्छु र धेरै कुराहरूका लागि पैसा तिर्न पनि चाहन्छु । तर काम पाइँदैन । मैले पढाइलाई कसरी निरन्तर राख्ने ?*

-मेक्सिकन युवक

UNESCO Publishing

United Nations
Educational, Scientific and
Cultural Organization

EDUCATION FOR ALL GLOBAL MONITORING REPORT

9 789231 042409

www.unesco.org/publishing
www.efareport.unesco.org